योग्यता
निष्पक्षता
स्वच्छता
समावेशीता

# चौथो वार्षिक प्रतिवेदन

प्रतिवेदन अवधि

आर्थिक वर्ष २०७९/८०

(२०७९ साउन १ - २०८० असार मसान्त)

प्रकाशक

**प्रदेश लोक सेवा आयोग**

कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर, नेपाल

**सम्पर्क**
प्रदेश लोक सेवा आयोग

**ठेगाना**
विराटनगर म.न.पा.-४, खार्जी, मोरङ, नेपाल

**टेलिफोन**
००-९७७-०२१-४२२०७७(माननीय अध्यक्षज्यू)
००-९७७-०२१-४२२०७६ (माननीय सदस्यज्यूहरू)
००-९७७-०२१-४२२०७८(सचिव)
००-९७७-०२१-४२२०७५ (कार्यालय)

**इमेल**
koshipsc@gmail.com

**वेवसाईट**
http://psc.koshi.gov.np

**मुद्रक**
गजुरमुखी प्रिन्टर्स, विराटनगर-११

नेपालको संविधानको धारा २४४ बमोजिम स्थापित प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष प्रस्तुत गरिएको चौथो वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा प्रदेश लोक सेवा आयोगका २०७९ साउन १ देखि २०८० असार मसान्तसम्मका गतिविधिहरू समावेश गरिएका छन् ।

# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

मितिः २०८०/०५/२९

**विषयः आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय
कोशी प्रदेश, विराटनगर, नेपाल ।

नेपालको संविधानको धारा २४४ अन्तर्गत स्थापना भएको प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को परिच्छेद ७, दफा ४९ बमोजिम आर्थिक वर्ष २०७९/८० (मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्म) मा सम्पादन गरेका काम-कारवाहीहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

भवदीय,

............................
उत्तम कुमार भट्टराई
अध्यक्ष

............................
टीकादत्त राई
सदस्य

............................
सजना दाहाल
सदस्य

............................
वावुराम खतिवडा
सचिव

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू



उत्तम कुमार भट्टराई
अध्यक्ष



टीकादत्त राई
सदस्य



सजना दाहाल
सदस्य



वावुराम खतिवडा
सचिव

# धन्यवाद ज्ञापन

सार्वजनिक प्रशासनको मेरूदण्डको रूपमा रहेको योग्यता प्रणाली विश्वव्यापी रूपमा स्थापित भइसकेको छ। विश्वका प्रायजसो सबै मुलुकहरूले योग्यता प्रणालीलाई अंङ्किकार गर्दै सार्वजनिक प्रशासनको माध्यमबाट सेवा प्रवाह चुस्त दुरूस्त बनाउने र सुशासनलाई राज्य सञ्चालनको मुख्य कडिको रूपमा प्रयोग गर्दै आइरहेका छन् । वि.सं.२०७२ सालमा नेपालको संविधान जारी भए पश्चात् तीन तहको सरकार निर्माण भएका छन् । तीन तहका सरकार मध्ये प्रदेश तथा स्थानीय तहलाई आवश्यक पर्ने जनशक्ति आपूर्ति गर्ने जिम्मेवारी प्रदेश लोक सेवा आयोग ऐन,२०७६ बमोजिम गठन भएको यस आयोगलाई प्राप्त छ । यो जिम्मेवारी पुरा गर्न सार्वजनिक प्रशासनका स्वच्छता, निष्पक्षता, पारदर्शिता, प्रतिस्पर्धा जस्ता मूल मान्यता र सिद्धान्तमा रही योग्यता प्रणालीका आधारमा प्रदेश र स्थानीय तहतर्फ योग्य एवम् दक्ष जनशक्ति छनौट गर्ने उद्देश्य अनुरूप कार्यरत यस प्रदेश लोक सेवा आयोगले आफ्नो चौथो वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको अवसरमा हामी गौरवान्वित भएका छौं ।

सुशासनयुक्त सार्वजनिक प्रशासनको माध्यमबाट मुलुकका सम्पूर्ण जनता र दुरदराजमा रहेका अति विपन्न अवस्थाका नागरिकहरूको समेत घर दैलोसम्म सेवा प्रवाह गर्ने सरकारको उद्देश्य प्राप्तिका लागि योग्य, दक्ष, सक्षम र उपयुक्त जनशक्तिको खोजी गर्दै प्रदेश र स्थानीय तहका लागि उम्मेद्वारको छनौट गरी नियुक्तिका लागि सिफारिस गर्नु प्रदेश लोक सेवा आयोग प्रमुखको दायित्व हो । स्थानीय तहका लागि स्थापना कालदेखि नै यस आयोगबाट पदपूर्ति हुँदै आएको भएता पनि आयोग स्थापनाको तेस्रो बर्षमा मात्र प्रदेश सरकारका मन्त्रालयहरूबाट माग भई आए बमोजिम यस प्रतिवेदन अवधिदेखि प्रदेश निजामती सेवामासमेत पदपूर्तिको प्रक्रिया अघि बढेको छ ।

आयोगबाट सञ्चालन र सम्पादन हुने विविध कार्यहरूमा सरोकारवाला सम्बन्धित सबैको साथ, सहयोग र समर्थन अपरिहार्य छ । आ.व.२०७९/०८० को यो चौथो बार्षिक प्रतिवेदन अवधिमा आयोगको कार्य सम्पादनमा प्रदेश सरकारका मा. मुख्यमन्त्रीज्यू, मा. मन्त्रीज्यूहरू, प्रमुख सचिवज्यू, प्रदेश मन्त्रालय एवम् योजना आयोगका सचिवज्यूहरू लगायत सम्पूर्ण पक्षबाट आयोगलाई आवश्यक साधन स्रोत जनशक्ति समेतको व्यवस्थापनमा पुर्याउनु भएको सहयोगप्रति आयोग हार्दिक आभार प्रकट गर्दछ ।

आयोगलाई परीक्षा संचालनको क्रममा आवश्यक पर्ने पाठ्यक्रम तथा प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, लगायतका कार्यमा सहयोग पुर्याउनु हुने दक्ष एवं विज्ञहरू, परीक्षा भवन उपलब्ध गराउने विद्यालय तथा कलेजहरू र परीक्षामा संलग्न कर्मचारी, सुरक्षाकर्मी लगायत सम्पूर्ण सहयोगी महानुभावहरू प्रति आयोग हार्दिक आभार प्रकट गर्दछ । साथै कार्यालय सुरक्षा व्यवस्थाका लागि प्रहरी खटाइ सुरक्षाको जिम्मा लिने प्रदेश तथा जिल्ला प्रहरीको नेतृत्वप्रति पनि आयोग आभारी छ ।

अन्त्यमा यो चौथो बार्षिक प्रतिवेदन तयारी कार्यमा खटिनु भएका आयोगका सचिवज्यू तथा कर्मचारी मित्रहरूप्रति आयोग हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छ ।

# ऐतिहासिक घटनाक्रम

**२०७२/०६/०३**
नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमाप्रदेश लोक सेवा आयोग रहने व्यवस्था

**२०७६/०५/१७**
प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी

**२०७६/१०/०९**
प्रदेश लोक सेवा आयोगको गठन, पदाधिकारीको शपथ र आयोगको स्थापना

**२०७६/११/०१**
प्रदेश लोक सेवा आयोगको भाँडामा लिइएको भवनमाकार्यालय स्थापना

**२०७७/३/२९**
प्रदेश लोक सेवा आयोग नियमावली २०७७ जारी

**२०७७/१२/३०**
प्रदेश लोक सेवा आयोगले पहिलो विज्ञापन प्रकाशन गरी पदपूर्तिको प्रक्रियाको सुरुवात

**२०७८/०४/२९**
प्रदेश लोक सेवा आयोगले प्रथम पटक लिखित परीक्षा सञ्चालन

**२०७८/०९/०६**
प्रदेश लोक सेवा आयोगबाट प्रथम पटक उम्मेदवार सिफारिस

**२०७९/०३/०९**
प्रदेश लोक सेवा आयोगको प्रतिक चिन्ह (Logo) पारित गरी प्रयोगमा ल्याइएको

**२०७९/०५/१५**
प्रदेश लोक सेवा आयोगमा आफ्नै पूर्वाधार विकास गरी OMR प्रविधिबाट नतिजा

**२०८०/०३/११**
प्रदेश निजामती सेवा ऐन, २०७९ जारी भए पश्चात प्रदेश निजामती सेवातर्फको प्रथम पटक विज्ञापन प्रकाशन

# कार्यकारी सारांश

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग स्थापना गर्ने संवैधानिक व्यवस्था भए बमोजिम कोशी प्रदेशको प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङगठित संस्थाको सेवा, प्रदेश प्रहरी सेवा तथा स्थानीय सरकारी सेवा र स्थानीय सङगठित संस्थाको पदमा उपयुक्त कर्मचारी छनौट गर्न परीक्षा संचालन गरी सिफारिस गर्न तथा कानूनले तोके बमोजिमका परामर्श उपलब्ध गराउने उद्देश्यसहित कोशी प्रदेशको प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन,२०७६ तर्जुमा भई वि.सं.२०७६ साल माघ ९ गते  प्रदेश लोक सेवा आयोग गठन भएर संचालनमा रहेको छ ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ को उपदफा (१) बमोजिम आयोगले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख ज्यू समक्ष पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम आयोगले स्थापनाकालदेखि नै हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख ज्यू समक्ष पेश गर्ने गरेको छ । यसैको निरन्तरता स्वरूप आ.व. २०७९/८० मा आयोगबाट सम्पन्न भएका क्रियाकलापहरू तथ्याङ्कगत रूपमा उल्लेख गरी चौथो वार्षिक प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनका सार संक्षेप देहाय बमोजिम प्रस्तुत गरिएको छः

## आयोगको कार्य सम्पादनका आधार

नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र सो को नियमावली तथा लोक सेवा आयोग सम्बन्धमा नेपालमा स्थापित सिद्धान्त र मूल्य मान्यताहरू प्रदेश लोक सेवा आयोग सम्बन्धी प्रमुख नीतिगत आधारको रूपमा रहेको छ ।

आयोगको काम कारवाही सञ्चालनका लागि प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम अध्यक्षसहित ३ सदस्यीय आयोगको गठन गरिएको छ । आयोगको सचिवको कार्य गर्ने गरी राजपत्राङ्कित प्रथम श्रेणीका सह-सचिव (प्रदेश सचिव) प्रशासनिक प्रमुख रहने तथा प्रदेश सचिव मातहत महाशाखाहरू र सो अन्तरगत विभिन्न शाखाहरू रहने गरी कार्य सञ्चालनको व्यवस्था गरिएको छ ।

योगयता, निष्पक्षता, स्वच्छता र समावेशीताका मूल मान्यतालाई आत्मसात गर्दै समान अवसर, द्विअन्ध, परिचय शून्यता, असंलग्नता तथा गोपनीयताको सिद्धान्तलाई आयोगद्वारा कार्य सम्पादनको मूल आधारको रूपमा ग्रहण गरिएको छ । आयोगको कार्य प्रकृया (Standard Oprating Procedure) प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ तथा प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ मा निर्धारण तथा विस्तृतीकरण गरिएको छ ।

## प्रशासनिक, भौतिक तथा वित्तीय अवस्था

आयोगका महत्वपूर्ण निर्णय आयोगको बैठकबाट गर्ने गरिएको छ । प्रतिवेदन अवधिमा ५० पटक आयोगको बैठक बसी १६८ वटा निर्णयहरू भएका छन् । आयोगको अस्थायी संगठन संरचना तथा दरबन्दी सालबसाली रूपमा प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम कुल दरबन्दी ३२ जनाको रहेको छ । संवैधानिक परिकल्पना तथा कानूनले प्रदान गरेको कार्य क्षेत्रको पूर्ण रूपमा कार्यान्वयन गर्न विद्यमान दरबन्दी संरचना अपुग भएको कारणले आयोगबाट सङगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी कूल ५६ जनाको दरबन्दी सहितको प्रतिवेदन तयार गरी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गरिएको छ ।

भौतिक पूर्वाधार अन्तर्गत आयोगको कार्यालय विराटनगर म.न.पा., वडा नं. ४, खार्जी स्थित निजी भवनमा भाडामा रहेको छ । साथै सोही भवनमा कार्य सञ्चालनका लागि आवश्यक पूर्वाधार व्यवस्थापन गरिएको छ ।

बजेट व्यवस्थापनतर्फ प्रतिवेदन अवधिमा आयोगको कार्यालयबाट जम्मा रू. ८ करोड ३ लाख ३७ हजार ५ सय ७३ राजश्व संकलन भएको छ, जुन आ.व. २०७८/७९ भन्दा ६६.७% ले बढी हो । साथै वित्तीय प्रगति आ.व. २०७८/७९ को ८०.५५% भन्दा सुधार भई प्रतिवेदन अवधिमा ९२.२९% रहेको छ । बेरूजुतर्फ सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको कर्मचारी समायोजन ग्रेड सम्बन्धी बेरूजु रू ११ लाख २ हजार ७ सय ६८ बाहेक अन्य कुनै पनि बेरूजु रहेको छैन ।

## परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

आयोगद्वारा उपयुक्त उम्मेदवार छनौटका लागि लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता जस्ता परीक्षण प्रविधिको प्रयोग गरिएको छ भने यसलाई थप परिस्कृत बनाउन नवीनतम प्रविधिको अध्ययनसमेत भइरहेको छ ।

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा समूह र तहहरूको शैक्षिक योग्यता सम्बन्धमा द्विविधा निवारणका लागि प्रतिवेदन अवधिमा ७ वटा सहित कुल १२ वटा निर्णयहरू भएका छन् ।

प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवातर्फ २४ र स्थानीय सरकारी सेवातर्फ २४ वाट पाठ्यक्रम निर्माण तथा अध्यावधिक गरिएको छ भने जम्मा ७२ वटा पाठ्यक्रम निर्माण भएका छन् । साथै प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका समान पदका लागि संयुक्त पाठ्यक्रम तयार गरिएको छ ।

## विज्ञापन तथा दरखास्त

आयोगको आ.व. २०७९/८० को वार्षिक कार्यतालिका बमोजिम स्थानीय तहहरूबाट विभिन्न सेवातर्फ माग भई आएका पद संख्याहरूको प्रतिशत निर्धारण गरिएको छ । यसरी स्थानीय सरकारी सेवातर्फ

प्रतिशत निर्धारण गरिएको कूल १५०३ पद मध्ये खुला तथा समावेशीतर्फको ११२५ र आन्तरिक प्रतियोगितातर्फको ८७ पदका लागि विज्ञापन प्रकाशन गरिएको छ भने कानून अभावमा कार्यक्षमता मूल्याङ्कन र जेष्ठता तथा कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको विज्ञापन हुन सकेको छैन ।

प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा ऐन, २०७९ (प्रथम संशोधन) जारी भएकोले प्रथम पटक प्रदेश निजामती सेवातर्फको अधिकृतस्तर सातौं र आठौं तहका कूल २८२ पदहरूको प्रतिशत निर्धारण भई विज्ञापन गरिएको छ । यसरी आयोगबाट भएको कुल विज्ञापनहरूमा स्थानीय सरकारी सेवातर्फको १,३५,१३१ र प्रदेश निजामती सेवा तर्फको १०,९३८ गरी कुल १,४६,०६९ उम्मेदवारहरूले दरखास्त पेश गरेका छन् । शैक्षिक योग्यता नपुगेको, उमेर नपुगेको तथा बढी भएको, तोकिएको अनुभव प्राप्त नगरेको एवं आवश्यक कागजात पेश नगरेको लगायतका कारणले १.३८% उम्मेदवारहरूको दरखास्त अस्वीकृत भएको छ ।

आ.व. २०७८/७९ मा स्वीकृत भएका दरखास्तको तुलनामा ७१.८% ले वृद्धि भई प्रतिवेदन अवधिमा कुल स्वीकृत दरखास्त २,३०,०२९ पुगेको छ भने सो मध्ये महिलाबाट पेश भएको दरखास्त ५४.५५% रहेको छ । पद अनुसारको स्वीकृत दरखास्त विश्लेषण गर्दा प्रतिपद औसत दरखास्त ११० रहेको छ । भौगोलिक क्षेत्र अनुसार सबभन्दा बढी तराई (५२.८७%) क्षेत्रबाट दरखास्त पेश भएको छ । प्रदेशगत रूपमा कोशी प्रदेशबाट सबभन्दा बढी (३९.१%) दरखास्त स्वीकृत भए पनि आ.व. २०७८/७९ भन्दा करीब ७% ले कमी आएको देखिन्छ । जिल्लागत रूपमा आयोगको कार्यालय रहेको मोरङ्ग जिल्लाबाट सबभन्दा बढी (७.३%) दरखास्त स्वीकृत भएको छ । दरखास्त पेश गरेका उम्मेदवारहरू अधिकांश (८३.५८%) बेरोजगार रहेको देखिन्छ । तर अधिकृतस्तरको पदमा आवेदन दिने उम्मेदवार मध्ये करीब २५% सरकारी सेवामा बहाल रहेको तथ्याङ्क प्राप्त भएको छ ।

## परीक्षा, परीक्षण तथा लिखित नतिजा

प्रतिवेदन अवधिमा लिखित परीक्षा सञ्चालनका लागि ३६० सेट कच्चा प्रश्न पत्र निर्माण गरी नियमानुसार परिमार्जित प्रश्न पत्रको सेट तयार गरिएको छ । यस अवधिमा आ.व. २०७८/७९ को ३२२ र आ.व. २०७९/८० को १००३ गरी जम्मा १३२५ माग पदका लागि लिखित परीक्षा सञ्चालन गरिएको छ ।

परीक्षाको पाठ्यक्रमले निर्धारण गरे अनुसारको प्रथम चरणको लिखित परीक्षा ७ वटा विज्ञापनहरूका लागि स्वीकृत भएका ४४,९८३ दरखास्त मध्ये करीब ४४% उम्मेदवार परीक्षामा सहभागी भएका छैनन् भने द्वितीय र एकै चरणको लिखित परीक्षा हुने परीक्षाहरूमा कुल १,०६,७०६ उम्मेदवारहरू मध्ये पनि अनुपस्थिति दर ४२.५५% रहेको छ ।

प्रतिवेदन अवधिमा लिखित परीक्षाको जम्मा ६३,४२७ उतरपुस्तिकाहरूको परीक्षण सम्पन्न गरिएको छ भने ८९,७६४ उत्तरपुस्तिका परीक्षण कै क्रममा रहेको छ । यस अवधिमा कुल माग पद ५१४ का लागि लिखित परीक्षामा सम्मिलित २८,७७७ उम्मेदवारहरूको उत्तरपुस्तिका परीक्षण सम्पन्न गरी

२५२४ जना छनौट/उत्तीर्ण भएको नतिजा प्रकाशन गरिएको छ ।

## अन्तर्वार्ता तथा सिफारिस

आ.व. २०७९/८० मा आयोगबाट जम्मा २४ वटा विज्ञापनको अन्तिम नतिजा प्रकाशन गरी माग पद संख्या ४४० का लागि ४०९ जना उम्मेदवार सिफारिस गरिएको छ । माग पदभन्दा वि.नं. ३९-४१/०७८-७९ प्रशासन सेवा सा.प्र. र लेखा समूह अधिकृतस्तर छैटौं तहका लागि ७ जना, २५-२९/०७८-७९ प्रशासन सेवा, सा.प्र., लेखा, आ.ले.प. समूह सहायकस्तर पाँचौ तहका लागि १५ जना, ३३-३६/०७८-७९ प्रशासन सेवा, सा.प्र., लेखा समूह सहायकस्तर चौथो तहका लागि ७ जना, वि.नं. ४४/०७८-७९ इन्जिनियरिङ्ग सेवा, सिभिल समूह अधिकृतस्तर छैटौं तहको इन्जिनियर पदका लागि २ जना गरी जम्मा ३१ जना कम सिफारिस भएको अवस्था देखिन्छ ।

कुल सिफारिस ४०९ जना मध्ये सबै समूहतर्फ गरी जम्मा १२५ जना (३०.६%) महिला उम्मेदवारको सिफारिस गरिएको छ । प्रतिवेदन अवधिमा सबभन्दा बढी प्रशासन सेवामा २५६ जना सिफारिस गरिएको छ । भौगोलिक क्षेत्रअनुसार सबभन्दा बढी तराई क्षेत्रबाट (४१.४३%) सिफारिस भएको छ भने प्रदेशगत रूपमा सबभन्दा बढी कोशी प्रदेशबाट (४१.५६%) भएको छ, जुन आ.व. २०७८/७९ भन्दा करीब २३% ले बढी हो । जिल्लागत रूपमा सबभन्दा बढी सिफारिस हुने ५ जिल्लाहरूमा क्रमशः झापा, मोरङ्ग, सुनसरी, धनकुटा र खोटाङ्ग रहेको छ । यस अवधिमा जम्मा ६७ जिल्ला ठेगाना भएका उम्मेदवारहरू कोशी प्रदेशका ८९ स्थानीय तहहरूमा सिफारिस भएका छन् ।

यस अवधिमा आयोगबाट विभिन्न स्थानीय तहको माग बमोजिम जम्मा ४४ जना वैकल्पिक र १० जना अस्थायी उम्मेद्वारसमेत सिफारिस गरिएको छ ।

## समावेशी पदपूर्ति

प्रचलित कानूनमा भएको समावेशी सम्बन्धी व्यवस्था तथा आयोगको मूल सिद्धान्तको रूपमा रहेको समावेशीता अनुरूप आयोगबाट समावेशी समूहहरूतर्फ प्रतिवेदन अवधिमा ४१६ पदका लागि कुल ४२ वटा विज्ञापन प्रकाशन भएको छ । जसमा ९९,१६५ दरखास्त स्वीकृत भएको छ । यस अवधिमा समावेशी समूहतर्फ १०१ जना उम्मेदवार सिफारिस भएकोमा ६२.३८% महिला, २८.७१% आदिवासी जनजाति, ६.९३% मधेशी र १.९८% दलित समूहतर्फ सिफारिस भएका छन् । प्रतिवेदन अवधिमा महिला उम्मेदवारहरूको सिफारिस महिला समूह लगायत आन्तरिक प्रतियोगिता, खुला समूहबाट उल्लेख्य रूपमा भए तापनि मधेशी तथा दलित समूहबाट शून्य रहेको छ ।

## परामर्श तथा उजुरी

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ र १० बमोजिम आयोगको परामर्शदायी भूमिकाको परिभाषा गरिएको छ । जस अनुसार यस प्रतिवेदन अवधिमा आयोगद्वारा सम्बन्धित निकायलाई नीतिगत विषयमा महत्वपूर्ण परामर्श उपलब्ध गराइएको छ । प्रमुख रूपमा यस अवधिमा प्रदेश निजामती सेवा

सम्बन्धी कानूनहरूको मस्यौदामा २ पटक, स्थानीय सरकारी सेवा सम्बन्धी कानूनहरूको मस्यौदामा ३ पटक र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ संशोधनका लागि १ पटक परामर्श प्रदान गरिएको छ । यसका साथै ११६ स्थानीय तहहरूलाई सो स्थानीय तहहरूले तर्जुमा गरेको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधिमा परामर्श दिइएको छ ।

प्रतिवेदन अवधिमा आयोगको परामर्श नलिई कानून विपरीत भएको पदपूर्ति तथा स्तर/तह वृद्धि सम्बन्धी १६ स्थानीय तहहरूको निर्णय प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४५(१) बमोजिम बदरसमेत गरिएको छ ।

आयोगबाट पठाइएको राय तथा परामर्शको पूर्ण रूपमा कार्यान्वयन नहुने र कतिपय अवस्थामा रायसमेत नमागिने अवस्था प्रमुख समस्याको रूपमा देखिएको छ । साथै आयोगको अत्याधिक कार्यबोझ एवं कार्य प्रकृति अनुसारको अपर्याप्त संगठन संरचनाका कारण प्रदेश सरकारका निकाय एवं सबै स्थानीय तहहरूको यस सम्बन्धमा अनुगमन पनि गर्न नसकिनु अन्य समस्याको रूपमा रहेको छ ।

## संस्थागत सुधार र प्रविधिको प्रयोग

आयोगले आफ्नो स्थापना कालदेखि नै निरन्तर सुधारको अवधारणा अनुरूप संस्थागत तथा संरचनागत सुधार गर्दै आइरहेको छ । यसै क्रममा प्रतिवेदन अवधिमा करीब १० हजार वर्ग फिट क्षेत्रफल भएको भवन भाडामा व्यवस्थापन गरी कार्यालय सञ्चालन गरिएको छ । सूचना प्रविधि, मुद्रण, OMR परीक्षण लगायतका पूर्वाधार व्यवस्थित हुँदै गएको छ । दरखास्त प्रणाली व्यवस्थित गर्न Province1 Public Service Recruitment Management System (P1PSRMS) सञ्चालनमा ल्याई नियमित रूपमा मर्मत तथा परिमार्जन गरिएको छ । यसै अवधिमा निगरानी तथा सुरक्षा प्रयोजनका लागि CCTV Camera समेत जडान गरिएको छ । साथै आयोगको पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

## आयोगको निर्णय कार्यान्वयन अवस्था, ध्यानाकर्षण तथा सुझाव

आयोगको कामकारवाही सम्बन्धी महत्वपूर्ण विषयमा आयोगको बैठकबाट निर्णय गरी कार्यान्वयन गर्ने गरिएको छ । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ । आयोगले आफ्नो प्रथम वार्षिक प्रतिवेदनदेखि नै आयोगको कार्यक्षेत्रसंग सम्बन्धित विषयमा ध्यानाकर्षण भएका विषयहरू र सो सम्बन्धी महत्वपूर्ण सुझावहरू उल्लेख गर्दै आइरहेको छ । प्रतिवेदन अवधिमा पनि आयोगको ध्यानाकर्षण भएका विषयहरू उल्लेख गरिएको छ भने सो सम्बन्धमा प्रस्तुत गरिएका सुझावहरू सम्बन्धित निकायबाट कार्यान्वयनको अपेक्षा गरिएको छ ।

# संक्षेपीकरण

अ.स.इ. : असिस्टेन्ट सब-ईन्जिनियर
आ.ज. : आदिवासी जनजाति
अ.न.मी.: अक्जुलरी नर्स मिडवाइफ
अ.हे.व.: असिस्टेन्ट हेल्थ वर्कर
आ.प्र. : आन्तरिक प्रतियोगिता
आ.ले.प. : आन्तरिक लेखा परीक्षण
ईन्जि. : ईन्जिनियरिङ्ग
उ.पु.: उत्तरपुस्तिका
क.अ. : कम्प्यूटर अपरेटर
क.न. : कम्युनिटी नर्सिङ्ग
का.क्ष.मू.: कार्यक्षमताको मूल्याङ्कन
कृ.प्र. : कृषि प्रसार
ज.न. : जनरल नर्सिङ्ग
जे.र का.स.मू.: जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कन
दो.च.: दोस्रो चरण
ना.प.से.प्राः नायव पशु सेवा प्राविधिक
ना.प.स्वा.प्राः नायव पशु स्वास्थ्य प्राविधिक
ना.प्रा.स. : नायब प्राविधिक सहायक
ना.स्वा.प्रा. : नायव स्वास्थ्य प्राविधिक
प.से.प्राः पशु सेवा प्राविधिक
प.हे.न. : पब्लिक हेल्थ नर्स
प.स्वा.प्राः पशु स्वास्थ्य प्राविधिक
पु.: पुरूष
प्र.च.: प्रथम चरण
प्रा.स. : प्राविधिक सहायक
म.: महिला
म.वि.नि. : महिला विकास निरीक्षक
मे.ल्या.टे. : मेडिकल ल्याब टेक्नोलोजी
ल्या.अ. : ल्याब असिस्टेन्ट
ल्या.टे. : ल्याब टेक्निसियन
ला.पो.एण्ड डे.डे. : लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट
लि.प. : लिखित परीक्षा
ले.प. : लेखा परीक्षण
वि.नं. : विज्ञापन नम्बर
शि.प्र. : शिक्षा प्रशासन
स.इ. : सब- इन्जिनियर
स.म.वि.नि. : सहायक महिला विकास निरीक्षक
सा.प्र. : सामान्य प्रशासन
हे.अ.: हेल्थ असिस्टेन्ट
हे.ई. : हेल्थ ईन्सपेक्सन
OMR: Optical Machine Reading or Recognition

# विषय सूची


धन्यवाद ज्ञापन i
ऐतिहासिक घटनाक्रम ii
कार्यकारी सारांश iii
संक्षेपीकरण viii
तालिकाको सूची xii
चित्रको सूची xv

**परिच्छेद १**

**आयोगको परिचय**

१.१ पृष्ठभूमिः १
१.२ आयोगको परिचयः २
१.३ आयोगको गठनः २
१.४ काम, कर्तव्य र अधिकारः २
१.५ प्रतिवेदनः ३

**परिच्छेद २**

**प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनका आधारहरू**

२.१ प्रदेश लोक सेवा आयोग सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था ४
२.२ आयोगको सङ्गठनात्मक संरचनाः ६
२.३ आयोगको प्रमुख कार्यक्षेत्रः ६
२.४ कार्यसम्पादनका सिद्धान्तहरूः ७
२.५ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाहः ९
२.६ कार्यविभाजन र अधिकार प्रत्यायोजनः १४

**परिच्छेद ३**

**प्रशासनिक, भौतिक तथा वित्तीय स्थिति**

३.१ बैठक तथा निर्णयः १५
३.२ आयोगको दरबन्दी र पदपूर्तिः १६
३.३ आयोगको लोगोः १७
३.४ गोष्ठी सम्मेलन तथा क्षमता विकासः १७
३.५ अनुगमन निरीक्षणः १८
३.६ भौतिक पूर्वाधारः १८
३.७ पुस्तकालय सञ्चालनः १९
३.८ बजेट, निकासा र खर्चः १९
३.९ राजस्व र धरौटीः २०
३.१० बेरूजुः २१

## परिच्छेद ४
## परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम


| | | |
|---|---|---|
| ४.१ | परीक्षण प्रविधिः | २२ |
| ४.२ | शैक्षिक योग्यताः | २२ |
| ४.३ | पाठ्यक्रमः | २६ |


## परिच्छेद ५
## विज्ञापन र दरखास्त


| | | |
|---|---|---|
| ५.१ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको दरबन्दी र पदपूर्तिको अवस्थाः | ३२ |
| ५.२ | पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकाः | ३२ |
| ५.३ | प्रतिशत निर्धारणः | ३२ |
| ५.४ | विज्ञापनः | ३५ |
| ५.५ | दरखास्तः | ४० |


## परिच्छेद ६
## परीक्षा, परीक्षण र लिखित नतिजा


| | | |
|---|---|---|
| ६.१ | प्रश्नपत्र निर्माण र परिमार्जनः | ५५ |
| ६.२ | लिखित परीक्षाः | ५५ |
| ६.३ | उत्तरपुस्तिका संकेतीकरणः | ५९ |
| ६.४ | लिखित परीक्षाको नतिजाः | ५९ |


## परिच्छेद ७
## अन्तर्वार्ता तथा सिफारिस


| | | |
|---|---|---|
| ७.१ | अन्तर्वार्ताः | ६६ |
| ७.२ | सिफारिसः | ६८ |
| ७.३ | वैकल्पिक उम्मेदवार सिफारिसः | ८२ |
| ७.४ | अस्थायी उम्मेदवार सिफारिसः | ८४ |


## परिच्छेद ८
## समावेशी पदपूर्ति


| | | |
|---|---|---|
| ८.१ | समावेशी समूहतर्फ विज्ञापन र दरखास्त | ८५ |
| ८.२ | समावेशी समूहतर्फ सिफारिस | ८६ |
| ८.३ | सिफारिसमा महिलाहरूको संख्यात्मक स्थिति | ८६ |


## परिच्छेद ९
## परामर्श र उजुरी


| | | |
|---|---|---|
| ९.१ | कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा परामर्श | ८८ |
| ९.२ | कानून विपरित भएको पदपूर्ति तथा स्तरवृद्धि बदर सम्बन्धी निर्णय | ९१ |
| ९.३ | प्रदेश लोक सेवा आयोगलाई विपक्षी बनाई परेका रिट निवेदन | ९३ |

## परिच्छेद १०
## संस्थागत सुधार र प्रविधिको प्रयोग


| | | |
|---|---|---|
| १०.१ | संरचनागत सुधार | ९५ |
| १०.२ | प्रविधिको प्रयोग | ९५ |
| १०.३ | रणनीतिक योजना | ९६ |


## परिच्छेद ११
## निर्णय तथा कार्यान्वयनको अवस्था


| | | |
|---|---|---|
| ११.१ | आयोगको मुख्य मुख्य निर्णय तथा कार्यान्वयनको अवस्था | ९७ |


## परिच्छेद १२
## ध्यानाकर्षण र सुझाव


| | | |
|---|---|---|
| १२.१ | ध्यानाकर्षण भएका विषयहरू | १०३ |
| १२.२ | सुझाव | १०७ |


## अनुसूचीहरू


| | |
|---|---|
| अनुसूची १ (क) आ.व. ०७९/०८० को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | ११३ |
| अनुसूची १ (ख) आ.व. ०८०/०८१ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | ११४ |
| अनुसूची २ आयोगको प्रस्तावित सङ्गठन संरचना | ११५ |
| अनुसूची ३ आयोगको प्रस्तावित दरबन्दी तालिका | ११६ |
| अनुसूची ४ प्रदेश लोक सेवा आयोगको प्रतीक चिन्ह (Logo) | ११७ |
| अनुसूची ५ लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०७९ को घोषणापत्र तथा निर्णय | ११८ |
| अनुसूची ६ आ.व. २०७९/८० को जिन्सी निरीक्षण प्रतिवेदन | १२१ |
| अनुसूची ७ आ.व. २०७९/८० को बजेट, निकासा तथा खर्च सम्बन्धी विवरण | १२४ |
| अनुसूची ८ लिखित परीक्षामा अनियमितता गर्ने परीक्षार्थीलाई कारवाही गरिएको विवरण | १२८ |
| अनुसूची ९ आ.व. २०७९/८० मा आयोगबाट पठाइएको परामर्श सम्बन्धी विवरण | १२९ |
| अनुसूची १० आ.व. २०७९/८० मा आयोगबाट स्थानीय तहमा पठाइएको परामर्श सम्बन्धी विवरण | १५८ |
| अनुसूची ११ आयोगका क्रियाकलाप झल्कने तस्वीरहरू | १६१ |

# तालिकाको सूची


| तालिका नं. | शीर्षक | पाना नं. |
|---|---|---|
| १ | प्रदेश लोक सेवा आयोगको संरचना | ६ |
| २ | पदाधिकारीहरूको कार्यविभाजन | १४ |
| ३ | आयोगको निर्णयहरूको विषयगत वर्गीकरण (आ.व. २०७९/८०) | १५ |
| ४ | आयोगमा रहेको दरबन्दी तथा पदपूर्तिको विवरण | १६ |
| ५ | आयोगको कूल बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण | २० |
| ६ | राजस्वको विवरण | २० |
| ७ | धरौटीको विवरण | २१ |
| ८ | शैक्षिक योग्यता सम्बन्धमा द्विविधा भएका विषयमा आयोगबाट भएको निर्णय | २३ |
| ९ | प्रदेश निजामती सेवातर्फका पदहरूको लागि निर्माण भएका पाठ्यक्रमको विवरण | २७ |
| १० | स्थानीय सरकारी सेवातर्फका पदहरूको लागि निर्माण भएका पाठ्यक्रमको विवरण | २९ |
| ११ | आ.व. २०७९/८० मा गरिएको प्रतिशत निर्धारणको विवरण | ३३ |
| १२ | स्थानीय सरकारी सेवातर्फ भएका विज्ञापन र पदको विवरण | ३६ |
| १३ | आ.व. २०७८/७९ र २०७९/८० मा विज्ञापन भएको पद संख्या | ३८ |
| १४ | प्रदेश निजामती सेवातर्फ भएका विज्ञापन र पदको विवरण | ३९ |
| १५ | स्थानीय सरकारी सेवातर्फ पेश भएका दरखास्तको विवरण | ४१ |
| १६ | प्रदेश निजामती सेवातर्फ पेश भएका दरखास्तको विवरण | ४२ |
| १७ | विज्ञापनको प्रकार अनुसार दरखास्त संकलन अवस्था | ४२ |
| १८ | विज्ञापित पद अनुसार संकलित दरखास्त संख्या र प्रति पद औसत दरखास्त | ४३ |
| १९ | भौगोलिक क्षेत्र अनुसारको तहगत दरखास्त संख्या | ४७ |
| २० | प्रदेश तथा जिल्ला अनुसारको तहगत दरखास्त संख्या | ४८ |

| | | |
|---|---|---|
| २१ | उम्मेदवारको रोजगारीका आधारमा दरखास्तको वर्गीकरण | ५२ |
| २२ | धर्मका आधारमा दरखास्तको वर्गीकरण | ५३ |
| २३ | सेवा अनुसारको विज्ञापन भएको पद र दरखास्तको विवरण | ५४ |
| २४ | प्रथम चरणको परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण | ५६ |
| २५ | द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण | ५७ |
| २६ | उत्तरपुस्तिका संकेतीकरण सम्बन्धी विवरण | ५९ |
| २७ | उत्तरपुस्तिका परीक्षण सम्वन्धी विवरण | ६० |
| २८ | परीक्षण हुन बाँकी उत्तपुस्तिकाको विवरण | ६२ |
| २९ | लिखित परीक्षाको नतिजा प्रकाशन सम्वन्धी विवरण | ६४ |
| ३० | प्रयोगात्मक तथा सीप परीक्षण सम्बन्धी विवरण | ६६ |
| ३१ | विज्ञापन, परीक्षा, अन्तर्वार्ता र सिफारिसको एकीकृत विवरण | ६७ |
| ३२ | विज्ञापनको प्रकार, लिङ्ग र तहगत आधारमा सिफारिस संख्या | ६९ |
| ३३ | सेवा तथा तहगत आधारमा सिफारिस संख्या | ७० |
| ३४ | जिल्ला/स्थानीय तहमा सिफारिस भएका उम्मेदवारको विवरण | ७२ |
| ३५ | भौगोलिक क्षेत्र तथा लिङ्ग अनुसार सिफारिस उम्मेदवारको विवरण | ७६ |
| ३६ | सिफारिस उम्मेदवारको लैङ्गिक तथा प्रदेशगत विवरण | ७७ |
| ३७ | वैकल्पिक उम्मेदवार सिफारिसको स्थानीय तहगत विवरण | ८२ |
| ३८ | अस्थायी उम्मेदवार सिफारिस सम्बन्धी विवरण | ८४ |
| ३९ | आ.व. ०७८/७९ र आ.व. २०७९/८० मा भएका समावेशी विज्ञापन र दरखास्त | ८५ |
| ४० | समावेशी समूहतर्फ सिफारिस संख्या | ८६ |
| ४१ | तहगत आधारमा महिला सिफारिस संख्या | ८७ |
| ४२ | परामर्श उपलब्ध गराइएका स्थानीय तहको विवरण | ९० |
| ४३ | तह वृद्धि तथा स्तर वृद्धि सम्बन्धी कार्य बदर गरिएका स्थानीय तह | ९२ |

| | | |
|---|---|---|
| ४४ | आ.व. ०७९/८० मा परेका रिट निवेदनहरूको विवरण | ९३ |
| ४५ | आयोगका निर्णय तथा सो को कार्यान्वयन अवस्था | ९७ |
| ४६ | ध्यानाकर्षणका विषय र सो को सम्बोधनको अवस्था | १०२ |

# चित्रको सूची


| चित्र नं. | शीर्षक | पाना नं. |
|---|---|---|
| १ | पदपूर्ति सम्बन्धी कार्यप्रवाह | १३ |
| २ | स्थानीय सरकारी सेवातर्फ विज्ञापन भएको पद संख्या | ३७ |
| ३ | विज्ञापन भएका पद संख्याको तुलनात्मक विवरण | ३८ |
| ४ | प्रदेश निजामती सेवातर्फ विज्ञापन भएको पद संख्या | ३९ |
| ५ | स्थानीय सरकारी सेवा तथा प्रदेश निजामती सेवा तर्फ खूला तथा समावेशी पद संख्या | ४० |
| ६ | स्थानीय सरकारी सेवातर्फ पेश भएका दरखास्त | ४१ |
| ७ | विज्ञापनको प्रकार अनुसार दरखास्त संकलन अवस्था | ४३ |
| ८ | प्रति पद औसत दरखास्त | ४६ |
| ९ | भौगोलिक क्षेत्रगत वर्गीकरण | ४७ |
| १० | प्रदेशगत पेश भएका दरखास्तको विवरण | ५१ |
| ११ | आ.व.२०७८/७९ र २०७९/८० मा प्राप्त दरखास्तको प्रदेशगत संख्या | ५१ |
| १२ | उम्मेदवारको रोजगारीको अवस्था | ५२ |
| १३ | सेवा अनुसार विज्ञापन भएको पद र स्वीकृत दरखास्त | ५४ |
| १४ | लिङ्गका आधारमा सिफारिस सम्बन्धी विवरण | ७० |
| १५ | सेवा तथा तहगत आधारमा सिफारिस संख्या | ७१ |
| १६ | भौगोलिक क्षेत्र अनुसार सिफारिस उम्मेदवारको विवरण | ७६ |
| १७ | आ.व. २०७८/७९ र २०७९/८० मा सिफारिस भएका उम्मेद्वारहरूको प्रदेशगत तुलनात्मक विवरण | ८० |
| १८ | जिल्लागत सिफारिस तथा दरखास्त विवरण | ८१ |

परिच्छेद १

# प्रदेश लोक सेवा आयोगको परिचय

## १.१ पृष्ठभूमि:

निजामती सेवाका लागि योग्यतामा आधारित, सक्षम तथा दक्ष कर्मचारी छनौट गर्ने उद्देश्य अनुरूप लोक सेवा आयोगको स्थापना भएको हो । लोक सेवा आयोगको इतिहास हेर्दा राणा प्रधानमन्त्री पद्मसम्शेरको पालामा २००४ सालमा जारी भएको "नेपाल सरकारको वैधानिक कानून, २००४" मा सरकारी सेवामा योग्य, सक्षम र प्रतिस्पर्धी व्यक्तिहरूको भर्ना सुनिश्चित गर्ने उद्देश्यले दरखास्त परिषद्को प्रावधान राखिएको भएतापनि उक्त कानून लागू हुन नसकेको कारण परिषद्को स्थापना भई कार्यसञ्चालन हुन सकेन ।

प्रजातन्त्रको स्थापनापछि जारी भएको नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६४ मा पब्लिक सर्भिस कमिशनको व्यवस्था गरिएको थियो । संविधानमा व्यवस्था भए अनुसार वि.स. २००८ साल असार १ मा पब्लिक सर्भिस कमिसनका नामले लोक सेवा आयोगको औपचारिक स्थापना भई कार्य सम्पादन शुरू भएको देखिन्छ । वि.सं. २०१५ सालमा जारी भएको नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५९ मा लोक सेवा आयोगको व्यवस्था गरी धारा ६० मा "सरकारको सबै सेवा वा पदमा भर्नाको निमित्त जाँच गर्ने" जिम्मेवारी तोकी लोक सेवा आयोगकै नामले स्थापना भई कार्य सञ्चालन गरेको पाइन्छ । उक्त व्यवस्था बमोजिम नेपालमा निजामती सेवाका पदमा भर्ना गर्ने तरिका, नियुक्ति, सरूवा र बढुवा गर्दा उम्मेदवारहरूको उपयुक्तताको विषयमा अपनाउनु पर्ने सिद्धान्तका सम्बन्धमा तथा निजामती सेवामा पालना गर्नुपर्ने अनुशासन लगायतका विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिन्छ ।

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग स्थापना गर्ने संवैधानिक व्यवस्था भए बमोजिम प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन, २०७५ संघीय संसदबाट तर्जुमा भई प्रदेशमा प्रदेश लोक सेवा आयोग स्थापना, सो को काम, कर्तव्य र अधिकार एवं कार्य संचालन सम्बन्धमा आधार तथा मापदण्ड निर्धारण गरिएको छ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्थाका आधारमा कोशी प्रदेशको प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संङगठित संस्थाको सेवा, प्रदेश प्रहरी सेवा तथा स्थानीय सरकारी सेवा र स्थानीय सङगठित संस्थाको पदमा उपयुक्त कर्मचारी छनौट गर्न परीक्षा संचालन गरी सिफारिस गर्न तथा कानूनले तोके बमोजिमका परामर्श उपलब्ध गराउने उद्देश्यसहित कोशी प्रदेशको प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन,२०७६ तर्जुमा भई वि.सं.२०७६ साल माघ ९ गते प्रदेश लोक सेवा आयोग गठन भई सोही दिनदेखि प्रदेश लोक सेवा आयोगको कार्यालय स्थापना भई संचालनमा रहेको छ ।

## १.२ आयोगको परिचयः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को प्रस्तावना अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङगठित संस्थाको सेवा, प्रदेश प्रहरी सेवा तथा स्थानीय सरकारी सेवा र स्थानीय सङगठित संस्थाको पदमा उपयुक्त कर्मचारी छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशितालाई मध्यनजर गर्दै योग्यता प्रणालीलाई अवलम्बन गर्न प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । वि.सं.२०७६ साल माघ ९ गतेदेखि प्रदेश लोक सेवा आयोग विधिवत रूपमा स्थापना भई संविधान तथा कानून बमोजिम स्वच्छता, निष्पक्षता, योग्यता प्रणाली तथा समावेशिताको सिद्धान्तमा आधारित जस्ता आयोगलाई निर्दिष्ट गरिएका कार्यहरू आयोगले गर्दै आईरहेको छ। हाल आयोगको कार्यालय बिराटनगर महानगरपालिकाको वडा नं ४ खार्जी चोकमा भाडाको घरमा संचालनमा रहेको छ।

## १.३ आयोगको गठनः

नेपालको संविधानको धारा २४४ बमोजिम, कोशी प्रदेश (तत्कालीन प्रदेश नं. १) को प्रदेश सभाबाट जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा (१) मा प्रदेश लोक सेवा आयोगमा अध्यक्षसहित बढीमा तीन जना सदस्य रहने प्रावधान रहेको छ । मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभाका विपक्षी दलको नेता रहेको समितिको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था रहेको छ । यसरी नियुक्ति गर्दा आयोगका सदस्यहरूमध्ये कम्तीमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेको व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, व्यवस्थापन, जनप्रशासन, समाजशास्त्र, राजनीतिशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याती प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्ति हुनुपर्ने व्यवस्था रहेको छ । उपरोक्त उल्लेखित प्रावधानहरू अनुरूप नै यस प्रदेशमा प्रदेश लोक सेवा आयोग गठन भई कार्यसञ्चालन भइरहेको छ ।

## १.४ काम, कर्तव्य र अधिकारः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा भएका प्रावधानहरूसमेतका आधारमा आयोगका काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहेका छन्ः

१.४.१ प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

१.४.२ प्रदेश लोक सेवा आयोगले विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरूको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तर पुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तर पुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र

सिफारिस लगायतका काम कारबाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि तथा मापदण्डका आधारमा कार्य गर्नेछ ।

१.४.३ प्रदेश प्रहरी सेवा, शिक्षक सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिको लागि लिइने लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्नेछ।

१.४.४. प्रदेश प्रहरी सेवा, प्रदेश शिक्षक सेवा र प्रदेश अन्य सरकारी सेवाकापदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

१.४.५ कुनै सङ्गठित संस्थाका सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

१.४.६ प्रदेश सरकारबाट निवृत्तिभरण पाउने पदमा प्रदेश लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

१.४.७ प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

## १.५ प्रतिवेदन:

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ को उपदफा (१) बमोजिम आयोगले वर्षभरी आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था बमोजिम आयोगले स्थापनाकालदेखि नै हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्ने गरेको छ । यसै क्रममा यो पटक चौथो वार्षिक प्रतिवेदन पेश गर्न आ.व. २०७९/८० भित्र सम्पन्न गरेका कामहरूको विवरण तयार गरिएको छ ।

# परिच्छेद २

# प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनका आधारहरू

## २.१ प्रदेश लोक सेवा आयोग सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) निर्धारण ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र सो अन्तर्गत बनेका नियमावली र निर्देशिका र लोक सेवा आयोगका सम्बन्धमा नेपालमा स्थापित सिद्धान्त तथा मूल्य मान्यताहरू प्रदेश लोक सेवा आयोग सम्बन्धी प्रमुख नीतिगत आधारको रूपमा रहेका छन् । प्रदेश लोक सेवा आयोगका सम्बन्धमा भएका प्रमुख व्यवस्थाहरूको सार संक्षेप देहाय बमोजिम रहेको छः

### २.१.१ नेपालको संविधानः नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी निम्न व्यवस्था रहेको छः

- प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने ।
- प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने ।
- संघीय संसदले कानून बनाई आधार तथा मापदण्ड निर्धारण गर्ने ।

### २.१.२ कर्मचारी समायोजन ऐन, २०७५ः

मूलतः यस ऐनको दफा १२ मा प्रदेश तथा स्थानीय तहले कर्मचारी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगलाई अनुरोध गर्नु पर्ने व्यवस्था भएको ।

### २.१.३ स्थानीय सरकार संचालन ऐन, २०७४ः

स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोक सेवा आयोगले छनौट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्ति दिनु पर्ने व्यवस्था भएको ।

### २.१.४ प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन, २०७५ः

प्रदेश लोक सेवा आयोगको गठनका आधार एवं काम, कर्तव्य र अधिकार सम्बन्धमा मापदण्ड निर्धारण गरिएको ।

### २.१.५ प्रदेश लोक सेवा आयोग ऐन, २०७६(संशोधन सहित) र सो को नियमावली, २०७७ः

मिति २०७६ भाद्र १७ गतेबाट जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र सो अन्तर्गत तर्जुमा भएको नियमावली, २०७७ मा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार एवं कार्यप्रणाली व्यवस्थित तथा विस्तृतीकरण गरिएको छ ।

### २.१.६ प्रदेश निजामती सेवा ऐन, २०७९ः

प्रदेश निजामती सेवाको खुला प्रतियोगिता, आन्तरिक अन्तर सेवा प्रतियोगिता र अन्तर स्थानीय तह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने लगायतका व्यवस्था भएको ।

### २.१.७ स्थानीय सेवा (गठन तथा संचालन)अध्यादेश, २०८०ः

स्थानीय सरकारी सेवाको खुला प्रतियोगिता, आन्तरिक अन्तर सेवा प्रतियोगिता र अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने लगायतका व्यवस्था भएको ।

यसका अतिरिक्त देहायका कानून तथा नीतिगत व्यवस्थाहरूलाई समेत आयोगले कार्य सम्पादनको आधारको रूपमा लिने गरेको छः

- प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७
- प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७७
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी एवम् दक्ष वा विज्ञ वा विशेषज्ञहरूको आचार संहिता, २०७७
- निजामती सेवा ऐन, २०४९ तथा सो को नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, तथा सो को नियमावली, २०५५
- प्रदेश प्रहरी ऐन, २०७७
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्ड
- प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- प्रदेश लोक सेवा आयोगबाट समय-समयमा भएका निर्णयहरू
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य ऐन, नियम र निर्देशिकाहरू
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य कानूनी प्रवधानहरू ।

प्रदेश तथा स्थानीय सेवाका शर्त सम्बन्धमा कानून बने तापनि नियमावली नआउनु साथै सङ्घीय निजामती सेवा ऐन नआउनु, प्रदेश लोक सेवा आयोगहरू तथा संघीय लोक सेवा आयोग बीच सम्बन्ध तथा समन्वय परिभाषित गर्ने नीतिगत व्यवस्थाको अभाव हुनु एवं आवश्यक कानून निर्माणको विषय तहगत सरकारहरूको प्राथमिकतामा नपर्नु प्रदेश लोक सेवा आयोगको कार्य सम्पादनमा देखिएका प्रमुख नीतिगत समस्याहरू हुन् ।

## २.२ आयोगको सङ्गठनात्मक संरचनाः

प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन, २०७५ मा प्रदेश लोक सेवा आयोगको गठनका आधार उल्लेख गरिएको छ । प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा उल्लेखित आधार बमोजिम आयोगको गठन तथा प्रशासनिक साङगठनिक संरचनालाई व्यवस्थित गरिएको छ । प्रदेश लोक सेवा आयोगको कामकारवाही सञ्चालनका लागि अध्यक्ष सहित ३ सदस्यीय आयोगको व्यवस्था रहेको छ । आयोग अन्तर्गत आयोगको सचिवको कार्य गर्ने गरी सङ्घीय निजामती सेवाको नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सह-सचिव (प्रदेश सचिव) प्रशासनिक प्रमुख रहने तथा प्रदेश सचिव मातहत महाशाखाहरू र सो अन्तर्गत विभिन्न शाखाहरू रहने गरी कार्य सञ्चालनको व्यवस्था गरिएको छ । जसलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

तालिका नं. १

**प्रदेश लोक सेवा आयोगको संरचना**

| | |
|---|---|
| प्रदेश लोक सेवा आयोगको पदाधिकारीहरू | माननीय अध्यक्षः श्री उत्तम कुमार भट्टराई<br>माननीय सदस्यः श्री टीकादत्त राई<br>माननीय सदस्यः श्री सजना दाहाल<br>सदस्य सचिवः श्री वावुराम खतिवडा (प्रदेश सचिव) |
| प्रशासनिक संगठन संरचना | सालबसाली रूपमा अस्थायी संगठन संरचना स्वीकृत भई लागू भइरहेको । |

## २.३ आयोगको प्रमुख कार्यक्षेत्र

नेपालको संविधानको मार्गदर्शन एवं प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन, २०७५ द्वारा निर्धारित आधार तथा मापदण्ड बमोजिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा आयोगको कार्य क्षेत्र व्यवस्थित गरिएको छ । जसलाई यस अघि बुँदा नं. १.४ मा उल्लेख गरिएको छ । यस आधारमा समग्र विश्लेषण गर्दा आयोगको प्रमुख कार्यक्षेत्र देहाय बमोजिम वर्गीकृत गर्न सकिन्छः

**२.३.१ प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक उपयुक्त कर्मचारीको छनौट सम्वन्धी कार्य ।**

**२.३.२ कर्मचारीका सेवाका शर्त सम्बन्धमा परामर्श सम्वन्धी कार्य ।**

**२.३.३ पाठ्यक्रम विकास, निर्माण परिमार्जन तथा मूल्याङ्कन सम्बन्धी कार्य ।**

**२.३.४ खोज तथा अनुसन्धान सम्वन्धी कार्य ।**

**२.३.५ कर्मचारीको सेवा शर्त परिपालना सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन सम्वन्धी कार्य ।**

## २.४ कार्यसम्पादनका सिद्धान्तहरू:

प्रदेश लोक सेवा आयोगले स्थापनाकालदेखि नै आफ्नो कार्यसम्पादनका सिलसिलामा हुने आयोगको निर्णय, निर्णयको कार्यान्वयन प्रक्रिया र पालना गर्नुपर्ने आचरण लगायत अन्य सम्पूर्ण कार्यप्रक्रिया अवलम्वन गर्दा आयोगको मूलभूत सिद्धान्त "योग्यता, निष्पक्षता, स्वच्छता र समावेशीता" का मूल्य मान्यताहरूलाई आत्मसात गर्दै विद्यमान कानूनको परिधिभित्र रही कार्य सम्पादन गर्ने गरेको छ । लोक सेवा आयोगले अवलम्बन गरेका र प्रदेश लोक सेवा आयोगले समेत आत्मसात गरेका मूलभूत सिद्धान्तहरू निम्न बमोजिम रहेका छन् ।

### २.४.१ योग्यताको सिद्धान्त(Principle of Merit):

आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा माग बमोजिमको संख्यामा अब्बल ठहर्ने उम्मेदवारलाई मात्र नियुक्तिको लागि सिफारिस गरिन्छ । सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ।

### २.४.२ निष्पक्षताको सिद्धान्त (Principle of Impartiality):

आयोगका निर्णयहरू पूर्वाग्रह रहित र निश्पक्ष हुन्छन् । आयोगका निर्णय र परीक्षा सम्बन्धी कामकारबाहीबाट कोही कसैलाई अन्याय नहोस भनेर पूर्ण सजगता अपनाइन्छ भने कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात गरिदैंन ।

### २.४.३ स्वच्छताको सिद्धान्त (Principle of Fairness):

आयोगका सम्पूर्ण काम कारवाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ । आयोगले लिने निर्णयहरू र आयोगको कार्यालयबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचना एवम् कार्यविधिगत प्रबन्ध गरिन्छ ।

### २.४.४ समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity):

आयोगबाट प्रकाशित हुने विज्ञापनमा सम्बन्धित सेवा, समूहको पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाईन्छ । सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ ।

### २.४.५ समावेशीताको सिद्धान्त (Principle of Inclusiveness):

पदपूर्तिका लागि आयोगमा प्राप्त माग पदहरू राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण

गरी सम्बन्धित समूहका उम्मेदवारहरू बीचमात्र प्रतिस्पर्धा हुने गरी पदपूर्ति गरिन्छ । प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३७ बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको छ ।

### २.४.६ द्विअन्ध सिद्धान्त (Principle of Double Blind):

पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइदैन र जानकारीसमेत दिइँदैन । उत्तर पुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो, थाहा नपाउने विधि अवलम्बन गरिन्छ । प्राप्ताङ्क तालिकीकरण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तर पुस्तिका परीक्षण गरेको हो ? थाहा नपाउने व्यवस्था गरिएको हुन्छ । प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छ । अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ हुन्छन । त्यस्तै आयोगका हरेक महाशाखाहरूलाई विशिष्टिकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ । कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन ।

### २.४.७ परिचय शून्यताको सिद्धान्त (Principle of Identity Masking):

उत्तरपुस्तिका परीक्षण गर्नुअघि दोहोरो सङ्केतीकरण (Double Coding) प्रक्रियामार्फत उक्त उत्तरपुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ । यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ । त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात वैयक्तिक पहिचान विहीन रूपमा कोडिङ्गका आधारमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ । अन्तर्वार्ता लगायत छनौट प्रक्रियाका सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसंकेतीकरण (Decoding) प्रक्रियामार्फत पत्ता लगाइन्छ।

### २.४.८ असंलग्नताको सिद्धान्त (Principle of Non- Involvement):

आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगको पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको शुरूवातदेखि उम्मेदवार सिफारिससम्मको सम्पूर्ण प्रक्रियाबाट अलग राखिन्छ ।

### २.४.९ गोपनियताको सिद्धान्त (Principle of Confidentiality):

परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगको गोपनीयता कायम रहन्छ । आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नहरूको परिमार्जन र छनौटको कार्य पूर्ण रूपमा गोप्य रहन्छ । परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ । आयोगको अनलाईन डाटावेशमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ । यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरूमा पूर्ण गोपनीयताका साथै गुणस्तरीयता सुनिश्चित गरिन्छ ।

## २.५ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाहः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र सो को नियमावली, २०७७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिनुको साथै आयोगले अवलम्वन गर्नु पर्ने कार्य प्रकृयासमेत उल्लेख गरिएको छ । प्रदेश लोक सेवा आयोग (कार्य संचालन) निर्देशिका, २०७७ मा उपरोक्त कार्य प्रकृयालाई थप विस्तृतीकरण गरी मानक संचालन प्रकृया अर्थात् आधारभूत कार्यविधि (Standard Operating Procedure) व्यवस्थित गरिएको छ । जस अनुसार आयोगको कार्य प्रकृति एवं कार्य प्रवाहको देहाय बमोजिम विश्लेषण गरिएको छः

### क. वार्षिक कार्यतालिका

आयोगबाट सन्चालन हुने परीक्षालाई व्यवस्थित र नियमित गर्न एक आर्थिक वर्षभरमा सन्चालन हुने परीक्षाको कार्यतालिकीकरण गरी प्रकाशन गर्ने गरिएको छ । आ.व. २०७९/८० को पदपूर्तिको वार्षिक कार्यतालिका अनुसूची १ (क) मा उल्लेख गरिएको छ । साथै चालू आ.व. २०८०/८१ को वार्षिक कार्यतालिका समेत प्रकाशन भइसकेको छ । जसलाई अनुसूची १ (ख) मा उल्लेख गरिएको छ ।

### ख. विज्ञापन प्रकाशनः

प्रदेश सरकार र स्थानीय सरकारको रिक्त प्रदेश निजामती तथा स्थानीय सरकारी सेवा, सुरक्षा निकाय तथा संगठित संस्थाको सेवाका पदहरूको पूर्तिका लागि रिक्त पदको माग फाराम भरी आयोगमा पठाउनु पर्ने र आयोगले माग प्राप्त भइ सकेपछि सम्बन्धित ऐन नियमावलीमा छुट्याइएको पदपूर्तिको किसिम अनुसार प्रतिशत निर्धारण गरिन्छ ।

निर्धारित पदसंख्या बमोजिम नियमानुसार खुला तथा बढुवाद्वारा पदपूर्तिको लागि विज्ञापन प्रकाशन गरिन्छ । यसरी विज्ञापन प्रकाशन गर्दा दरखास्त वुझाउने स्थान, लाग्ने दस्तुर-राजस्व, दरखास्त बुझाउने अन्तिम मिति, पदको लागि आवश्यक शैक्षिक योग्यता र लिखित परीक्षा हुनेको हकमा लिखित परीक्षा संचालन हुने मिति र समयसमेत उल्लेख गरी प्रकाशन गर्ने गरिएको छ।

### ग. दरखास्त संकलनः

आयोगबाट विज्ञापन प्रकाशन भएपछि सम्भावित योग्यता पुगेका उम्मेदवारहरूले आयोगमा आवेदन (दरखास्त) पेश गर्दछन् । आवेदकहरूको हितलाई मध्य नजर गर्दै तथा आयोगको विज्ञापनमा अझै योग्य, दक्ष र क्षमतावान् आवेदकहरूलाई आकर्षित तथा सुविधा प्रदान गर्न खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको दरखास्त आयोगले आफ्नो अनलाईन प्रणाली psconline.p1.gov.np बाट मात्र लिने व्यवस्था मिलाईएको छ । बढुवातर्फको विज्ञापनमा भने रीत पुगेका उम्मेदवारहरूको दरखास्त सिधै आयोगबाट वा कानूनद्वारा निर्दिश्ट कार्यालयहरूबाट प्रदेश लोक सेवा आयोग कार्य सञ्चालन निर्देशिका, २०७७ मा तोकिएको फाराम भरी लिने व्यवस्था गरिएको छ।

### घ. दरखास्त परीक्षण तथा स्वीकृतिः

आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम तोकिएको म्याद भित्र प्राप्त दरखास्तहरूलाई आयोगको

अनलाईन सिस्टमबाट कम्तीमा अधिकृतस्तरको कर्मचारीहरूलाई बाँडफाड गरिन्छ। ती कर्मचारीहरूले प्राप्त दरखास्तको विवरण, शैक्षिक योग्यता, पेश भएका अन्य कागजातहरू रूजु गरी निज व्यक्ति उक्त पदको लागि तोकिएको योग्यता पुगेको रहेछ भने निजको दरखास्त स्वीकृत गरिन्छ अन्यथा निजको दरखास्त अस्वीकृत वा तोकिएको कागजात राख्न केही समयको समयावधि दिई होल्डमासमेत राखिन्छ । यसरी दरखास्त स्वीकृत पश्चात अनलाईन प्रणालीबाटै स्वीकृत नामावली तयार गरिन्छ।

### ङ. प्रश्नपत्र निर्माण

प्रश्नपत्र निर्माणका लागि माननीय अध्यक्ष वा माननीय सदस्यबाट उपयुक्त संख्यामा विज्ञहरूको मनोनयन गराई विज्ञहरूलाई प्रश्नपत्र निर्माणको लागि पाठ्यक्रम, नमूना प्रश्न, प्रश्नको ढाँचासमेत तोकी गोप्य तवरवाट प्रश्नपत्र निर्माणको लागि अनुरोध गरिन्छ ।

विज्ञहरूवाट प्रश्न निर्माण भएपछि गोप्य तवरले संकेत नं. का आधारमा तोकिएको खाममा गोप्य शिलबन्दी सहित परीक्षा संचालन शाखामा बुझाउनु पर्ने र यसरी बुझाउँदा मैले यो प्रश्न कसैलाई देखाएको भनेको छैन, कपि पनि राखेको छैन भनी कवुलियत पत्रसहित बुझिलिने गरिन्छ ।

परीक्षा संचालन शाखाले विज्ञले बुझाएको ५ सेट कच्चा प्रश्नपत्रको शिलबन्दीकै अवस्थामा मोडरेशन गर्ने कार्यमा संलग्न कर्मचारीलाई बुझाइन्छ र माननीय अध्यक्ष वा सदस्यबाट मोडरेशनको लागि विज्ञको मनोनयन गराइन्छ ।

परीक्षा शाखाले मोडरेटरको अगाडि प्राप्त कच्चा प्रश्नपत्रहरूलाई मुचुल्का गरेर खोली प्रश्नपत्र परिमार्जनको लागि उपलब्ध गराउने र परिमार्जन गर्दा विगतमा बैंकमा रहेका पुराना प्रश्नहरू पनि मिलाएर गरिने गरिन्छ ।

मोडरेटरले मोडरेशन गरेको प्रश्न पत्रलाई कम्तीमा ३ सेट बनाई एउटा परीक्षा सञ्चालनको लागि गोप्य तवरले शिलबन्दी गरी प्रश्न बैकमा राखिन्छ ।

परीक्षा सञ्चालनको लागि उपर्युक्त समयमा बैंकमा रहेका प्रश्नपत्रबाट कुन सेट प्रयोग गर्ने भन्ने सन्दर्भमा गोला प्रथाको माध्यमद्वारा माननीय अध्यक्षवाट चिनो लगाई छनोट गरी प्रयोगमा ल्याउने र सवै ठाउँमा परीक्षा संचालन हुने विज्ञापनमा एउटै प्रश्नपत्रबाट परीक्षा लिने गरिन्छ ।

### च. लिखित परीक्षा संचालनः

विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूको संख्या एकिन गरी उम्मेदवार संख्या अनुसार परीक्षा भवनहरूको व्यवस्था र परीक्षा सञ्चालनको लागि जनशक्तिको खटन पटनको व्यवस्था गरिन्छ । तोकिएको स्थान, परीक्षा भवन, मिति र समयमा केन्द्राध्यक्षले परीक्षा संचालन गरी आयोगको कार्यालयको सम्बन्धित शाखामा उत्तरपुस्तिकाहरू बुझाइन्छ ।

### छ. उत्तरपुस्तिका संकेतीकरणः

एउटा विज्ञापनको सवै उत्तरपुस्तिकाहरू सवै केन्द्रबाट प्राप्त भएपछि प्रथम कोड गरिन्छ । यसरी कोडिङ गर्दा सवै केन्द्रका उत्तरपुस्तिकाहरू मिसाएर गर्नु पर्ने (अथवा एउटै केन्द्रकोमा लगातार कोड राख्न नपाइने) व्यवस्था रहेको छ । प्रथम कोड राखिसकेपछि प्रथम कोडको अर्धकट्टी शिलबन्दी गरी

सचिव ज्यूको मा राख्ने गरिन्छ ।

प्रथम कोड राखिसकेपछि कि (Key) फाराम र अर्धकट्टी -नाम,थर, रोल नं. ठेगाना, लेखेको साइड रूजु गरी शिलबन्दी गरी परीक्षा सञ्चालन शाखाले उत्तरपुस्तिकाहरू विभिन्न पोकाबाट मिसाई दोस्रो कोड राख्ने गरिन्छ ।

दोस्रो कोड राखिसकेपछि दोस्रो कोडको अर्धकट्टी शिलबन्दी गरी माननीय अध्यक्ष ज्यूको मा वा सचिव ज्यूले तोकेको कर्मचारीलाई बुझाउने गरिन्छ । दोस्रो कोड राखिसकेपछि तोकिएको संख्यामा थैला बनाई शिलबन्दी अवस्थामा नै लिखित परीक्षा नतिजा शाखामा बुझाउने गरिन्छ ।

**ज. उत्तरपुस्तिका परीक्षणः**

लिखित परीक्षा नतिजा शाखाले दोस्रो कोड गरी शिलबन्दी उत्तरपुस्तिका प्राप्त भएपछि उत्तरपुस्तिका संख्या पोकाका आधारमा परीक्षणको लागि विज्ञको नाम माननीय अध्यक्ष वा माननीय सदस्य समक्ष पेश गर्नु पर्ने र यसरी विज्ञको नाम पेश गर्न आवश्यक संख्याभन्दा जतिसक्दो वढी संख्यामा पेश गर्ने गरिन्छ । अध्यक्ष वा सदस्यबाट परीक्षकको नाम मनोनयन भई सकेपछि दोस्रो कोड भई प्राप्त पोकामा अर्को थैला राखी सोमा संकेत नं उल्लेख गरी गोप्य तवरले परीक्षकलाई परीक्षणको लागि उत्तरपुस्तिका उपलब्ध गराइन्छ । साथै सो उत्तपुस्तिकाको परीक्षण आयोगको कार्यालय भित्रै गराउने व्यवस्था गरिएको छ ।

परीक्षण गरी परीक्षकबाट फिर्ता प्राप्त भएपछि संख्या ठिक छ छैन मार्कसिटसमेत हेरी बुझिलिने गरिन्छ ।

**झ. लिखित परीक्षाको नतिजा प्रकाशनः**

परीक्षकले उल्लेख गरेको प्राप्ताङ्क र मार्कशिटमा भएको अङक रूजु गरी यदि कैफियत देखिएमा उत्तरपुस्तिकामा भएको अङकलाई आधार मानी कैफियत जनाइ सोही अनुसार कायम गर्ने र प्रत्येक उम्मेदवारको सबै पत्रहरूको जम्मा अङक पोष्टीङ गरी योग्यताक्रम सूची तयार गरिन्छ ।

तोकिएका माग संख्याको आधारमा योग्यताक्रममा परेका उम्मेदवारको विवरण संलग्न गरी नतिजा प्रकाशनको निर्णयको लागि पेश गरी माननीय अध्यक्ष/सदस्यज्यूबाट निर्णय भएपछि योग्यताक्रममा परेका उम्मेदवारहरूको नाम, थर, ठेगाना, बाबु, बाजेको नाम डिकोड गरी नतिजा प्रकाशनको सूचना प्रकाशन गरिन्छ ।

**ञ. अन्तरवार्ता**

अन्तर्वार्तामा आवश्यकता अनुसार आयोगका अध्यक्ष र सदस्यहरू र सम्बन्धित विषयका दक्ष समेतको कम्तिमा ३ जनाको अन्तर्वार्ता समिति गठन गरिन्छ । यस्तो समिति गठन गर्दा अन्तर्वार्ता सञ्चालन हुने दिन बिहान मात्र गोप्य रूपले समितिका सदस्यलाई सूचना गरिन्छ । अन्तर्वार्तामा अन्तर्वार्ताकर्ताहरूले उम्मेदवारको छुट्टा छुट्टै मूल्याङकन गर्दछन् । अन्तर्वार्ता समितिका सबै सदस्यहरूलाई लिखित परीक्षाको प्राप्ताङ्क र एक सदस्यले दिएको नम्बर अर्को सदस्यलाई समेत थाहाँ हुँदैन । त्यसरी मूल्याङकन गरिएका फारामहरूको पछाडि अन्तर्वार्ता समितिका सबै पदाधिकारीले सही गरी तत्काल

सिलबन्दी गरी योग्यताक्रम प्रकाशन गर्ने वेलामा मात्र खोलिन्छ । यस्तो योग्यताक्रम प्रकाशन सम्बन्धी गोप्य काममा संलग्न आयोगका पदाधिकारी तथा कर्मचारीहरू योग्यताक्रम सूची प्रकाशित नभएसम्म गोपनियताको संवेदनशीलतालाई विचार गरी कार्यालयबाट बाहिर नजाने प्रचलन छ । तत्पश्चात् सफल हुने उम्मेदवारको नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिश गरिन्छ । शाखा अधिकृत अप्राविधिकको हकमा १० अङकको सामूहिक छलफलको मौखिक परीक्षा लिइन्छ । सो प्रयोजनका लागि आयोगको अध्यक्षको अध्यक्षतामा मनोविज्ञानवेत्ता तथा एकजना विषय विशेषज्ञ सहित तीन सदस्यीय समिति रहने व्यवस्था छ । यसका अतिरिक्त अन्तरवार्ता अघि कम्प्युटर सीप परिक्षण लगायत अन्य परीक्षा समेत लिन सकिने व्यवस्था रहेको छ ।

## ट. सिफारिशको लागि योग्यताक्रम प्रकाशन

अन्तर्वार्ताका सम्पूर्ण प्रक्रिया समाप्त भएपछि यथाशक्य छिटो योग्यताक्रम सूची प्रकाशित गरिन्छ । खुला प्रतियोगिताको योग्यताक्रम तयार गर्दा लिखित परीक्षाको प्राप्ताङ्क, अन्तर्वार्ताको औसत अंक, शैक्षिक योग्यताको अङक, मनोवैज्ञानिक व्यक्तित्व परीक्षण सामूहिक छलफल एवं सो बाहेक अन्य परीक्षा हुनेमा त्यस्ता परीक्षामा प्राप्त गरेका अङक समेत जोडी कूल प्राप्ताङ्कको आधारमा योग्यताक्रम सूची तयार गरिन्छ । यसरी योग्यताक्रम सूची तयार गर्न प्राप्ताङ्कहरू रहेका सिलबन्दी खाम खोल्दा सोको मुचुल्का गरी स्वीकृति गराएर मात्र खोल्नु पर्ने व्यवस्था छ । अन्तर्वार्ता लगायतका प्रक्रियाबाट योग्यताक्रम सूची तयार गर्दा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन आएमा देहाय अनुसार योग्यताक्रम तयार गरिन्छ ।

- लिखित परीक्षा हुनेमा लिखित परीक्षामा बढी अङक प्राप्त गर्नेलाई माथिल्लो क्रममा राख्ने ।
- लिखित परीक्षाको प्राप्ताङ्क बराबर भएमा अन्तर्वार्तामा बढी अङक प्राप्त गर्नेलाई माथिल्लो क्रममा राख्ने ।
- खण्ड (क) र (ख) अनुसार पनि योग्यताक्रम नछुट्टिएमा शैक्षिक योग्यताको प्रमाणपत्रमा बढी अङक भएकोलाई माथिल्लो क्रममा राख्ने ।
- खण्ड (क), (ख) र (ग) अनुसार पनि योग्यताक्रम बराबर भएमा खुला प्रतियोगिताको हकमा सेवा अवधिको अनुभवलाई आधार लिने र बढुवा प्रतियोगिताको हकमा एक तह मुनिको पदको ज्येष्ठतालाई आधार मानी योग्यताक्रम निर्धारण गर्ने ।
- खण्ड (क), (ख), (ग) र (घ) अनुसार पनि योग्यताक्रम बराबर भएमा उमेरको हिसावले ज्येष्ठ कर्मचारीलाई ज्येष्ठ मानी योग्यताक्रम कायम गरिन्छ ।

यसरी योग्यताक्रम प्रकाशित गर्दा खुलातर्फको विज्ञापनमा माग पदसंख्याको आधारमा घटीमा २ जना र बढीमा १५% उम्मेदवारलाई वैकल्पिक उम्मेदवारको रूपमा राखिन्छ र त्यतिकै संख्यामा अस्थायी सूचीमा राखिन्छ । वैकल्पिकमा परेका उम्मेदवारहरू मूल सिफारिशमा परेका उम्मेदवारले नियुक्ती नलिएमा वा मृत्यु भई वा निजले राजीनामा दिई वा निजको माथिल्लो पदमा नियुक्ति भई एक वर्षभित्र निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा सो रिक्त पदमा नियुक्ति पाउँदछन् । अस्थायीको हकमा प्रदेश तथा स्थानीय सरकारबाट अस्थायी नियुक्तिको लागि माग भएमा अस्थायी सूचीबाट उम्मेदवार

सिफारिश गरिन्छ । सिफारिश गर्दा कुन मन्त्रालय वा कार्यालयमा सिफारिश गर्ने हो उल्लेख गरिन्छ । राजपत्र अङ्कित पदको हकमा उम्मेदवारले रोजेको कार्यालयमा सिफारिश गर्ने व्यवस्था छ । एकभन्दा बढी उम्मेदवारले एउटै कार्यालय रोजेमा योग्यताक्रमको माथिल्लो क्रममा पर्नेलाई सो कार्यालयमा सिफारिश गरिन्छ । तल्लो क्रममा पर्ने उम्मेदवार आफ्नो दोस्रो, तेस्रो रोजाइको कार्यालयमा नियुक्ति हुन सिफारिश हुन्छ ।

आयोगको कार्य प्रणालीलाई चित्र नं. १ मा देखाइएको छः

**चित्र नं. १**

**पदपूर्ति सम्बन्धी कार्यप्रवाह**



## २.६ कार्यविभाजन र अधिकार प्रत्यायोजनः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १४ अनुसार आयोगका अध्यक्ष र सदस्यको कार्यविभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ५८ बमोजिम प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, कुनै सदस्य वा आयोगको कर्मचारीलाई प्रत्यायोजन गर्नुपर्ने अवस्था भएमा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नुपर्ने शर्त निर्धारण गरी अधिकार प्रत्यायोजन गर्नसक्ने व्यवस्थासमेत रहेको छ ।

प्रदेश लोक सेवा आयोगको कार्यलाई सरल, छिटोछरितो र व्यवस्थित बनाउन आयोगका पदाधिकारीहरूको कार्य विभाजन देहायको तालिका नं २ अनुसार गरिएको छ ।

तालिका नं. २

**पदाधिकारीहरूको कार्यविभाजन**

| क्र.स. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १ | मा. अध्यक्ष उत्तम कुमार भट्टराई | ➢ प्रशासन तथा व्यवस्थापन<br>➢ लिखित परीक्षा तयारी तथा नतिजा प्रकाशन (प्राविधिक)<br>➢ अन्तरवार्ता तथा सिफारिस<br>➢ मनमोहन प्राविधिक विश्वविद्यालय |
| २ | मा. सदस्य टीकादत्त राई | ➢ पाठ्यक्रम निर्माण, परीमार्जन तथा मूल्याङ्कन<br>➢ प्रश्नपत्र परिमार्जन<br>➢ नीति नियम तथा परामर्श<br>➢ उजुरी तथा विभागीय सजायमा परामर्श |
| ३ | मा. सदस्य सजना दाहाल | ➢ लिखित परीक्षा तयारी तथा नतिजा प्रकाशन (अप्राविधिक)<br>➢ सूचना प्रकाशन<br>➢ योजना तथा समन्वय<br>➢ परीक्षण प्रविधि र अनुसन्धान |

परिच्छेद ३

# प्रशासनिक, भौतिक तथा वित्तीय स्थिति

## ३.१ बैठक तथा निर्णय:

आयोगको स्थापना भएको मिति २०७६/१०/०९ गतेदेखि आ.व. २०७९/८० अन्तसम्म कुल १४९ पटक आयोगको बैठक सम्पन्न भएकोमा आर्थिक वर्ष २०७९/८० को अवधिमा ५० पटक आयोगको बैठकहरू बसी १६८ वटा निर्णयहरू लिइएका छन् । आयोगको मुख्य मुख्य निर्णयको संख्या तथा तिनको विषयगत वर्गीकरण तालिका नं ३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

**आयोगको निर्णयहरूको विषयगत वर्गीकरण (आ.व. २०७९/८०)**

| क्र.सं. | निर्णयका विषयहरू | निर्णय संख्या |
|---|---|---|
| १ | नीति तथा कानून सम्वन्धमा | २१ |
| २ | परीक्षा, विज्ञापन,अन्तर्वार्ता तथा नतिजा सम्बन्धमा | २४ |
| ३ | पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धमा | २१ |
| ४ | शैक्षिक योग्यता सम्बन्धमा | ९ |
| ५ | सङगठित संस्था तथा प्रदेश प्रहरी सम्बन्धमा | १ |
| ६ | कर्मचारी सेवा, शर्त सम्बन्धमा | २३ |
| ७ | अनुगमन प्रतिवेदन सम्बन्धमा | २ |
| ८ | अध्ययन प्रतिवेदन सम्बन्धमा | ७ |
| ९ | विभिन्न निकायमा परामर्श दिइएको सम्बन्धमा | २६ |
| १० | समिति गठन सम्बन्धमा | २ |
| ११ | अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी छानविन सम्बन्धमा | ३ |
| १२ | परीक्षा रद्ध/कारवाही सम्बन्धमा | ७ |
| १३ | विविध | २२ |
| | **जम्मा:** | **१६८** |

तालिका नं. ३ को क्र.सं. १३ मा रहेको विविध अन्तर्गत आयोगले गरेको विभिन्न समिति तथा कार्यदल गठन सम्बन्धी, सदस्य तथा कर्मचारीहरूको जिम्मेवारी सम्बन्धी, आयोगको प्रतीक चिन्ह सम्बन्धी, आयोगको दरबन्दी संरचना सम्बन्धी तथा क्रम संख्या १ देखि १२ सम्मका विषयहरू वाहेक अन्य विषयमा भएका निर्णयहरू समावेश भएका छन् ।

## ३.२ आयोगको दरबन्दी र पदपूर्ति:

प्रदेश सरकारबाट सालवसाली रूपमा स्वीकृत हुने अस्थायी दरबन्दी संरचना (आ.व. २०७९/८०) अनुसार प्रदेश लोक सेवा आयोगमा कूल ३२ जना कर्मचारीहरूको अस्थायी दरबन्दी स्वीकृत रहेको थियो । जसमा रा.प. प्रथम श्रेणीका १, अधिकृतस्तर दशौं/नवौं तहका १, अधिकृतस्तर आठौं/सातौं तहका ६, अधिकृत/सहायकस्तर छैटौं/पाँचौं तहका १४ र श्रेणी विहीन १० जना सहित जम्मा ३२ जना कर्मचारीको दरबन्दी रहेको छ । कूल दरबन्दी मध्ये २०८० असार मसान्तसम्मको तथ्याङ्क अनुसार २९ जना कर्मचारीहरूको पदपूर्ति भएको छ भने ४ पदहरू रिक्त रहेका छन् ।

प्रतिवेदन अवधिका लागि आयोगको स्वीकृत अस्थायी संगठन संरचना बमोजिमको दरबन्दी संख्या, पदपूर्ति र रिक्त अवस्था तल दिइएको तालिका नं. ४ मा उल्लेख भएअनुसार रहेको छ ।

तालिका नं. ४

**आयोगमा रहेको दरबन्दी तथा पदपूर्तिको विवरण**

| क्र.स. | दरबन्दी विवरण | | | आ.व. २०७९/८० को स्वीकृत दरबन्दी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पद, नाम | सेवा | श्रेणी/तह | संख्या | रिक्त | पूर्ति | किसिम | |
| १ | सचिव | प्रशासन | रा.प.प्रथम | १ | ० | १ | काज | |
| २ | अधिकृत | प्रशासन | नवौं/दशौं | १ | ० | १ | काज | |
| ३ | शाखा अधिकृत | प्रशासन | सातौं/आठौं | ४ | ० | ५ | सरूवा/काज | |
| ४ | कानून अधिकृत | न्याय | सातौं/आठौं | १ | १ | ० | | |
| ५ | कम्प्युटर अधिकृत/इन्जि | विविध | सातौं/आठौं | १ | १ | ० | | |
| ६ | अधिकृत/सहायक | प्रशासन | छैटौं/पाँचौं | ११ | २ | ९ | सरूवा | |
| ७ | अधिकृत/सहायक | लेखा | छैटौं/पाँचौं | १ | ० | १ | सरूवा | |
| ८ | अधिकृत/सहायक | कम्प्यूटर | छैटौं/पाँचौं | २ | ० | २ | सरूवा/करार | |
| ९ | ह.स.चा. | - | तह विहीन | ५ | ० | ५ | करार | |
| १० | कार्यालय सहयोगी | - | तह विहीन | ५ | ० | ५ | करार | |
| **जम्मा** | | | | ३२ | ४ | २९ | | |

*द्रष्टव्यः माथि उल्लेखित तालिकाको सि.नं. ३ को शाखा अधिकृत पदमा स्वीकृत अस्थायी दरबन्दी भन्दा १ जना बढी कार्यरत रहेको ।*

संवैधानिक परिकल्पना तथा कानूनले प्रदान गरेको कार्यक्षेत्रको पूर्ण रूपमा कार्यान्वयन तथा विद्यमान बढ्दो कार्यबोझको सहज सम्पादन गर्नसमेत विद्यमान अस्थायी दरबन्दी तथा संगठन संरचना अपर्याप्त

भएकै कारणले आ.व. २०७९/८० मा आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी सो को प्रतिवेदन स्वीकृतिका लागि आयोगको मिति २०८०/०१/२८ गतेको निर्णयानुसार प्रदेश सरकार समक्ष पेश गरिएको छ । सो प्रतिवेदनअनुसार हुने आयोगको सङगठन संरचना तथा दरबन्दी तेरिज क्रमशः अनुसूची २ र ३ मा उल्लेख गरिएको छ । जस अनुसार आयोगको प्रस्तावित दरबन्दी ५६ जनाको रहेको छ । सोहीअनुसार आयोगको दरबन्दी व्यवस्थापन भए लोक सेवा आयोग सम्बन्धी स्थापित सिद्धान्त तथा मान्यताको पूर्ण पालना तथा संविधान र कानूनले आयोगलाई प्रदान गरेको कार्य जिम्मेवारी सहज तथा थप प्रभावकारी ढङगले सम्पादन गर्न सकिने अपेक्षा लिइएको छ ।

## ३.३ आयोगको लोगो:

प्रदेश लोक सेवा आयोगले स्थापना कालदेखि नै आफ्नो कामकारवाहीलाई प्रभावकारी एवं आयोगको स्थापित मूल्य मान्यता र सैद्धान्तिक निष्ठा अनुरूपको छवी तथा आफ्नो पहिचान झल्काउने उद्देश्यका साथ गत आ.व. देखि आयोगको प्रतीक चिन्ह (Logo) प्रचलनमा रहेको छ । यस प्रदेशको नामाकरण पश्चात सो प्रतीक चिन्हमा प्रतिवेदन अवधीमा आवश्यक संशोधन समेत गरिएको छ । आयोगको प्रतीक चिन्ह र सोको व्याख्या अनुसूची ४ मा उल्लेख भए बमोजिम रहेको छ ।

## ३.४ गोष्ठी सम्मेलन तथा क्षमता विकास:

प्रदेश लोक सेवा आयोगले आफ्नो मूल कार्यका अतिरिक्त आफ्नो क्षमता विकास एवं अभिमुखीकरणका लागि विभिन्न गोष्ठी, सम्मेलन तथा कार्यशालाहरूमा सक्रिय सहभागिता जनाउनुका साथै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ । यस प्रतिवेदन अवधिमा भएका गतिविधिहरू निम्नानुसार रहेका छन्:

### (क) वार्षिकोत्सव तथा स्मारिका प्रकाशनः

यस प्रदेश लोक सेवा आयोगको स्थापना दिवसको अवसरमा मिति २०७९/१०/०९ गते विराटनगरमा तेश्रो वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो । सो अवसरमा विशेष प्रकाशनको रूपमा प्रदेश लोक सेवा आयोगको स्मारिका, २०७९ वर्ष ३ पूर्णाङ्क ३ माननीय प्रदेश प्रमुख श्री पर्शुराम खापुङज्यू तथा माननीय मुख्यमन्त्री श्री हिक्मतकुमार कार्की ज्यूबाट विमोचन भई आयोगको वेवसाइटमा समेत प्रकाशित गरिएको छ । उक्त स्मारिकामा प्रकाशित लेखहरूमा विज्ञहरूका विचारहरूसहित सामयिक विषयवस्तुहरू रहेका छन् ।

### (ख) लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनः

मिति २०७९ फागुन १९ र २० गते "योग्यता, निष्पक्षता र स्वच्छताः लोक सेवा आयोगहरूको प्रतिबद्धता" भन्ने नाराका साथ लोक सेवा आयोगको आयोजनामा सुदूरपश्चिम प्रदेशको धनगढी, कैलालीमा सम्पन्न भएको सबै लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनमा यस आयोगले सक्रिय सहभागिता

जनाएको थियो । उक्त सम्मेलनमा लोक सेवा आयोग र सातैवटा प्रदेश लोक सेवा आयोगहरूका अध्यक्षहरूले संयुक्त हस्ताक्षर गरी १० बुँदे निर्णयहरू पारित गर्नुका साथै लोक सेवा आयोगको मूल सिद्धान्तहरूप्रतिको प्रतिवद्धता सहितको घोषणा-पत्रसमेत जारी भएको थियो । उक्त सम्मेलनको निर्णय र घोषणा-पत्र यस प्रतिवेदनको अनुसूची-५ मा उल्लेख गरिएको छ ।

### (ग) रणनीतिक योजना तर्जुमाः

आयोगले सम्पादन गर्ने दैनिक कार्यहरू व्यवस्थित भएपछि आयोगका कार्यपद्धतिलाई अझ बढी संस्थागत र प्रभावकारी बनाउनुका साथै सङगठनात्मक रूपले सुदृढ पार्नका लागि दीर्घकालीन दृष्टिकोण र स्पष्ट कार्यदिशाका साथ अघि बढ्न रणनीतिक योजनाको आवश्यकता महशुस गरी परामर्शदाताको सेवामार्फत आयोगका पदाधिकारी तथा कर्मचारीहरू, प्रदेश योजना आयोगका उपाध्यक्ष ज्यू तथा सचिव ज्यू र प्रदेश मन्त्रालयका सचिवज्यूहरूसँगको अन्तरक्रिया र छलफलसमेतका आधारमा प्रदेश लोक सेवा आयोगको पञ्चबर्षीय रणनीतिक योजना (२०८०/८१ - २०८५/८६) तर्जुमा गरिएको छ ।

## ३.५ अनुगमन निरीक्षणः

प्रदेश लोक सेवा आयोगले आफ्नो कार्यक्षेत्र भित्रका सार्वजनिक निकायहरूमा स्वीकृत सङगठन संरचना अनुसार रिक्त दरवन्दीको अवस्था, पदपूर्तिको प्रक्रिया र अवस्था, कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको पालना एवं लोक सेवा आयोगबाट प्रदान गरिएको सुझाव एवं परामर्शको कार्यान्वयन स्थिति लगायतका विषयमा त्यस्ता सार्वजनिक निकायहरूको अनुगमन निरीक्षण गर्नसक्ने कानूनी व्यवस्था रहेको छ । सोही कानूनी व्यवस्था बमोजिम यस प्रतिवेदन अवधिमा आयोगका माननीय सदस्य सजना दाहालको नेतृत्वको अनुगमन टोलीमार्फत २०७९ श्रावण ९ गते बिराटनगर महानगरपालिका, २०७९ श्रावण १७ गते इटहरी उपमहानगरपालिका र २०७९ श्रावण ३० गते इनरूवा नगरपालिकाको स्थलगत अनुगमन निरीक्षण गरिएको थियो । उक्त अनुगमन निरीक्षणका क्रममा प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ को अनुसूची ३७ मा उल्लेखित फाराम बमोजिम दरवन्दी तथा पदपूर्ति एवं बढुवा सम्बन्धी कारवाहीको विवरण सङकलन गरिएको थियो । यसरी अनुगमन गरी प्राप्त जानकारीका आधारमा आयोग बैठकमा छलफल गरी आवश्यक सुझावहरू दिइएको छ ।

## ३.६ भौतिक पूर्वाधारः

आयोगको भौतिक पूर्वाधार सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

- **भवन तथा फर्निचरः** आयोगको कार्यालय सञ्चालनको लागि विराटनगर म.न.पा. वडा नं. ४, खार्जी स्थित करिव १० हजार ८ सय वर्ग फिट क्षेत्रफलमा बनेको तीन तले निजी भवन भाडामा लिई कार्यालय भवनको व्यवस्था गरिएको छ । कार्यालय भवनमा आवश्यकता अनुसार फर्निचरहरू, कार्यालय सामानहरू र न्यूनतम आवश्यकताका उपकरणहरूको

बन्दोबस्त रहेको छ ।

- **सवारी साधनः** आयोगका पदाधिकारी तथा कर्मचारीहरूको प्रयोगका लागि ५ थान चारपाङ्ग्रे सवारी साधन, ११ थान दुईपाङ्ग्रे सवारी साधन र ४ थान साइकलको व्यवस्था रहेको छ ।
- **सूचना प्रविधिः** आयोगले आफ्नो वेबसाइट (psc.koshi.gov.np), इ-मेल (koshipsc@gmail.com), दरखास्त सङकलनका लागि अनलाईन प्रणाली (psconline.p1.gov.np) को व्यवस्था गरेको छ ।

आयोगको आ.व. २०७९/८० को जिन्सी निरीक्षण सम्पन्न गरिएको छ । सो को प्रतिवेदन अनुसूची ६ मा उल्लेख गरिएको छ ।

मूलतः आयोगको कार्य प्रकृति तथा कार्य बोझ अनुसारको कोठा विन्यास मिलाइएको भवन उपलब्ध नहुनु, आयोगको भवन लगायतका पूर्वाधार निर्माण प्रदेश सरकारको प्राथमिकतामा नपर्नु, पूर्वाधार सुरक्षा सम्बन्धी यथेष्ट प्रबन्ध हुन नसक्नु, सूचना प्रविधि सम्बन्धी विज्ञ व्यक्ति स्थानीय रूपमा उपलब्ध नहुनु प्रमुख समस्याको रूपमा देखिएको छ ।

## ३.७ पुस्तकालय सञ्चालनः

प्रदेश लोक सेवा आयोगको पुस्तकालय दक्ष/विज्ञहरू एवम् परीक्षार्थीहरूका लागि सन्दर्भ सामाग्रीसमेत हुने गरी स्थापना एवं सञ्चालन गर्ने उद्देश्यका साथ व्यवस्था गर्न शुरू गरिएको छ । सो पुस्तकालयको लागि विगतमा ३ सय ७१ वटा पुस्तकहरू सग्रहित रहेकोमा प्रतिवेदन अवधिमा विभिन्न स्वदेशी तथा विदेशी लेखकहरूद्वारा लेखिएका १८ वटा पुस्तकहरू थप गरी हालसम्म कूल ३ सय ८९ थान पुस्तकहरू सङ्ग्रहित भएका छन् ।

पुस्तकालयका लागि पर्याप्त कोठा उपलब्ध नहुनु, पुस्तकालय व्यवस्थापनका लागि विशिष्ठ कर्मचारी नहुनु, पुस्तक खरिदका लागि पर्याप्त श्रोत उपलब्ध नहुनु प्रमुख समस्याको रूपमा देखिएको छ भने प्रदेश लोक सेवा आयोगको पुस्तकालयलाई E-Library तथा E-Learning Center को रूपमा रूपान्तरण गर्नु चुनौतीपूर्ण देखिन्छ ।

## ३.८ बजेट, निकासा र खर्चः

प्रदेश लोक सेवा आयोगका लागि आ.व. २०७९/८० मा विनियोजित बजेट र सो सम्बन्धी खर्चको संक्षिप्त विवरण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ । गत आर्थिक वर्ष २०७८/७९ मा वित्तीय प्रगति ८०.५५ प्रतिशत भएकोमा यस प्रतिवेदन अवधि २०७९/८० को वित्तीय प्रगतिमा सुधार भई ९२.२९ प्रतिशत पुगेको छ । बजेट निकासा र खर्च सम्बन्धी विस्तृत विवरण अनुसूची ७ मा उल्लेख गरिएको छ ।

तालिका नं. ५

## आयोगको कूल बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण

| क्र.सं. | विवरण | स्वीकृत रकम (रू हजारमा) | समर्पण गरिएको (रू हजारमा) | समपर्णपछि वास्तविक स्वीकृत रकम (रू हजारमा) | खर्च भएको रकम (रू हजारमा) | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | चालु खर्च | ८०२०६.०० | ५१५०.०० | ७५०५६.०० | ७०६३७.२२ | ९४.११ |
| २ | पूँजीगत खर्च | ७९००.०० | ३५००.०० | ४४००.०० | २७११.८६ | ६१.६३ |
| ३ | पदाधिकारीतर्फ चालु खर्च | ३९९४.०० | ०० | ३९९४.०० | ३७४८.४४ | ९३.८५ |
| जम्मा | | ९२१००.०० | ८६५०.०० | ८३४५०.०० | ७७०९७.५२ | ९२.३९ |

### ३.९ राजस्व र धरौटी:

आ.व. २०७९/८० मा आयोगको कार्यालयबाट जम्मा रू.८,०३,३७,५७३/- (आठ करोड तीन लाख सैतीस हजार पाँच सय त्रिहत्तर) राजस्व सङ्कलन भएको छ । जुन आ.व. २०७८/७९ भन्दा ६६.७% ले बढी रहेको छ । आ.व. २०७८/७९ र २०७९/८० को राजस्व र धरौटीको विवरण क्रमशः तल दिइएका तालिका नं. ६ र ७ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६

## राजस्वको विवरण

| क्र.सं. | राजस्व शीर्षक | रकम (रू. हजारमा) | |
|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० |
| १ | परीक्षा शुल्क (१४२२४) | ५३५४५.०३ | ८०२९४.७५२ |
| २ | अन्य प्रशासनिक सेवा शुल्क (१४२२९) | ५२.६६ | २.२५१ |
| ३ | प्रशासनिक दण्ड जरिवाना र जफत (१४३१२) | ४.३५ | ०० |
| ४ | बीमा दावी प्राप्ति (१४५११) | २९.५७ | ०० |
| ५ | बेरूजु (१५१११) | ७.१५ | ४२.५९६ |
| | जम्मा | ५३६३८.७५ | ८०३३७.५७३ |

माथि उल्लेखित तालिका नं. ५ को खर्च सम्बन्धी विवरण र तालिका नं. ६ को राजश्व सम्बन्धी विवरणको विश्लेषण गर्दा आयोगले परीक्षा शुल्क बापत सङकलन गर्ने राजश्वबाट नै आयोगको सम्पूर्ण खर्च दायित्व पूरा गर्न सकिने देखिन्छ । साथै आयोगले आगामी दिनमा प्रदेश निजामती सेवा तथा अन्य सेवाको समेतको पदपूर्तिको कार्य सम्पादन गर्दा आयोगले सङकलन गर्ने राजश्व थप बढ्ने सम्भावना रहेको छ ।

तालिका नं. ७

**धरौटीको विवरण**

| क्र.सं. | राजस्व शीर्षक | रकम (रू. हजारमा) | |
|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० |
| १ | आम्दानी | ९३४.१७ | ८२५.५७१ |
| २ | फिर्ता | १०८.६० | २९२.६५४ |
| ३ | बाँकी | ८२५.५७ | ५३२.९१७ |

## ३.१० बेरूजुः

सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको कर्मचारी समायोजन ग्रेड सम्बन्धी बेरूजु आ.व.२०७८/०७९ सम्मको जम्मा रू.११,०२,७६८/- बाहेक अन्य बेरूजु नरहेको अवस्था छ ।

परिच्छेद ४

# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

## ४.१ परीक्षण प्रविधिः

प्रदेश लोक सेवा आयोगले सिफारिस गर्ने सार्वजनिक सेवाको पदमा उम्मेदवार बन्न सम्बन्धित व्यक्तिले हासिल गरेको शैक्षिक योग्यताको स्तर र विषयक्षेत्रलाई आधारभूत शर्तको रूपमा लिइन्छ । प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा लगायत आयोगको कार्य क्षेत्रभित्र रहेका सार्वजनिक सेवामा कर्मचारी छनौट गर्दा विभिन्न सेवा/समूहका लागि आवश्यक योग्यता परीक्षण गर्न विकसित प्रविधिहरूको प्रयोग गर्ने गरिन्छ । तसर्थः पदपूर्ति गर्नुपर्ने सङ्गठनको कार्य प्रकृतिलाई दृष्टिगत गरी व्यक्तिको ज्ञान, सीप, मनोवृत्ति र व्यवहारको परीक्षण गर्ने विभिन्न प्रकारको वैज्ञानिक प्रविधिको विकास गर्दै लैजानुपर्ने आवश्यकतालाई प्राथमिकता दिनुपर्ने हुन्छ ।

तत्कालका लागि प्रदेश लोक सेवा आयोग ऐनमा भएको प्रावधान अनुसार लोक सेवा आयोगले अबलम्बन गर्ने गरेका लिखित परीक्षा, प्रयोगात्मक परीक्षा, सीप परीक्षण, सामुहिक परीक्षण, अन्तर्वार्ता र आयोगले समय-समयमा तोकेका अन्य परीक्षण विधिहरूलाई नै प्रयोग गरी उपयुक्त उम्मेदवार छनौटको परीक्षण कार्य गर्ने गरिएको छ । साथै समय-समयमा विकास भएका नवीनतम् प्रविधिहरूको पनि क्रमशः प्रयोग गर्दै छनौट प्रणालीलाई अझ परिष्कृत बनाउँदै लगिएको छ ।

## ४.२ शैक्षिक योग्यताः

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह तथा उप-समूहका पदहरूको शैक्षिक योग्यता प्रदेश लोक सेवा आयोगको परामर्शमा सम्बन्धित निकायबाट निर्माण हुने कानूनले नै निर्धारण गरेबमोजिम हुने हुँदा मन्त्रालय र स्थानीय तहले माग आकृति फाराम भरी पठाउँदा निर्धारण भई आएको शैक्षिक योग्यता र कार्यविवरणलाई उपयुक्तताको आधारमा यस आयोगले अवलम्बन गरिरहेको छ । प्रदेश लोक सेवा आयोग नियमावली २०७७ को अनुसूची १ बमोजिम रिक्त पदपूर्तिका लागि भर्नु पर्ने फाराममा उल्लेख भई आएको र सम्बन्धित सेवा, समूह सञ्चालन गर्ने सम्बन्धी कानूनमा उल्लेख भएको शैक्षिक योग्यतालाई आधार मानी दरखास्त स्वीकृतिका क्रममा उत्पन्न विभिन्न द्विविधाहरूको निवारण गर्ने गरिएको छ । आयोगद्वारा हालसम्म गरिएका शैक्षिक योग्यता सम्बन्धी निर्णयहरू तालिका नं. ८ मा उल्लेख गरिएका छन्ः

## तालिका नं. ८
## शैक्षिक योग्यता सम्बन्धमा द्विविधा भएका विषयमा आयोगबाट भएको निर्णय

| क्र.सं. | विवरण | निर्णय |
|---|---|---|
| (क) | आ.व. २०७८/७९ सम्मको | |
| १. | कृषि विज्ञान वाहेक अन्य सङकायमा कृषि विषय लिई स्नातक तह उत्तीर्ण प्रमाणपत्र सम्बन्धमा | कृषि विज्ञानमा स्नातक तह(बि.एस्सी. एगृ.) वाहेक कृषि विषयसँग सम्बन्धित अन्य विषयमा अध्ययन गरेका आवेदकको हकमा सम्बन्धित विश्व विद्यालयबाट कृषि विज्ञानमा स्नातक तह (बि.एस्सी. एगृ.) सरह अध्ययन गरेको समकक्षता निर्धारण भएको प्रमाणपत्र पेश भएमा कृषि विज्ञानमा स्नातक सरहको शैक्षिक योग्यता मान्ने । |
| २ | इन्जिनियरिङ्ग सेवाको सिभिल समूहको शैक्षिक योग्यता सम्बन्धी | मध्यपश्चिम विश्वविद्यालय, पाठ्यक्रम विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेतबाट प्राप्त जानकारी पत्रमार्फत सो विश्वविद्यालय अन्तरगतको B.E. Hydropower Engineering र B.E. Civil Engineering एक अर्कोसँग समकक्षता निर्धारण गरिएको निर्णय प्राप्त भएकोले आयोगबाट आगामी दिनमा लिइने इन्जिनियरिङ्ग सेवाको सिभिल समूहका पदमा दरखास्त आह्वान गर्दा मध्यपश्चिम विश्वविद्यालय अन्तर्गत B.E. Hydropower Engineering का आवेदकहरूलाई B.E. Civil Engineering सरह मानी दरखास्त स्वीकृत गर्ने । |
| ३ | वागवानी विज्ञान विषयमा स्नातक तह उत्तीर्ण प्रमाणपत्र सम्बन्धमा | त्रिभुवन विश्वविद्यालय, कृषि र पशु विज्ञान अध्ययन संस्थान, डीनको कार्यालयको च.न. ७३५/०७८/०७९ मिति २०७९/०२/०४ गते र त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुर, काठमाडौंको च.न. १७४९९/०७८/०७९, मिति २०७९/०२/०८ गतेको पत्रमार्फत त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा सञ्चालित स्नातक तह वागवानी विज्ञान विषयलाई कृषि सेवाको वागवानी, माटो विज्ञान, कृषि प्रसार, वाली विज्ञान र बाली संरक्षणसमेत गरी पाँच वटा विषयलाई कृषि स्नातक विषयसरह मान्यता रहने भनी जानकारी प्राप्त भएको हुँदा आयोगबाट लिइने कृषि सेवाको कृषि प्रसार, वागवानी, बाली संरक्षण, एग्रोनोमी र माटो विज्ञान समूहका पदमा दरखास्त आह्वान गर्दा त्रिभुवन विश्वविद्यालय अन्तर्गत वागवानी विज्ञान (BSc. Horticulture) अध्ययन गरेका आवेदकहरूलाई कृषि विज्ञान विषयमा स्नातक सरह मानी उल्लेखित समूहहरूमा दरखास्त स्वीकृत गर्ने । |

| क्र.सं. | विवरण | निर्णय |
|---|---|---|
| ४ | इन्जिनियरिङ सेवा, सिभिल समूह, अधिकृतस्तर छैटौं तहको शैक्षिक योग्यता सम्बन्धमा | आयोगको मिति २०७९/०२/१८ गतेको बैठकबाट पोखरा विश्व विद्यालयको Civil and Rural Engineering र Shahjalal University of Science and Technology, Bangladesh बाट Bachelor of Science in Civil and Environmental Engineering विषयको द्विविधा सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रा. देवीप्रसाद भट्टराई (पूर्वाञ्चल विश्वविद्यालय) र इन्जिनियर सुरज श्रेष्ठ(धरान उपमहानगरपालिका) सम्मिलित विज्ञ समूह गठन गरिएकोमा विज्ञ समूहबाट "नेपालको कानूनले मान्यता नदिएको खण्डमा बाहेक माथि उल्लेखित दुवै विषयका शैक्षिक उपाधिले हाल प्रदेश लोक सेवा आयोगबाट माग गरिएको ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, अधिकृतस्तर छैटौं तहको पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको मान्न सकिने देखिन्छ" भनी मिति २०७९/०२/२३ गते प्रतिवेदन पेश भएकोले विज्ञ समूहको प्रतिवेदनलाई आधार मानि पोखरा विश्व विद्यालयबाट Civil and Rural Engineering उत्तीर्ण गरेको प्रमाणपत्र र Shahjalal University of Science and Technology, Bangladesh बाट Bachelor of Science in Civil and Environmental Engineering उत्तीर्ण गरेको प्रमाणपत्रलाई इन्जिनियरिङ सेवा, सिभिल समूह, अधिकृतस्तर छैटौं तह, इन्जिनियर पदको न्यूनतम शैक्षिक योग्यता मानी दरखास्त स्वीकृत गर्ने । |
| ५ | कृषि सेवा, फिसरिज समूह अधिकृतस्तर सातौं तहको शैक्षिक योग्यता सम्बन्धमा | कृषि सेवा, फिसरिज समूह अधिकृतस्तर सातौं तहको शैक्षिक योग्यता सम्बन्धमा कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवनको B.Sc. Fisheries समेतलाई न्यूनतम शैक्षिक योग्यता मान्ने । |
| **(ख)** | **यस प्रतिवेदन अवधि (आ.व. २०७९/८०) को** | |
| १ | निर्धारित न्यूनतम शैक्षिक योग्यतामा उल्लेखित लेटर ग्रेडिङ्ग प्रणालीका सम्बन्धमा | निर्धारित न्यूनतम शैक्षिक योग्यतामा उल्लेखित लेटर ग्रेडिङ्ग प्रणालीका सम्बन्धमा देहाय बमोजिम गर्नेः<br>१) माध्यमिक शिक्षा परीक्षा (S.L.C.E.) उत्तीर्ण गर्ने उम्मेदवारहरूको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरूको सैद्धान्तिक र प्रयोगात्मक परीक्षाहरूमा छुट्टाछुट्टै न्यूनतम D+ र C.G.P.A. १.६ प्राप्त गरेकालाई न्यूनतम योग्यता मान्ने ।<br>२) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ र सो बमोजिम राष्ट्रिय परीक्षा बोर्डबाट मिति २०७८/०९/११ गते प्रकाशित सूचना बमोजिम सो मिति पश्चात जारी भएका लब्धांक पत्र (Transcript) मा प्रत्येक विषयमा लेटर ग्रेडिङ्ग D र C.G.P.A. १.६ प्राप्त गरेकालाई न्यूनतम योग्यता मान्ने ।<br>(बैठक संख्या ११५, मिति २०७९/१०/२५) |

| क्र.सं. | विवरण | निर्णय |
|---|---|---|
| २ | बिराटनगर अस्पताल प्रा.लि. बाट जारी भएको ५ महिने एनेस्थेसिया सम्बन्धी तालिमको प्रमाणपत्र सम्बन्धमा | एनेस्थेसिया सम्बन्धी तालिम प्रदान गर्न बिराटनगर अस्पताल प्रा. लि.ले सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरेको नदेखिदा उक्त अस्पतालबाट जारी भएको एनेस्थेसिया सम्बन्धी तालीमको प्रमाणपत्र लाई स्वास्थ्य सेवा नियमावली, २०५४ बमोजिम एनेस्थेसिया सहायक पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता मान्न नसकिने । (बैठक संख्या ११९, मिति २०७९/११/२९) |
| ३ | दरखास्तको म्यादभित्र शैक्षिक उपाधि हासिल गरेको तर सोको प्रमाण-पत्र जारी भैइ नसकेको शैक्षिक योग्यताको प्रमाण सम्बन्धमा | नेपालका विश्वविद्यालयहरूबाट निर्धारण भएका शैक्षिक योग्यता पुरा गरी यस आयोगबाट बिज्ञापन भएका पदहरूमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तूर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नु पर्ने न्यूनतम योग्यताको प्रमाण पत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट ) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा यदि उक्त सिङ्गल दस्तूर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्वन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्टयाई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिका सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टर परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पुरा गरी सकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्युनतम् योग्यता पुरा भएको मान्ने ।<br>(बैठक संख्या १२२, मिति २०७९/१२/२४) |
| ४ | प्रदेश निजामती सेवातर्फको अन्तर स्थानीय तह प्रतियोगिताका लागि उम्मेद्वार बन्न आवश्यक योग्यता सम्बन्धमा | प्रदेश निजामती सेवा ऐन २०७९ (संशोधन सहित) को दफा ८ को उपदफा (५) बमोजिम सातौ तहको अन्तर स्थानीय तह प्रतियोगितामा प्रतिस्पर्धाका लागि पाँचौ तहबाट तह बृद्धि भई छैटौ तहमा कार्यरत र पूर्ति हुने पदको सेवा, समूह र उप-समूहका लागि तोकिएको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन् भन्ने व्यवस्था भएकोमा "सातौ तहको अन्तर स्थानीय तह प्रतियोगितामा प्रतिस्पर्धाका लागि छैटौ तहमा कार्यरत र पूर्ति हुने पदको सेवा, समूह र उपसमूहका लागि तोकिएको शैक्षिक योग्यता हासिल गरेका स्थानीय तहमा कार्यरत स्थायी कर्मचारी उम्मेदवार बन्न सक्ने" प्रावधान समावेश गरी पद पूर्तिका लागि विज्ञापन गर्ने ।<br>(बैठक संख्या १४०, मिति २०८०/०३/०३) |

| क्र.सं. | विवरण | निर्णय |
|---|---|---|
| ५ | प्रदेश निजामती सेवा अन्तर्गत तथ्याङ्क अधिकृत, अधिकृतस्तर सातौंको शैक्षिक योग्यता सम्बन्धमा | जन प्रशासनमा स्नातकोत्तरको शैक्षिक योग्यतालाई प्रदेश निजामती सेवा अन्तर्गत तथ्याङ्क अधिकृत, अधिकृतस्तर सातौ तहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको मान्न नसकिने । (बैठक संख्या १४४, मिति २०८०/०३/१३) |
| ६ | प्रदेश निजामती सेवा अन्तर्गत शिक्षा सेवा शिक्षा प्रशासन समूह विज्ञान उप समूह अधिकृतस्तर सातौं तह प्राविधिक अधिकृत पदको शैक्षिक योग्यता सम्बन्धमा | रसायन शास्त्रमा स्नातकोत्तर गरी एक बर्षे बि.एड. गरेको शैक्षिक योग्यतालाई प्रदेश निजामती सेवा अन्तर्गत शिक्षा सेवा शिक्षा प्रशासन समूह विज्ञान उप समूह अधिकृतस्तर सातौं तह प्राविधिक अधिकृत पदको लागि आवश्यक न्यूनतम योग्यता मान्न नसकिने । (बैठक संख्या १४७, मिति २०८०/०३/२६) |
| ७ | प्रदेश स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूह अधिकृतस्तर सातौ तह, स्वास्थ्य शिक्षा अधिकृत पदको शैक्षिक योग्यता सम्बन्धमा | पोखरा विश्वविद्यालय अन्तर्गत अस्पताल व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण गरेको शैक्षिक योग्यतालाई प्रदेश स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूह अधिकृतस्तर सातौ तह, स्वास्थ्य शिक्षा अधिकृत पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता मान्न नसकिने । (बैठक संख्या १४८, मिति २०८०/०३/२७) |

## ४.३ पाठ्यक्रमः

यस आयोगद्वारा स्थापना कालदेखि आ.व. २०७८/७९ सम्म प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तर्गतका विभिन्न सेवा, समूह, उप-समूह गरी कूल ६० वटा पदहरूको पाठ्यक्रम निर्माण गरिएको छ । प्रदेश निजामती सेवा ऐन २०७९ र स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० बमोजिम निर्धारण गरिएको पद तथा तहअनुसार विगतमा तयार भएका पाठ्यक्रमहरू अध्यावधिक गरी प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तर्फ २४ र स्थानीय सरकारी सेवा तर्फ २४ वटा नयाँ पाठ्यक्रम निर्माण तथा परिमार्जन गरिएको छ । यसरी प्रतिवेदन अवधिसम्म प्रदेश निजामती सेवातर्फ जम्मा ३४ र स्थानीय सरकारी सेवा तर्फ ३८ वटा पाठ्यक्रम निर्माण भएका छन् । आयोगले सम्पादन गर्ने परीक्षा सम्बन्धी कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको समान पदका लागि संयुक्त पाठ्यक्रम निर्माण गरिएको छ । जसको विस्तृत विवरण **तालिका नं. ९ र १०** मा उल्लेख गरिएको छ ।

## तालिका नं. ९
## प्रदेश निजामती सेवा तर्फका पदहरूको लागि निर्माण भएका पाठ्यक्रमको विवरण

| सि.नं. | सेवा | समूह | उप समूह | तह | पाठ्यक्रम स्वीकृत मिति |
|---|---|---|---|---|---|
| १ | शिक्षा | शिक्षा प्रशासन | निरीक्षण | ५ | २०८०।०२।०९ |
| २ | | शिक्षा प्रशासन | निरीक्षण | ७ | २०८०।०२।०९ |
| ३ | वन | जनरल फरेष्ट्री | | तह विहिन | २०७७।१०।१३ |
| ४ | | जनरल फरेष्ट्री | | ४ | २०८०।०२।२६ |
| ५ | | जनरल फरेष्ट्री, फरेष्ट रिसर्च, स्वायल एण्ड वाटर कन्जरभेसन तथा वाईल्डलाईफ कन्जरभेसन | | ५ | २०८०।०२।२६ |
| ६ | | बोटानी | | ६ | २०७७।०९।०७ |
| ७ | | जनरल फरेष्ट्री, फरेष्ट रिसर्च, स्वायल एण्ड वाटर कन्जरभेसन तथा वाईल्डलाईफ कन्जरभेसन | | ७ | २०८०।०२।२६ |
| ८ | कृषि | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग | | ४ | २०८०।०२।०५ |
| ९ | | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग | | ५ | २०८०।०२।०५ |
| १० | | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग | | ७ | २०८०।०२।०५ |
| ११ | | फिसरिज, भेटेरिनरी र लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट | | ४ | २०८०।०२।३२ |
| १२ | | फिसरिज, भेटेरिनरी र लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट | | ५ | २०८०।०२।३२ |
| १३ | | भेटरीनरी | | ७ | २०८०।०२।३२ |
| १४ | | लाईभस्टक एण्ड डेरी डेभलपमेन्ट | | ७ | २०८०।०२।३२ |
| १५ | | फिसरिज | | ७ | २०८०।०२।३२ |

| सि.नं. | सेवा | समूह | उप समूह | तह | पाठ्यक्रम स्वीकृत मिति |
|---|---|---|---|---|---|
| १६ | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | ४ | २०८०।०२।२६ |
| १७ | | सिभिल | | ४ | २०८०।०२।२६ |
| १८ | | सिभिल | जनरल, हाईवे, स्यानिटरी, इरिगेसन, हाईड्रोपावर एण्ड हाईड्रोलोजी | ५ | २०८०।०२।२६ |
| १९ | | सिभिल | जनरल, हाईवे, हाईड्रोपावर, इरिगेसन एण्ड स्यानिटरी | ७ | २०८०।०२।२६ |
| २० | | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | ७ | २०७७।१०।०६ |
| २१ | | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | ५ | २०७७।१०।०६ |
| २२ | विविध | महिला विकास अधिकृत | | ७ | २०७७।१२।२६ |
| २३ | | महिला विकास निरीक्षक | | ५ | २०७७।१२।२६ |
| २४ | | कम्युटर अधिकृत | | ७ | २०७८।०३।२५ |
| २५ | | कम्प्युटर इन्जिनियर | | ७ | २०७८।०३।२५ |
| २६ | | कम्प्युटर अपरेटर | | ५ | २०७८।०३।२५ |
| २७ | | सहायक कम्प्युटर अपरेटर | | ४ | २०७८।०३।२५ |
| २८ | प्रशासन | सा.प्र., लेखा | | ४ | २०८०।०२।०३ |
| २९ | | सा.प्र., लेखा, राजश्व | | ५ | २०८०।०२।०३ |
| ३० | | सा.प्र., लेखा, राजश्व, आ.ले.प. | | ७ | २०८०।०३।११ |
| ३१ | स्वास्थ्य | जेनरल हेल्थ सर्भिसेज | | ८ | २०८०।०२।०३ |
| ३२ | | हेल्थ ईन्सपेक्सन | | ४ | २०८०।०३।१३ |
| ३३ | | हेल्थ ईन्सपेक्सन | | ५ | २०८०।०३।११ |
| ३४ | | हेल्थ ईन्सपेक्सन | | ७ | २०८०।०२।३२ |

## तालिका नं. १०

## स्थानीय सरकारी सेवातर्फका पदहरूको लागि निर्माण \भएका पाठ्यक्रमको विवरण

| सि.नं. | सेवा | समूह | उप समूह | तह | पाठ्यक्रम स्वीकृत मिति |
|---|---|---|---|---|---|
| १ | शिक्षा | शिक्षा प्रशासन | निरीक्षण | ५ | २०८०।०२।०९ |
| २ | | शिक्षा प्रशासन | निरीक्षण | ७ | २०८०।०२।०९ |
| ३ | | जनरल फरेष्ट्री | | ४ | २०८०।०२।२६ |
| ४ | | जनरल फरेष्ट्री, फरेष्ट रिसर्च, स्वायल एण्ड वाटर कन्जरभेसन तथा वाईल्डलाईफ कन्जरभेसन | | ५ | २०८०।०२।२६ |
| ५ | | जनरल फरेष्ट्री, फरेष्ट रिसर्च, स्वायल एण्ड वाटर कन्जरभेसन तथा वाईल्डलाईफ कन्जरभेसन | | ७ | २०८०।०२।२६ |
| ६ | कृषि | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ. इको.एण्ड मार्केटिङ्ग | | ४ | २०८०।०२।०५ |
| ७ | | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ. इको.एण्ड मार्केटिङ्ग | | ५ | २०८०।०२।०५ |
| ८ | | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग | | ७ | २०८०।०२।०५ |
| ९ | | फिसरिज, भेटेरिनरी र लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट | | ४ | २०८०।०२।३२ |
| १० | | फिसरिज, भेटेरिनरी र लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट | | ५ | २०८०।०२।३२ |
| ११ | | भेटरीनरी | | ७ | २०८०।०२।३२ |
| १२ | | लाईभस्टक एण्ड डेरी डेभलपमेन्ट | | ७ | २०८०।०२।३२ |
| १३ | | फिसरिज | | ७ | २०८०।०२।३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | ४ | २०८०।०२।२६ |
| १५ | | सिभिल | | ४ | २०८०।०२।२६ |
| १६ | | सिभिल | जनरल, हाईवे, स्यानिटरी, इरिगेसन, हाईड्रोपावर एण्ड हाईड्रोलोजी | ५ | २०८०।०२।२६ |
| १७ | | सिभिल | जनरल, हाईवे, हाईड्रोपावर, इरिगेसन एण्ड स्यानिटरी | ७ | २०८०।०२।२६ |
| १८ | | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | ६ | २०७७।१०।११ |
| १९ | | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | ५ | २०७७।१०।११ |
| २० | | सर्भे | | ६ | २०७७।१२।०३ |
| २१ | | सर्भे | | ५ | २०७७।१२।०३ |
| २२ | | सर्भे | | ४ | २०७७।१२।०३ |
| २३ | विविध | महिला विकास अधिकृत | | ६ | २०७७।०९।१३ |
| २४ | | महिला विकास निरीक्षक | | ५ | २०७७।०९।१३ |
| २५ | | सहायक महिला विकास निरीक्षक | | ४ | २०७७।०९।१३ |
| २६ | | कम्प्युटर इन्जिनियर | | ६ | २०७७।१०।१९ |
| २७ | | कम्प्युटर अधिकृत | | ६ | २०७७।१०।१९ |
| २८ | | कम्प्युटर अपरेटर | | ५ | २०७७।१०।१५ |
| २९ | | सहायक कम्प्युटर अपरेटर | | ४ | २०७७।१०।१५ |
| ३० | प्रशासन | सा.प्र., लेखा | | ४ | २०७७।१०।१५ |
| ३१ | | सा.प्र., लेखा, आ.ले.प. | | ५ | २०७७।१०।१५ |
| ३२ | | सा.प्र., लेखा, राजश्व, आ.ले.प. | | ७ | २०८०।०३।११ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | स्वास्थ्य | जेनरल हेल्थ सर्भिसेज | | ८ | २०८०।०२।०३ |
| ३४ | | हेल्थ ईन्सपेक्सन | | ४ | २०८०।०३।१३ |
| ३५ | | हेल्थ ईन्सपेक्सन | | ५ | २०८०।०३।११ |
| ३६ | | हेल्थ ईन्सपेक्सन | | ७ | २०८०।०२।३२ |
| ३७ | न्याय | कानून | | ६ | २०७७।१०।०६ |
| ३८ | | कानून | | ५ | २०७७।१०।०६ |

समग्रमा परीक्षण प्रविधि विकासका लागि अध्ययन अनुसन्धानको कमी हुनु, श्रोत व्यवस्थापनको अभाव हुनु, खुला बजारमा उपलब्ध मानव श्रोतको योग्यता एवं स्वदेशी तथा विदेशी विश्व विद्यालयमा अध्यापन गराइने विषय र सेवा आवश्यक पर्ने दक्षता बीच सामञ्जस्य हुने गरी शैक्षिक योग्यता निर्धारण नहुनु तथा सो सम्बन्धमा नियमावली अध्यावधिक नहुनु, पाठ्यक्रम निर्माणका लागि आयोगमा पाठ्यक्रम सम्बन्धी विज्ञ कर्मचारीको अभाव हुनु एवं विषय विज्ञहरू स्थानीय रूपमा पर्याप्त संख्यामा उपलब्ध नहुनु प्रमुख समस्याको रूपमा देखिएको छ ।

# परिच्छेद ५
# विज्ञापन र दरखास्त

## ५.१ प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको दरबन्दी र पदपूर्तिको अवस्था:

प्रदेश योजना आयोगको पहिलो पञ्चवर्षीय योजना सम्बन्धी पुस्तक अनुसार प्रदेश तहमा हाल जम्मा ३८८२ दरबन्दी रहेको छ । कर्मचारी समायोजन, पदस्थापना तथा तत्पश्चातका सरूवा सम्बन्धी विवरण हाल मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कोशी प्रदेश, बिराटनगरमा प्रदेश किताबखानाको स्थापना गरी कर्मचारी सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्ने कार्य भइरहेको छ । यसलाई थप व्यवस्थित गर्न उक्त कार्यालयले प्रदेश किताबखाना (कार्यसञ्चालन) निर्देशिका २०८० निर्माण गरी स्वीकृतिको चरणमा रहेको छ । प्रदेश सरकारको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि स्थायी दरबन्दी संरचना निर्माणको क्रममा रहेको, कतिपय स्थानीय तहहरूको सङगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी संरचना तयार भए पनि प्रदेश किताबखानामा अध्यावधिक हुन नसकेको कारणले प्रदेश तथा स्थानीय तहमा दरबन्दी तथा पदपूर्तिको अद्यावधिक विवरण प्राप्त हुन सकेको छैन । यद्यपि समायोजन ऐन अनुसार प्रदेश तहमा समायोजित पदहरू मध्ये रिक्त अधिकृत सातौं र आठौं तहका पदहरूमा प्रतिवेदन अवधिमा एक पटक विज्ञापन भई पदपूर्तिको कार्य अघि बढाइएको छ भने स्थानीय तहको माग अनुसार पदपूर्तिको कार्य नियमित रूपमा भइरहेको छ ।

## ५.२ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका:

प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन निर्देशिका), २०७७ बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न पदहरूमा पदपूर्ति सम्बन्धी क्रियाकलापहरूको आर्थिक वर्ष भरी सम्पादन हुने कार्यहरू समेटिएको आ.व. ०७९/८० को वार्षिक कार्यतालिका (अनुसूची १ मा उल्लेखित) प्रदेश लोक सेवा आयोगद्वारा आर्थिक वर्षको शुरू मै निर्माण गरी प्रकाशन गरिएको थियो । आयोगको वार्षिक कार्यतालिकामा माग सङ्कलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, सीप परीक्षण तथा प्रयोगात्मक परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरूको समयतालिका समावेश गरिएका छन् ।

प्रदेश प्रहरी र सङ्गठित संस्थाको पदपूर्ति सम्बन्धी कार्यतालिकाको हकमा प्रतिशत निर्धारण र विज्ञापनका लागि सहमति प्रदान गर्नेदेखि लिखित परीक्षाको नतिजा प्रकाशन गर्नेसम्मका क्रियाकलापहरू समावेश गरिन्छ । हालसम्म यस्ता संस्थाहरूबाट पदपूर्ति सम्बन्धी कार्य शुरू भएको छैन ।

## ५.३ प्रतिशत निर्धारण:

प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवामा रिक्त रहेका पदहरूमा पदपूर्तिका लागि प्रचलित कानून बमोजिमको अवधिमा सम्बन्धित निकायले आवश्यक प्रकृया पूरा गरी प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउनु पर्नेछ । यसरी पदपूर्तिका लागि माग प्राप्त भएपछि

कूल रिक्त पदहरूमध्ये के कति पद कुन विधिबाट पूर्ति गर्ने भन्ने विषयमा सम्बन्धित सेवा सम्बन्धी कानूनका आधारमा प्रदेश लोक सेवा आयोगबाट प्रतिशत निर्धारण गरिन्छ । आ.व. २०७९/८० मा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका लागि माग भई आएका विभिन्न पदहरूको प्रतिशत निर्धारण गरी पदपूर्तिका काम कारबाहीहरू अगाडि बढाइएको छ । त्यस्तै प्रदेश प्रहरी सेवा र सङ्गठित संस्थाहरूको रिक्त पदहरूमा सम्बन्धित निकायका कर्मचारी सेवा शर्त सम्बन्धी कानूनमा उल्लिखित प्रावधान अनुसार प्रतिशत निर्धारण गरिन्छ । हालसम्म यस्ता निकायहरूले यस सम्बन्धी कामहरू अघि बढाइसकेको अवस्था छैन । यस अवधिमा भएका प्रतिशत निर्धारण बमोजिम स्थानीय सरकारी सेवा तर्फ विभिन्न सेवा, समूह र तहको जम्मा माग पद संख्या १,५०३ भएकोमा खुला तथा समावेशीतर्फ १,१२५, कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवातर्फ ५४, आन्तरिक प्रतियोगितातर्फ ८७ र जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवातर्फ २३७ पद निर्धारण गरिएको छ । त्यसै गरी प्रदेश निजामती सेवातर्फ विभिन्न सेवा, समूहको सातौं तथा आठौं तहको जम्मा माग पद संख्या २८२ रहेकोमा खुला तथा समावेशीतर्फ १२७, अन्तर स्थानीय तह प्रतियोगितातर्फ २२, कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवातर्फ ९८ र जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवातर्फ ३५ पद निर्धारण गरिएको छ । जसलाई तालिका नं. ११ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ११

## आ.व. २०७९/८० मा गरिएको प्रतिशत निर्धारणको विवरण

### (क) स्थानीय सरकारी सेवातर्फ

| सि. नं. | सेवा | तह | जम्मा माग पद संख्या | पदपूर्ति हुने प्रकृया अनुसारको संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | खुला तथा समावेशी प्रतियोगिता | का.क्ष.मू. | आ.प्र. | जे.र का.स.मू. |
| १ | इन्जिनियरिङ्ग | चौथों | १०२ | ७३ | - | १० | १९ |
| | | पाँचौ | १०७ | ४८ | १९ | - | ४० |
| | | छैटौं | २२ | ७ | - | - | १५ |
| | जम्माः | | २३१ | १२८ | १९ | १० | ७४ |
| २ | कृषि | चौथों | ८६ | ८२ | - | ४ | - |
| | | पाँचौ | ९२ | ७० | १ | - | २१ |
| | | छैटौं | १७ | १७ | - | - | - |
| | जम्माः | | १९५ | १६९ | १ | ४ | २१ |

| सि. नं. | सेवा | तह | जम्मा माग पद संख्या | पदपूर्ति हुने प्रकृया अनुसारको संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | खुला तथा समावेशी प्रतियोगिता | का.क्ष.मू. | आ.प्र. | जे.र का.स.मू. |
| ३ | न्याय | पाँचौ | २ | २ | - | - | - |
| | | छैटौं | ३ | ३ | - | - | - |
| | जम्मा: | | ५ | ५ | ० | ० | ० |
| ४ | प्रशासन | चौथों | १०९ | ८४ | - | १४ | ११ |
| | | पाँचौ | २०७ | ९३ | ३४ | | ८० |
| | | छैटौं | ४२ | ३१ | - | - | ११ |
| | जम्मा: | | ३५८ | २०८ | ३४ | १४ | १०२ |
| ५ | विविध | चौथों | २७ | २३ | - | ३ | १ |
| | | पाँचौ | १६ | ७ | - | - | ९ |
| | | छैटौं | २ | - | - | - | २ |
| | जम्मा: | | ४५ | ३० | ० | ३ | १२ |
| ६ | शिक्षा | पाँचौ | ११ | ११ | - | - | - |
| | | छैटौं | ७ | - | - | - | ७ |
| | जम्मा: | | १८ | ११ | ० | ० | ७ |
| ७ | स्वास्थ्य | चौथों | ४०८ | ४०८ | - | - | - |
| | | पाँचौ | २४३ | १६६ | - | ५६ | २१ |
| | जम्मा: | | ६५१ | ५७४ | ० | ५६ | २१ |
| कूल जम्मा | | | १५०३ | ११२५ | ५४ | ८७ | २३७ |

## (ख) प्रदेश निजामती सेवातर्फ

| सि. नं. | सेवा | तह | जम्मा माग पद संख्या | पदपूर्ति हुने प्रकृया अनुसारको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खुला तथा समावेशी प्रतियोगिता द्वारा | अन्तर स्थानीय तह प्रतियोगिता द्वारा | आन्तरिक अन्तर सेवा प्रतियोगिता द्वारा | का.क्ष.मू. द्वारा | जे.र का.स.मू. द्वारा |
| १ | इन्जिनियरिङ्ग | सातौ | ६६ | २९ | ६ | - | २३ | ८ |
| २ | कृषि | सातौ | ६६ | २७ | ५ | - | २४ | १० |
| ३ | प्रशासन | सातौ | ४३ | १४ | ४ | - | १९ | ६ |
| ४ | शिक्षा | सातौ | ५ | ५ | - | - | - | - |
| ५ | वन | सातौ | ६० | १९ | ६ | - | २६ | ९ |
| ६ | स्वास्थ्य | सातौ र आठौं | ४२ | ३३ | १ | - | ६ | २ |
| कूल जम्मा | | | २८२ | १२७ | २२ | ० | ९८ | ३५ |

स्थानीय सरकारी सेवातर्फ कार्यक्षमता तथा जेष्ठता र का.स.मूद्वारा हुने बढुवाका लागि प्रतिशत निर्धारण गरिएका पदहरूमा पदपूर्तिको प्रकृया अघि बढाउन स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० मा व्यवस्था भएको बढुवा समितिबाट कार्य शुरू गर्न तयारी हुँदै गरेको अवस्थामा प्रतिस्थापन विधेयक पारित हुन नसक्दा रोकिएको अवस्था छ । जसले कर्मचारीहरूको वृति विकासमा अवरोध उत्पन्न भई सेवाप्रति निराशा आउने तथा अन्योलताको अवस्था थप बढने सम्भावना हुने हुँदा यस सम्बन्धी कानून निर्माणमा सम्बद्ध निकायहरूले थप प्रयास गर्नुपर्ने देखिन्छ ।

## ५.४ विज्ञापन:

आयोगको निर्धारित कार्य प्रकृया अनुसार सम्बन्धित निकायबाट कर्मचारीको माग भएर आए पश्चात प्रतिशत निर्धारण भई सम्बन्धित सबैको जानकारीको लागि विज्ञापन प्रकाशन गरिन्छ । विगतका वर्षहरू जस्तै आ.व. २०७९/८० मा पनि सोही प्रकृया अनुसार माग पदहरूको विज्ञापन भई गोरखापत्र राष्ट्रिय दैनिक तथा आयोगको वेवसाइटमा प्रकाशन गर्ने गरिएको छ । जानकारीको सहजताका लागि गोरखापत्र राष्ट्रिय दैनिकमा आयोगको विज्ञापन सोमबार प्रकाशन गर्ने गरिएको छ ।

प्रतिवेदन अवधिमा आयोगबाट प्रतिशत निर्धारण भई जम्मा १४९४ पदका लागि १४० वटा विज्ञापन तथा ४० वटा बढुवा सूचना प्रकाशन गरिएको छ । यस अवधिमा प्रथम पटक प्रदेश निजामती सेवाको

बढूवा सहितको खुला, समावेशी तथा अन्तर स्थानीय तहको विज्ञापन प्रकाशन गरिएको छ भने विगत झैं कानूनको अभावमा स्थानीय सरकारी सेवाको बढुवाको विज्ञापन गर्न सकिएको छैन ।

### ५.४.१ स्थानिय सरकारी सेवातर्फको विज्ञापन

यस आयोगबाट प्रतिवेदन अवधि आ.व. २०७९/८० मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सम्बन्धित स्थानीय तह मार्फत् माग भई यस आयोगबाट प्रतिशत निर्धारण हुँदा खुला र आन्तरिक प्रतियोगितातर्फ कायम भएका स्थानीय सरकारी सेवाका कृषि सेवा, इन्जिनियरिङ्ग सेवा, विविध सेवा, शिक्षा सेवा, प्रशासन सेवा र न्याय सेवाका विभिन्न समूहहरूको सहायकस्तर चौथो तह, सहायकस्तर पाँचौं तह र अधिकृतस्तर छैटौं तहको आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी गरी कूल १२१२ पदका लागि जम्मा ८६ वटा विज्ञापनहरू प्रकाशन गरिएको थियो । जसमा आन्तरिक प्रतियोगितातर्फ ८७ पद, खुलातर्फ ७०९ पद र समावेशीतर्फ ४१६ पद रहेका थिए । जसलाई तालिका नं. १२ तथा चित्र नं. २ मा प्रस्तुत गरिएको छः

तालिका नं. १२

**स्थानीय सरकारी सेवातर्फ भएका विज्ञापन र पदको विवरण**

| सि.नं. | सेवा | विज्ञापन संख्या र पद | आ.प्र. | खुला | महिला | आ.ज. | मधेशी | दलित | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इन्जिनियरिङ | विज्ञापन संख्या | १ | ६ | ५ | २ | ३ | १ | १८ |
| | | पद संख्या | १० | ७२ | २२ | २० | १३ | १ | १३८ |
| २ | कृषि | विज्ञापन संख्या | २ | ८ | २ | ० | ० | ० | १२ |
| | | पद संख्या | ४ | १५६ | १३ | ० | ० | ० | १७३ |
| ३ | न्याय | विज्ञापन संख्या | ० | २ | ० | ० | ० | ० | २ |
| | | पद संख्या | ० | ५ | ० | ० | ० | ० | ५ |
| ४ | प्रशासन | विज्ञापन संख्या | १ | ३ | ३ | ३ | २ | २ | १४ |
| | | पद संख्या | १४ | १०८ | ३० | ४६ | २० | ४ | २२२ |
| ५ | विविध | विज्ञापन संख्या | १ | ४ | २ | १ | १ | ० | ९ |
| | | पद संख्या | ३ | १९ | ९ | १ | १ | ० | ३३ |

| सि.नं. | सेवा | विज्ञापन संख्या र पद | आ.प्र. | खुला | महिला | आ.ज. | मधेशी | दलित | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षा | विज्ञापन संख्या | ० | १ | १ | ० | ० | ० | २ |
| | | पद संख्या | ० | २ | ९ | ० | ० | ० | ११ |
| ७ | स्वास्थ्य | विज्ञापन संख्या | २ | १३ | ५ | ३ | ३ | ३ | २९ |
| | | पद संख्या | ५६ | ३४७ | १२२ | ६१ | २९ | १५ | ६३० |
| जम्माः | | विज्ञापन संख्या | ७ | ३७ | १८ | ९ | ९ | ६ | ८६ |
| | | पद संख्या | ८७ | ७०९ | २०५ | १२८ | ६३ | २० | १२१२ |

चित्र नं. २

**स्थानीय सरकारी सेवातर्फ विज्ञापन भएको पद संख्या**




स्थानीय सरकारी सेवातर्फ विज्ञापन भएका पदहरूको संख्या विश्लेषण गर्दा आ.व. २०७९/८० मा आ.व. २०७८/७९ भन्दा ११०% ले वृद्धि भएको देखिन्छ । आ.व. २०७८/७९ मा जम्मा ४७ वटा विज्ञापन भएकोमा गत आ.व. मा ८६ वटा विज्ञापन भएको छ । गत आ.व. मा स्वास्थ्य सेवातर्फ भएको विज्ञापनका कारणले मूलतः यस प्रकारको वृद्धि देखिएको हो । जसलाई सेवा अनुसार तालिका नं. १३ र चित्र नं. ३ मा प्रस्तुत गरिएको छः

तालकिा नं. १३

**आ.व. २०७८/७९ र २०७९/८० मा विज्ञापन भएको पद संख्या**

| सि.नं. | सेवा | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
|---|---|---|---|
| १ | इन्जिनियरिङ्ग | २३ | १३८ |
| २ | कृषि | २०० | १७३ |
| ३ | न्याय | ३ | ५ |
| ४ | प्रशासन | २८५ | २२२ |
| ५ | विविध | ३५ | ३३ |
| ६ | शिक्षा | ३१ | ११ |
| ७ | स्वास्थ्य | ० | ६३० |
| **जम्मा** | | **५७७** | **१२१२** |

चित्र नं. ३

**विज्ञापन भएका पद संख्याको तुलनात्मक विवरण**




## ५.४.२ प्रदेश निजामती सेवातर्फको विज्ञापनः

प्रथम पटक विज्ञापन गरिएको प्रदेश निजामती सेवातर्फ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् माग भई यस आयोगबाट प्रतिशत निर्धारण हुँदा बढुवा (कार्यक्षमता मूल्याङ्कन र जेष्ठता तथा कार्य सम्पादन मूल्याङ्कन), खुला तथा अन्तर स्थानीय तहतर्फ कायम भएका विभिन्न सेवा समूहहरूको अधिकृत स्तर सातौं तहको कूल २८२ पदका लागि ५४ विज्ञापन र ४० वटा बढुवा सम्बन्धी सूचनाहरू प्रकाशन गरिएको थियो । जसमा बढुवातर्फ १३३, खुलातर्फ ७८, समावेशीतर्फ ४९ र अन्तर स्थानीय तहतर्फ २२ पद रहेका छन् ।

यस अवधिमा भएका प्रदेश निजामती सेवातर्फको विज्ञापन र विज्ञापित पद संख्यालाई तालिका नं. १४ र चित्र नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १४

## प्रदेश निजामती सेवातर्फ भएका विज्ञापन र पदको विवरण

| सि.नं. | सेवा | विज्ञापन वा बढुवा सूचना संख्या र पद | जेष्ठता र का. स. मू. | कार्यक्षमता मूल्याङ्कन | अन्तर स्थानीय तह | खुला | आ.ज. | महिला | दलित | थारू | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इन्जिनियरिङ्ग | विज्ञापन वा बढुवा सूचना संख्या | ५ | ६ | २ | ४ | २ | २ | २ | ० | २३ |
| | | पद संख्या | ८ | २३ | ६ | १७ | ७ | ३ | २ | ० | ६६ |
| २ | कृषि | विज्ञापन वा बढुवा सूचना संख्या | ७ | ८ | २ | ३ | २ | १ | १ | ० | २४ |
| | | पद संख्या | १० | २४ | ५ | १५ | ६ | ४ | २ | ० | ६६ |
| ३ | प्रशासन | विज्ञापन वा बढुवा सूचना संख्या | ३ | ४ | १ | २ | १ | १ | १ | ० | १३ |
| | | पद संख्या | ६ | १९ | ४ | ९ | ३ | १ | १ | ० | ४३ |
| ४ | वन | विज्ञापन वा बढुवा सूचना संख्या | १ | २ | १ | १ | १ | १ | १ | १ | ९ |
| | | पद संख्या | ९ | २६ | ६ | ११ | ३ | ३ | १ | १ | ६० |
| ५ | शिक्षा | विज्ञापन वा बढुवा सूचना संख्या | ० | ० | ० | ५ | ० | ० | ० | ० | ५ |
| | | पद संख्या | ० | ० | ० | ५ | ० | ० | ० | ० | ५ |
| ६ | स्वास्थ्य | विज्ञापन वा बढुवा सूचना संख्या | १ | ३ | १ | ७ | ४ | २ | २ | ० | २० |
| | | पद संख्या | २ | ६ | १ | २१ | ६ | ४ | २ | ० | ४२ |
| **जम्माः** | | **विज्ञापन वा बढुवा सूचना संख्या** | **१७** | **२३** | **७** | **२२** | **१०** | **७** | **७** | **१** | **९४** |
| | | **पद संख्या** | **३५** | **९८** | **२२** | **७८** | **२५** | **१५** | **८** | **१** | **२८२** |

समावेशी समूहतर्फ प्रतिशत निर्धारण गर्दा आर्थिक रूपले विपन्न खस आर्य, मधेशी, मुस्लिम र अपाङ्ग समूहतर्फ पद संख्या शून्य भएकोले तालिकामा उल्लेख गरिएको छैन

चित्र नं. ४

## प्रदेश निजामती सेवातर्फ विज्ञापन भएको पद संख्या



### ५.४.३ खुला र समावेशी समूहको विज्ञापनः

यस आयोगबाट प्रतिवेदन अवधिमा स्थानीय सरकारी सेवातर्फ भएको १-८६/०७९-८० सम्मका विज्ञापनहरूमा खूलातर्फ कूल ११२५ पद संख्याको विज्ञापन गरिएकोमा खुलातर्फ ७०९ र समावेशीको महिला, आदिवासी जनजाती, मधेशी र दलिततर्फ क्रमशः २०५, १२८, ६३ र २० पद संख्या रहेको छ । प्रत्येक स्थानीय तहलाई छुट्टै इकाई मानी समावेशीतर्फको प्रतिशत निर्धारण भएकोले प्रस्तुत तथ्याङ्क सामान्य रूपमा हर्दा कानून बमोजिम निर्धारित समावेशीतर्फको प्रतिशत अनुसार नमिलेको जस्तो देखिन्छ । प्रदेश निजामती सेवातर्फ ८७-१४०/०७९-८० सम्मका विज्ञापनहरूमा खुला तथा समावेशीतर्फ कूल १२७ पद संख्याको विज्ञापन भएकोमा खुलातर्फ ७८ तथा आदिवासी जनजाती, महिला, दलित तथा थारूतर्फ क्रमशः २५, १५, ८ र १ पद संख्या रहेको छ । जसलाई चित्र नं. ५ मा प्रस्तुत गरिएको छः

**चित्र नं. ५**
**विज्ञापित पदहरूको वर्गीकरण**







### ५.५ दरखास्तः

आ.व. २०७९/८० मा आयोगबाट भएका कूल विज्ञापनहरूमा जम्मा १,४६,०६९ उमेदवारको दरखास्त पेश भएकोमा स्थानीय सरकारी सेवातर्फ १,३५,१३१ र प्रदेश निजामती सेवातर्फ १०,९३८ जना उम्मेदवारको दरखास्त पेश भएको छ । स्थानीय सरकारी सेवातर्फ प्रमुख रूपमा शैक्षिक योग्यता नपुगेको, उमेर नपुगेको तथा बढी भएका, तोकिएको अनुभव प्राप्त नगरेको, आवश्यक कागजात नपुगेका लगायतका कारणले १.३८% दरखास्त अस्वीकृत भएको छ । कूल दरखास्त मध्ये महिला जम्मा ४४.६% प्रतिशत रहेकोमा माथिल्लो तहको पदमा यो प्रतिशत झनै कम देखिन्छ । कुल दरखास्त मध्ये सबभन्दा बढी चौथो तहमा र त्यसपछि पाँचौ र छैटौं तहमा देखिएको छ । जसलाई तालिका नं. १५ र चित्र नं. ६ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १५
## स्थानीय सरकारी सेवातर्फ पेश भएका दरखास्तको विवरण

| विज्ञापन भएको तह | कूल परेको दरखास्त | | | स्वीकृत भएका दरखास्त | | | | अस्वीकृत दरखास्त | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | प्रतिशत | महिला | पुरूष | जम्मा | प्रतिशत |
| चौथो | ३५००८ | ४०४४५ | ७५४५३ | ३४४०३ | ३९९१६ | ७४३१९ | ९८.५ | ६०५ | ५२९ | ११३४ | १.५० |
| पाचौ | २४१६३ | ३१२९४ | ५५४५७ | २३८६८ | ३०८७३ | ५४७४१ | ९८.७ | २९५ | ४२१ | ७१६ | १.२९ |
| छैटौ | १११६ | ३१०५ | ४२२१ | १११४ | ३०९२ | ४२०६ | ९९.६ | २ | १३ | १५ | ०.३६ |
| **जम्मा:** | **६०२८७** | **७४८४४** | **१३५१३१** | **५९३८५** | **७३८८१** | **१३३२६६** | **९८.६२** | **९०२** | **९६३** | **१८६५** | **१.३८** |
| **प्रतिशत** | **४४.६** | **५५.४** | **१००** | **४४.६** | **५५.४** | **१००** | | **४८.४** | **५१.६** | **१००** | |

## चित्र नं. ६
## स्थानीय सरकारी सेवातर्फ पेश भएका दरखास्त प्रतिशत




त्यस्तै प्रदेश निजामती सेवातर्फ इन्जिनियरिङ्ग, कृषि, प्रशासन, वन, शिक्षा तथा स्वास्थ्य सेवाका अधिकृतस्तर सातौं र आठौं तहको कूल २८२ संख्याको पदपूर्तिका लागि विज्ञापन प्रकाशन भएकोमा महिला उम्मेदवारको संख्या न्यून (२३.३%) देखिएको छ । सो विज्ञापनको अन्तिम म्याद आ.व. २०८०/८१ को श्रावण ७ गतेसम्म भएको हुँदा तल उल्लेखित तालिका नं. १६ मा आ.व. २०७९/८० को असार मसान्तसम्मको तथ्याङ्क मात्र प्रस्तुत गरिएको छ भने उक्त पेश भएका दरखास्तहरूको छानबिनको प्रकृयामा रहेको छ ।

तालिका नं. १६

## प्रदेश निजामती सेवातर्फ पेश भएका दरखास्तको विवरण

| विज्ञापन भएको तह | कूल परेको दरखास्त | | |
|---|---|---|---|
| | महिला | पुरूष | जम्मा |
| सातौं | २२४८ | ७६१५ | ९८६३ |
| आठौं | ३०१ | ७७४ | १०७५ |
| **कूल जम्मा** | **२५४९** | **८३८९** | **१०९३८** |
| **प्रतिशत** | **२३.३०** | **७६.७०** | **१००** |

### ५.५.१ विज्ञापनको प्रकार अनुसार दरखास्तको वर्गीकरणः

आ.व. २०७९/८० मा १,३३,२६६ उमेदवारहरूको आवेदन स्वीकृत भएकोमा उक्त उम्मेदवारहरूबाट २,३०,०२९ दरखास्त पेश (एक उम्मेदवारले एउटै पदको विभिन्न समूह आ.प्र., खुला तथा समावेशी समूहरूमा आवेदन गर्न सक्ने) भएको छ । यस अवधिमा भएका विज्ञापनहरू अनुसार पेश भएका दरखास्तहरू मध्ये सबभन्दा बढी खुलातर्फ (५६.५७%) पेश भएको छ भने समावेशीतर्फ ४३.११% र आन्तरिक प्रतियोगितातर्फ ०.३२% पेश भएको छ । समग्रमा सवै प्रकारका विज्ञापनहरूमा आ.व. २०७८/७९ भन्दा आ.व. २०७९/८० मा दरखास्तको संख्या बढेको छ भने कूल दरखास्तमा ७१.८% ले वृद्धि भएको देखिन्छ । विज्ञापनको प्रकार अनुसार पेश भएका दरखास्तको विवरण तालिका नं. १७ र चित्र नं. ७ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १७

## विज्ञापनको प्रकार अनुसार दरखास्त संकलन अवस्था

| सि.नं. | विवरण | आ.व. २०७८/७९ को जम्मा | आ.व. २०७९/८० मा संकलित दरखास्त संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | जम्मा | प्रतिशत |
| १ | आन्तरिक प्रतियोगितातर्फ | ३५० | २७९ | ४५३ | ७३२ | ०.३२ |
| २ | खुला प्रतियोगितातर्फ | ९५७८१ | ५६८६९ | ७३२६३ | १३०१३२ | ५६.५७ |
| ३ | समावेशी प्रतियोगितातर्फ जम्मा | ३७७२७ | ६८३३२ | ३०८३३ | ९९१६५ | ४३.११ |
| | क) महिला | २२४९५ | ५२३०४ | | ५२३०४ | ५२.७४ |
| | ख) आ.ज. | ७८५७ | ९३८८ | ९२५३ | १८६४१ | १८.८० |
| | ग) मधेशी | ६५७१ | ५४१४ | १९०६६ | २४४८० | २४.६९ |
| | घ) दलित | ८०४ | १२२६ | २५१४ | ३७४० | ३.७७ |
| | **जम्माः** | **१३३८५८** | **१२५४८०** | **१०४५४९** | **२३००२९** | **१००** |
| | **प्रतिशत** | | **५४.५५** | **४५.४५** | **१००** | |

चित्र नं. ७

**विज्ञापनको प्रकार अनुसार दरखास्त संकलन अवस्था**




### ५.५.२ विज्ञापित पद अनुसार संकलित दरखास्त संख्या र प्रति पद औसत दरखास्त

आ.व. २०७९/८० मा भएका कुल ३७ पदनामका विज्ञापनहरूमा स्वीकृत भएका दरखास्तहरूको विश्लेषण गर्दा प्रति पद औसत दरखास्त कृषि सेवा ला.पो.एण्ड डे.डे. समूह अधिकृतस्तर छैटौं तह सहायक पशु विकास अधिकृत पदको सबभन्दा कम (१६.३) र शिक्षा सेवा शिक्षा प्रशासन समूह सहायकस्तर पाँचौ तह प्रविधिक सहायक पदको सबभन्दा बढी (७९२.६) रहेको छ भने औसतमा प्रति पद दरखास्त ११० रहेको देखिएको छ ।

यस अवधिमा भएका विभिन्न सेवा, समूहका विभन्न तह र पदका लागि प्रकाशित विज्ञापनहरूमा संकलित दरखास्त संख्याको तथ्याङ्क माग पद संख्या र प्रति पद औसत दरखास्त तलको तालिका नं. १८ र चित्र नं. ८ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १८

**विज्ञापित पद अनुसार संकलित दरखास्त संख्या र प्रति पद औसत दरखास्त**

| सि.नं. | विज्ञापित पद विवरण | | | | | संकलित दरखास्त संख्या | प्रतिपद औसत दरखास्त |
|---|---|---|---|---|---|---|---|
| | पद | तह | सेवा | समूह/उप समूह | माग पद | | |
| १ | इन्जिनियर | ६ | इन्जिनियरिङ | सिभिल | ७ | ८८६ | १२६.६ |
| २ | सकृप्रअ/सबासंअ | ६ | कृषि | कृ.प्र./बा.सं. | ११ | ५७० | ५१.८ |

| सि.नं. | विज्ञापित पद विवरण | | | | | संकलित दरखास्त संख्या | प्रतिपद औसत दरखास्त |
|---|---|---|---|---|---|---|---|
| | पद | तह | सेवा | समूह/उप समूह | माग पद | | |
| ३ | सहायक पशु चिकित्सक | ६ | कृषि | भेटेरीनरी | ३ | ५० | १६.७ |
| ४ | सहायक पशु विकास अधिकृत | ६ | कृषि | ला.पो.एण्ड डे.डे | ३ | ४९ | १६.३ |
| ५ | अधिकृत/ले.अ. | ६ | प्रशासन | सा.प्र./लेखा | ३१ | २५४१ | ८२.० |
| ६ | कानून अधिकृत | ६ | न्याय | कानून | ३ | ११० | ३६.७ |
| ७ | हेल्थ असिस्टेन्ट | ५ | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | १७५ | ५६५२ | ३२.३ |
| ८ | स्टाफ नर्स | ५ | स्वास्थ्य | जनरल नर्सिङ | ३० | २५१२ | ८३.७ |
| ९ | पब्लिक हेल्थ नर्स | ५ | स्वास्थ्य | कम्युनिटी नर्सिङ | ७ | ६९५ | ९९.३ |
| १० | कविराज | ५ | स्वास्थ्य | आयुर्वेद | १ | १३१ | १३१.० |
| ११ | ल्याव टेक्निसियन | ५ | स्वास्थ्य | मे.ल्या.टे | २ | ५०८ | २५४.० |
| १२ | फार्मेसी सहायक | ५ | स्वास्थ्य | फार्मेसी | २ | ३१४ | १५७.० |
| १३ | एनेस्थेसिया | ५ | स्वास्थ्य | विविध | २ | ४१ | २०.५ |
| १४ | रेडियोग्राफर | ५ | स्वास्थ्य | रेडियोग्राफी | २ | २२४ | ११२.० |
| १५ | डेन्टल हाइजेनिस्ट | ५ | स्वास्थ्य | डेन्टिस्ट्रि | १ | ६४ | ६४.० |
| १६ | अ.हे.व | ४ | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | २०२ | १३३२९ | ६६.० |
| १७ | अ.न.मी. | ४ | स्वास्थ्य | कम्युनिटी नर्सिङ | १९५ | ८०१३ | ४१.१ |
| १८ | वैद्य | ४ | स्वास्थ्य | आयुर्वेद | ३ | ४९६ | १६५.३ |
| १९ | ल्याव असिस्टेन्ट | ४ | स्वास्थ्य | मे.ल्या.टे | ८ | १६८४ | २१०.५ |
| २० | सब इन्जिनियर | ५ | इन्जिनियरिङ | सिभिल | ४७ | ८१३७ | १७३.१ |
| २१ | सर्भेक्षक | ५ | इन्जिनियरिङ | सर्भे | १ | १९९ | १९९.० |

| सि.नं. | विज्ञापित पद विवरण | | | | | संकलित दरखास्त संख्या | प्रतिपद औसत दरखास्त |
|---|---|---|---|---|---|---|---|
| | पद | तह | सेवा | समूह/उप समूह | माग पद | | |
| २२ | प्राविधिक सहायक | ५ | कृषि | कृ.प्र./बागवानी/ बाली संरक्षण | २९ | ३७०८ | १२७.९ |
| २३ | प.स्वा.प्रा./प.से.प्रा. | ५ | कृषि | भेटेरीनरी/ ला.पो.ए.डे.डे | ३५ | १४७७ | ४२.२ |
| २४ | प्राविधिक सहायक | ५ | कृषि | मत्स्य | ६ | ८७५ | १४५.८ |
| २५ | कम्प्युटर अपरेटर | ५ | विविध | | ६ | ३१२५ | ५२०.८ |
| २६ | प्राविधिक सहायक | ५ | शिक्षा | शिक्षा प्रशासन | ११ | ८७१८ | ७९२.६ |
| २७ | अ.स.इन्जिनियर | ४ | इन्जिनियरिङ | सिभिल | ६५ | ८९६३ | १३७.९ |
| २८ | खा.पा.स.टे. | ४ | इन्जिनियरिङ | सिभिल/स्यानिटरी | ८ | २५१३ | ३१४.१ |
| २९ | अमिन | ४ | इन्जिनियरिङ | सर्भे | १० | २३०० | २३०.० |
| ३० | ना.प्रा.सहायक | ४ | कृषि | कृ.प्र./बा.सं./ एग्रोनोमी | ३४ | ७६०७ | २२३.७ |
| ३१ | ना.प.स्वा.प्रा./ना.प.से.प्रा. | ४ | कृषि | भेटेरीनरी/ ला.पो.ए.डे.डे | ५२ | ५४३२ | १०४.५ |
| ३२ | स.क.अपरेटर | ४ | विविध | | ११ | ३३७१ | ३०६.५ |
| ३३ | सहायक/ले.स./ आ.ले.प.स. | ५ | प्रशासन | सा.प्र./लेखा/ आ.ले.प. | ९३ | १७७४३ | १९०.८ |
| ३४ | सहायक | ५ | न्याय | कानून | २ | २६८ | १३४.० |
| ३५ | महिला विकास निरीक्षक | ५ | विविध | | १ | ३५० | ३५०.० |
प्रतिवेदन अवधिमा आयोगबाट भएको उम्मेदवारको सिफारिस संख्यालाई उम्मेदवारको बसोबासको जिल्लाका आधारमा तालिका नं. ३६ मा प्रस्तुत गरिएको छ । उम्मेद्वारहरूको बासोबासको जिल्लाका आधारमा पेश भएका दरखास्त र सिफारिस सम्बन्धी विवरण चित्र नं. १८ मा प्रस्तुत गरिएको छ । यसरी हेर्दा सबभन्दा बढी दरखास्त मोरङ्ग जिल्लाबाट (७.३%) र सबभन्दा बढी सिफारिस झापा जिल्लाबाट (७.०९%) भएको देखिन्छ । समग्रमा नेपाल राज्यभरका ७७ जिल्ला मध्ये सबै जिल्लाबाट दरखास्त प्राप्त भएको देखिन्छ भने सिफारिसतर्फ हेर्दा ६७ जिल्लाका उम्मेद्वारहरू सिफारिस भएको देखिन्छ ।

# चित्र नं. १८


जिल्लागत सिफारिस विवरण
कालिकोट ०.२४
रुकुम(पूर्वी) ०.२४
कास्की ०.२४
न.प.(पूर्व) ०.२४
काठमाण्डौ ०.२४
मकवानपुर ०.२४
डडेल्धुरा ०.४९
कञ्चनपुर ०.४९
बाजुरा ०.४९
अछाम ०.४९
मुगु ०.४९
हुम्ला ०.४९
जुम्ला ०.४९
पाल्पा ०.४९
पर्वत ०.४९
बाग्लुङ ०.४९
सिन्धुपाल्चोक ०.४९
डोटी ०.७३
रुपन्देही ०.७३
कपिलवस्तु ०.७३
रोल्पा ०.७३
काभ्रेपलाञ्चोक ०.७३
दोलखा ०.७३
ताप्लेजुङ ०.७३
सुर्खेत ०.९८
सल्यान ०.९८
बाँके ०.९८
गोरखा ०.९८
भक्तपुर ०.९८
धादिङ ०.९८
रामेछाप ०.९८
सोलुखुम्बु ०.९८
गुल्मी १.२२
बर्दिया १.२२
चितवन १.२२
पर्सा १.२२
रौतहट १.२२
तेह्रथुम १.२२
कैलाली १.४७
बैतडी १.४७
दार्चुला १.४७
बझाङ १.४७
जाजरकोट १.४७
रुकुम(पश्चिम) १.४७
प्युठान १.४७
बारा १.४७
पाँचथर १.४७
सिन्धुली १.७१
सप्तरी १.७१
ओखलढुङ्गा १.७१
दाङ १.९६
महोत्तरी १.९६
दैलेख २.२०
स्याङजा २.२०
अर्घाखाँची २.४४
सर्लाही २.६९
धनुषा २.६९
भोजपुर २.६९
संखुवासभा २.६९
सिराहा २.९३
इलाम २.९३
उदयपुर ३.१८
खोटाङ ३.१८
धनकुटा ३.९१
सुनसरी ४.४०
मोरङ ५.३८
झापा ७.०९
०.०० २.०० ४.०० ६.०० ८.००
प्रतिशत


जिल्लागत दरखास्त विवरण
मनाङ ०.००
मुस्ताङ ०.००
रसुवा ०.००
रुकुम(पूर्वी) ०.१०
म्याग्दी ०.१०
भक्तपुर ०.१०
ललितपुर ०.१०
लमजुङ ०.२०
कास्की ०.२०
न.प.(पूर्व) ०.२०
तनहुँ ०.२०
पर्वत ०.२०
काठमाडौं ०.२०
नुवाकोट ०.२०
चितवन ०.२०
डोल्पा ०.३०
न.प.(पश्चिम) ०.३०
पाल्पा ०.३०
बागलुङ ०.३०
स्याङजा ०.३०
सिन्धुपाल्चोक ०.३०
धादिङ ०.३०
काभ्रेपलाञ्चोक ०.३०
अर्घाखाँची ०.४०
बाँके ०.४०
गोरखा ०.४०
मकवानपुर ०.४०
डडेलधुरा ०.५०
मुगु ०.५०
गुल्मी ०.५०
रुपन्देही ०.५०
दोलखा ०.५०
डोटी ०.६०
कपिलवस्तु ०.६०
प्यूठान ०.६०
रामेछाप ०.६०
हुम्ला ०.७०
कञ्चनपुर ०.८०
बाजुरा ०.८०
बर्दिया ०.८०
दाङ ०.८०
सुर्खेत ०.९०
रोल्पा ०.९०
सोलुखुम्बु ०.९०
कैलाली १.००
अछाम १.००
बैतडी १.००
दार्चुला १.१०
जाजरकोट १.१०
कालिकोट १.२०
सिन्धुली १.२०
बझाङ १.३०
सल्यान १.३०
ताप्लेजुङ १.३०
तेह्रथुम १.३०
दैलेख १.४०
पर्सा १.४०
पाँचथर १.६०
जुम्ला १.७०
ओखलढुङ्गा १.७०
रुकुम(पश्चिम) २.००
बारा २.२०
भोजपुर २.३०
संखुवासभा २.३०
धनकुटा २.४०
उदयपुर २.६०
इलाम २.७०
खोटाङ २.८०
रौतहट ३.३०
महोत्तरी ३.४०
सर्लाही ३.६०
धनुषा ३.८०
झापा ४.५०
सिरहा ४.६०
सुनसरी ५.३०
सप्तरी ७.००
मोरङ ७.३०
०.०० २.०० ४.०० ६.०० ८.००
प्रतिशत

## ७.३ वैकल्पिक उम्मेदवार सिफारिस

प्रतिवेदन अवधिमा आयोगबाट सिफारिस भएका विभिन्न उम्मेदवारहरूले सिफारिस भएको मितिले १ वर्ष नपुगी अन्यत्र सिफारिस भएको तथा अन्य कारणले सेवाबाट हटेको अवस्थामा सम्बन्धित विज्ञापनको वैकल्पिक सूचीमा रहेका अन्य उम्मेदवारलाई सिफारिस गरी पठाउने कानूनी व्यवस्था अनुसार यस अवधिमा आयोगबाट भएको वैकल्पिक उम्मेदवार सिफारिस सम्बन्धी विवरण तालिका नं. ३७ मा प्रस्तुत गरिएको छ । जस अनुसार प्रतिवेदन अवधीमा जम्मा ४४ जना वैकल्पिक उम्मेद्वार सिफारिस गरिएको छ । यद्यपी थप वैकल्पिक उम्मेदवारहरूको उपलब्धता नभएका कारणले विभिन्न स्थानीय तहहरूबाट प्राप्त माग बमोजिम वैकल्पिक उम्मेदवार सिफारिस गर्न सकिएको छैन ।

तालिका नं. ३७

**वैकल्पिक उम्मेदवार सिफारिसको स्थानीय तहगत विवरण**

| सेवा | समूह | तह | सिफारिस संख्या | सिफारिस भएको निकाय |
|---|---|---|---|---|
| इन्जिनियरिङ | सर्भे | ४ | १ | दुहवी नगरपालिका, सुनसरी |
| | | | ३ | बिराटनगर महानगरपालिका, मोरङ |
| | | | १ | सोलु दुधकुण्ड नगरपालिका, सोलुखुम्बु |
| | सिभिल | ५ | १ | थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु |
| | | | १ | रामप्रसादराई गाउँपालिका, भोजपुर |
| | | ४ | १ | हिलिहाङ गाउँपालिका, पाँचथर |
| कृषि | भेटेरीनरी | ५ | २ | याङवरक गाउँपालिका, पाँचथर |
| | | ४ | १ | मोलुङ गाउँपालिका, ओखलढुङ्गा |
| | | | १ | साकेला गाउँपालिका,खोटाङ |
| | ला.पो.एण्ड डे.डे. | ४ | १ | चिशंखुगढी गाउँपालिका, ओखलढुंगा |
| | | | १ | मोलुङ गाउँपालिका, ओखलढुङ्गा |
| न्याय | कानून | ५ | १ | थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु |

| सेवा | समूह | तह | सिफारिस संख्या | सिफारिस भएको निकाय |
|---|---|---|---|---|
| प्रशासन | लेखा | ६ | १ | उदयपुरगढी गाउँपालिका, उदयपुर |
| | | | १ | हिलिहाङ गाउँपालिका, पाँचथर |
| | | ५ | १ | हल्दीबारी गाउँपालिका, झापा |
| | सामान्य प्रशासन | ६ | १ | कटारी नगरपालिका, उदयपुर |
| | | | ३ | बिराटनगर महानगरपालिका, मोरङ |
| | | | २ | साल्पा सिलिछो गाउँपालिका, भोजपुर |
| | | ५ | १ | खाँदवारी नगरपालिका, संखुवासभा |
| | | | १ | झापा गाउँपालिका, झापा |
| | | | १ | फक्ताङलुङ गाउँपालिका, ताप्लेजुङ्ग |
| | | | २ | फिदिम नगरपालिका, पाँचथर |
| | | | १ | सोलु दुधकुण्ड नगरपालिका, सोलुखुम्बु |
| | | ४ | १ | दुहवी नगरपालिका, सुनसरी |
| विविध | कम्प्युटर | ५ | १ | दिप्रूङ चुइचुम्मा गाउँपालिका, खोटाङ |
| | | | १ | दुहवी नगरपालिका, सुनसरी |
| | | | १ | हल्दीबारी गाउँपालिका, झापा |
| | महिला विकास | ४ | १ | अरूण गाउँपालिका, भोजपुर |
| | | | १ | जन्तेढुंगा गाउँपालिका, खोटाङ |
| | | | १ | झापा गाउँपालिका, झापा |
| | | | २ | साल्पा सिलिछो गाउँपालिका, भोजपुर |
| शिक्षा | शिक्षा प्रशासन | ५ | १ | थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु |
| | | | १ | फक्ताङलुङ गाउँपालिका, ताप्लेजुङ्ग |
| | | | १ | रामप्रसादराई गाउँपालिका, भोजपुर |
| स्वास्थ्य | जनरल नर्सिङ्ग | ५ | १ | फालेलुङ गाउँपालिका,पाँचथर |
| | | | १ | माई नगरपालिका, इलाम |
| **जम्मा:** | | | ४४ | |

## ७.४ अस्थायी उम्मेदवार सिफारिस

प्रतिवेदन अवधिमा स्थानीय तहबाट स्थायी पदपूर्तिका लागि माग भई विभिन्न कारणले आयोगबाट सो का लागि उम्मेदवार सिफारिस नभएको अवस्थामा पुनः स्थानीय तहको माग बमोजिम जम्मा १० जना अस्थायी उम्मेदवार सिफारिस गरिएको छ । जसको विस्तृत विवरण तालिका नं. ३८ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३८

**अस्थायी उम्मेदवार सिफारिस सम्बन्धी विवरण**

| सेवा | समूह | तह | सिफारिस संख्या | सिफारिस भएको निकाय |
|---|---|---|---|---|
| इन्जिनियरिङ | सिभिल | ६ | १ | मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ |
| | | | १ | लेटाङ नगरपालिका, लेटाङ |
| | | ४ | २ | हतुवागढी गाउँपालिका, भोजपुर |
| प्रशासन | सामान्य प्रशासन | ५ | १ | मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ |
| | | | १ | चौदण्डीगढी नगरपालिका, उदयपुर |
| | | ४ | २ | मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ |
| | | | १ | लेटाङ नगरपालिका, लेटाङ |
| | | | १ | चौदण्डीगढी नगरपालिका, उदयपुर |
| जम्माः | | | १० | |

परिच्छेद ८

# समावेशी पदपूर्ति

सार्वजनिक सेवामा समावेशीकरणका लागि प्रचलित कानूनमा भएको व्यवस्था अनुरूप आयोगले गरेको शुरूवाती विज्ञापनदेखि नै तोकिएको समावेशी समूहका उम्मेदवार बीच प्रतिस्पर्धा हुने गरी प्रतिशत निर्धारण, विज्ञापन, परीक्षा सञ्चालन, अन्तर्वार्ता लगायतका छनौट प्रकृयाहरू अवलम्वन गर्दै आएको छ । यसका लागि प्रतिवेदन अवधीमा कर्मचारी समायोजन ऐन, २०७५ ले निर्दिष्ट गरेअनुसार प्रचलित निजामती सेवा ऐन, २०४९ ले व्यवस्था गरे बमोजिमको प्रतिशत नै अवलम्वन गरी कूल माग पद संख्यालाई खुला तथा समावेशीतर्फको पद संख्या छुट्याई प्रतिशत निर्धारणदेखि सिफारिससम्मका प्रकृयाहरू अवलम्वन गर्ने गरिएको छ ।

## ८.१ समावेशी समूहतर्फ विज्ञापन र दरखास्त

प्रतिवेदन अवधिमा भएका समावेशी विज्ञापन र सो विज्ञापन अनुसार पर्न आएका दरखास्तको समावेशी आँकडा तालिका नं. ३९ मा उल्लेख गरिएको छ । आ.व. २०७९/८० मा समावेशी समूहतर्फ विगत वर्ष झैं सबभन्दा बढी विज्ञापन, माग पद संख्या र दरखास्त महिला समूहतर्फ देखिन्छ भने सबभन्दा कम दलित समूहतर्फ देखिन्छ । आ.व. २०७८/७९ र २०७९/८० बीच तुलना गर्दा समावेशीतर्फको दरखास्त करीब १६३% ले वृद्धि भएको देखिन्छ भने विज्ञापन संख्या र माग पद संख्या समेत अत्याधिक बढेको छ ।

तालिका नं. ३९

**आ.व. ०७८/७९ र आ.व. २०७९/८० मा भएका समावेशी विज्ञापन र दरखास्त**

| समावेशी समूह | गत आ.व. २०७८/७९ को | | | यस आ.व. २०७९/८० को | | |
|---|---|---|---|---|---|---|
| | विज्ञापन संख्या | पद संख्या | दरखास्त संख्या | विज्ञापन संख्या | पद संख्या | दरखास्त संख्या |
| महिला | ९ | ६७ | २२४९५ | १८ | २०५ | ५२३०४ |
| आ.ज. | ४ | २१ | ७८५७ | ९ | १२८ | १८६४१ |
| मधेशी | ३ | ७ | ६५७० | ९ | ६३ | २४४८० |
| दलित | २ | ३ | ८०४ | ६ | २० | ३७४० |
| जम्मा | १८ | ९८ | ३७७२६ | ४२ | ४१६ | ९९१६५ |

## ८.२ समावेशी समूहतर्फ सिफारिस

प्रतिवेदन अवधिमा समावेशी समूहतर्फ जम्मा सिफारिस १०१ जना मध्ये सबभन्दा बढी ६३ (कूल समावेशी सिफारिसको ६२.३८%) जना महिला समूहतर्फ सिफारिस भएको छ । तर आदिवासी जनजाति समूहतर्फ समेतको महिला १ जना थप गर्दा कूल ६३.३७% महिला सिफारिस भएको देखिन्छ । यद्यपी यो माग पदभन्दा कम रहेको छ । आ.व. २०७९/८० मा समावेशी समूहतर्फ भएका कतिपय विज्ञापनहरूमा माग पद बमोजिम परीक्षार्थी उत्तीर्ण नभएका कारणले कम सिफारिस भएको छ भने कतिपय विज्ञापनहरूको परीक्षाको नतिजा आउने क्रममा रहेको छ । समावेशी समूहतर्फ भएका सिफारिसहरूको तहगत तथा लैंगिक विवरण तालिका नं. ४० मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४०

**समावेशी समूहतर्फ सिफारिस संख्या**

| विज्ञापनको प्रकार | महिला | | | | पुरूष | | | | कूल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चौथो तह | पाँचौ तह | छैटौं तह | जम्मा | चौथो तह | पाँचौ तह | छैटौं तह | जम्मा | | |
| महिला | २३ | ३७ | ३ | ६३ | ० | ० | ० | ० | ६३ | ६२.३८ |
| आ.ज. | ० | १ | ० | १ | ८ | १९ | १ | २८ | २९ | २८.७१ |
| मधेशी | ० | ० | ० | ० | २ | ५ | ० | ७ | ७ | ६.९३१ |
| दलित | ० | ० | ० | ० | ० | २ | ० | २ | २ | १.९८ |
| कूल जम्मा | २३ | ३८ | ३ | ६४ | १० | २६ | १ | ३७ | १०१ | १०० |

## ८.३ सिफारिसमा महिलाहरूको संख्यात्मक स्थिति

आयोगबाट प्रतिवेदन अवधीमा सिफारिस भएका जम्मा ४०९ उम्मेदवार मध्ये महिला लगायत अन्य समूहतर्फ समेतको महिला उम्मेदवारको गणना गर्दा जम्मा १२५ जना (३०.६%) महिला उम्मेदवारको सिफारिस भएको देखिन्छ । जस मध्ये सबभन्दा बढी पाँचौ र सबभन्दा कम छैटौं तहमा रहेको छ । साथै खुलातर्फ समेत ५१ जना महिला उम्मेदवार सिफारिस हुनु समावेशी दृष्टिकोणले राम्रो सङ्केतको रूपमा देखिएको छ भने मधेसी र दलित समूहमा महिला उम्मेदवारको सिफारिस शून्य हुनुले सो समूहका महिलाहरूको स्थिति बारे अध्ययन गरी थप कानूनी व्यवस्थासमेत गरिनु पर्ने आवश्यकता रहेको सङ्केत गर्दछ । यस अवधिमा भएका विज्ञापनहरूमा समावेशी समूहमा मात्र नभएर खुला लागयत अन्य समूहतर्फ समेत सिफारिस भएका महिलाहरूको तथ्याङ्क तालिका नं. ४१ मा उल्लेख गरिएको छ ।

तालिका नं. ४१

## तहगत आधारमा महिला सिफारिस संख्या

| विज्ञापनको प्रकार | चौथो तह | पाँचौ तह | छैटौं तह | जम्मा |
|---|---|---|---|---|
| आ.प्र. | १ | ९ | ० | १० |
| खुला | २३ | १६ | १२ | ५१ |
| महिला | २३ | ३७ | ३ | ६३ |
| आ.ज. | ० | १ | ० | १ |
| मधेशी | ० | ० | ० | ० |
| दलित | ० | ० | ० | ० |
| जम्मा | ४७ | ६३ | १५ | १२५ |

परिच्छेद -९

# परामर्श र उजुरी

## ९.१ कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा परामर्श

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ र १० मा प्रदेश लोक सेवा आयोगको परामर्श सम्बन्धी व्यवस्था गरिएको छ । उल्लेखित व्यवस्थाहरूको विश्लेषण गर्दा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको शर्तहरूमा निजामती सेवाका मूल्य तथा मान्यताहरूको जगेर्ना तथा सामान्यतया एकरूपता कायम गराउन प्रदेश लोक सेवा आयोगले दिने परामर्शको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । साथै सोही ऐन को दफा ४५ मा आयोगको परामर्श लिनुपर्ने विषयमा परामर्श नलिई भए गरेका काम कारवाही बदर हुने व्यवस्था गरिएको हुँदा आयोगको परामर्श बाध्यकारी हुने देखिन्छ । प्रतिवेदन अवधिमा प्रमुख रूपमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका शर्त सम्बन्धी कानून एवं स्थानीय तहका कर्मचारीहरूका तह वृद्धि सम्बन्धी कार्यविधिहरूमा आयोगबाट परामर्श उपलब्ध गराइएको छ । जसको विस्तृत विवरण देहाय बमोजिम रहेको छः

### ९.१.१ प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका शर्त सम्बन्धी कानूनका विषयमा परामर्श

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका शर्त सम्बन्धी कानूनको अभावमा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको प्रशासन निजामती सेवा ऐन, २०४९ र सो को नियमावली, २०५० बमोजिम हुँदै आईरहेको सन्दर्भमा प्रदेश तथा स्थानीय तहका लागि विशिष्ठ कानूनको आवश्यकता टडकारो हुँदै आईरहेको थियो । प्रदेश सरकारबाट सो कानूनहरूको निर्माणको क्रममा आयोगबाट देहाय बमोजिम परामर्श उपलब्ध गराईएको थियोः

- प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन प्रदेश निजामती सेवाको गठन, संचालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न प्रदेश निजामती सेवा अध्यादेश २०७९ को सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प.सं २०७९/०८० च.नं ५१२ मिति २०७९/०६/०५ को पत्रबाट परामर्श माग भएकोमा आयोगले उक्त अध्यादेशमा समावेश गरिएका विषयहरूमा व्यापक छलफल तथा अध्ययन गरी २९ वटा बुँदामा परामर्श उपलब्ध गराएको । (बैठक संख्या १०३, मिति २०७९/०६/०७)
- स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट परामर्श माग भएकोमा आयोगले उक्त अध्यादेशमा समावेश गरिएका विषयहरूमा व्यापक छलफल तथा अध्ययन गरी २५ वटा बुँदामा परामर्श उपलब्ध गराएको । (बैठक संख्या १०४,

मिति २०७९/०६/०८)

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६मा संशोधन गर्न बनेको केही प्रदेश ऐन संशोधन अध्यादेश, २०७९ को प्रतिस्थापन विधेयक सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको च.नं. ८११, मिति २०७९/११/२४ गतेको पत्रबाट परामर्श माग गरिएकोमा आयोगबाट उक्त विधेयकमा ६ वटा बुँदामा परामर्श उपलब्ध गराएको । (बैटक संख्या ११६, मिति २०७९/१०/२६)

- स्थानीय सरकारी सेवाको गठन, संचालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.नं ११४८ मिति २०७९/१०/२३ को पत्रबाट परामर्श माग भएकोमा आयोगले उक्त विधेयकमा समावेश गरिएका विषयहरूमा आयोगका बैठकमा व्यापक छलफल तथा अध्ययन गरी ७१ वटा बुँदामा परामर्श उपलब्ध गराएको । (बैठक संख्या ११७, मिति २०७९/११/०२)

- प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) अध्यादेश, २०८० का सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरको च.न. १८२७, मिति २०८०/०२/०८ को पत्रबाट परामर्श माग गरिएकोमा आयोगकोतर्फबाट १ वटा बुँदामा परामर्श पठाइएको । (बैठक संख्या १३१, मिति २०८०/०२/०९)

- स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ तर्जुमाका समयमा आयोगको परामर्श पठाइएको, तर स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० जारी हुँदाका बखत परामर्श नमागिएको र सो अध्यादेशमा रहेका कतिपय प्रावधानले आयोगको क्रियाकलापमा असर गर्ने भएको हुँदा सो को प्रतिस्थापन विधेयकमा समावेश हुन आयोगबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई १६ बुँदे सुझाव पठाइएको । (बैठक संख्या १३१, मिति २०८०/०२/०९)

योग्यता प्रणाली, स्वच्छता, निश्पक्षता, समान अवसर, सेवाको सुरक्षा लगायतका आधारभूत मूल्य मान्यताको संरक्षण तथा सम्वर्द्धनका लागि आयोग संवेदनशील भई राय तथा परामर्श पठाउने गरिएको भए तापनि सो को पूर्ण रूपमा कार्यान्वयन नहुने र कतिपय अवस्थामा रायसमेत नमागिने अवस्था प्रमुख समस्याको रूपमा देखिएको छ । साथै आयोगको अत्याधिक कार्यबोझ एवं कार्य प्रकृति अनुसारको अपर्याप्त सङगठन संरचनाका कारण प्रदेश सरकारका निकाय एवं सबै स्थानीय तहहरूको यस सम्बन्धमा अनुगमन पनि गर्न सकिएको छैन ।

आयोगबाट पठाइएको परामर्शको विस्तृत विवरण अनुसूची ९ मा उल्लेख गरिएको छ ।

## ९.१.२ अन्य नीतिगत विषयमा परामर्श

आयोगबाट विभिन्न मितिमा विभिन्न निकायबाट परामर्श माग गरिएकोमा देहाय बमोजिम परामर्श उपलब्ध गराइएको छः

- प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीको सरूवा तथा कामकाज सम्बन्धी कार्यनीति, २०७९ को मस्यौदाका विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.न. १४९, मिति २०७९/०४/१८ गतेको पत्रबाट परामर्श माग गरिएकोमा आयोगबाट कर्मचारी अन्यत्र खटाउँदा आयोगको कार्य प्रकृति तथा कार्य संवेदनशीलतालाई मध्यनजर गरी आयोगको सहमतीमा मात्र कर्मचारी खटाउने व्यवस्था लगायतका विषय कार्यविधिमा समावेश गर्न परामर्श दिइएको । (बैठक संख्या १०० मिति २०७९/०४/२०)
- स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० को दफा १५४ मा अध्यादेश अन्तर्गत बनेको नियमको अधिनमा रही स्थानीय तहले आवश्यक निर्देशिका कार्यविधि वा मापदण्ड बनाउन सक्ने व्यवस्था भए बमोजिम कोशी प्रदेशमा रहेका स्थानीय तहहरूले आफ्नो मातहतका कर्मचारीहरूको तह बृद्धि तथा बढुवा (तह कायम) सम्बन्धी कार्यविधि तयार गरी आयोगमा परामर्श माग गरेकोमा प्रतिवेदन अवधिमा देहाय बमोजिम परामर्श उपलब्ध गराएको थियो ।

तालिका नं. ४२

**परामर्श उपलब्ध गराईएका स्थानीय तहको विवरण**

| सि.नं. | जिल्लाको नाम | स्थानीय तह संख्या | पहिलो पटक परामर्श दिइएको स्थानीय तह | परामर्श माग नगरेका स्थानीय तह |
|---|---|---|---|---|
| १ | इलाम | १० | ९ | १ |
| २ | उदयपुर | ८ | ८ | ० |
| ३ | ओखलढुंगा | ८ | ८ | ० |
| ४ | खोटाङ | १० | ८ | १ |
| ५ | झापा | १५ | १४ | १ |
| ६ | ताप्लेजुङ | ९ | ६ | ३ |
| ७ | तेह्रथुम | ६ | ५ | १ |
| ८ | धनकुटा | ७ | ५ | २ |
| ९ | पाँचथर | ८ | ६ | २ |
| १० | भोजपुर | ९ | ८ | १ |

| सि.नं. | जिल्लाको नाम | स्थानीय तह संख्या | पहिलो पटक परामर्श दिइएको स्थानीय तह | परामर्श माग नगरेका स्थानीय तह |
|---|---|---|---|---|
| ११ | मोरङ्ग | १७ | १५ | २ |
| १२ | संखुवासभा | १० | ६ | ३ |
| १३ | सुनसरी | १२ | ११ | १ |
| १४ | सोलुखुम्बु | ८ | ७ | १ |
| जम्मा | | १३७ | ११६ | १९ |

प्रतिवेदन अवधि आ.व.२०७९-०८० मा स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०८० बमोजिम परामर्श माग नगरेका स्थानीय तहहरू देउमाई न.पा. इलाम, गौरादह न.पा. झापा, कमल गा.पा. झापा, दिप्रूङ चुइचुम्मा गा.पा. खोटाङ, मिक्वाखोला गा.पा. ताप्लेजुङ, मेरिङदेन गा.पा. ताप्लेजुङ, सिरीजङ्गा गा.पा. ताप्लेजुङ, आठराई गा.पा. तेह्रथुम, धनकुटा न.पा. धनकुटा, साँगुरीगढी गा.पा. धनकुटा, तुम्बेवा गा.पा. पाँचथर, याङवरक गा.पा. पाँचथर, अरूण गा.पा. भोजपुर, रतुवामाई न.पा. मोरङ्ग, विराटनगर म.न.पा. मोरङ्ग, पाँचखपन गा.पा. संखुवासभा, सभापोखरी गा.पा. संखुवासभा, सिलिचोङ गा.पा. संखुवासभा, इनरूवा न.पा. सुनसरी रहेका छन् । साथै खोटेहाङ्ग गा.पा. खोटाङ्ग र मादी न.पा. संखुवासभाले स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० निस्क्रिय भएपछि मात्र परामर्श माग गरेकाले उपलब्ध गराउन नसकिएको अवस्था छ ।

आयोगबाट परामर्श पठाइएका स्थानीय तहहरूको विस्तृत विवरण अनुसूची १० मा उल्लेख गरिएको छ ।

## ९.२ कानून विपरित भएको पदपूर्ति तथा स्तरवृद्धि बदर सम्बन्धी निर्णय

**प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा १० को उपदफा (२) मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद, स्थानीय सरकारी सेवाको पद, स्थानीय तहको संगठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको बिषयमा प्रदेश लोक सेवा आयोगसँग परामर्श लिनु पर्नेछ भन्ने व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (१) मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद, प्रदेश सङगठित संस्थाको सेवाको पद, स्थानीय सरकारी सेवाको पदमा स्थायी नियुक्ती गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श विना गरिने छैन भन्ने स्पष्ट व्यवस्था रहेको र सोही दफाको उपदफा (२) (ख) मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवाको कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिनु पर्ने व्यवस्था रहेको, उपदफा (२) (ग) मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा**

प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८६ को उपदफा (३) मा स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोक सेवा आयोगले छनौट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्त गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोमा उल्लेखित कानूनहरू प्रतिकूल हुने गरी केही स्थानीय तहहरूले आफ्ना कर्मचारीको सेवा शर्त सम्बन्धी कानून निर्माण गरी तथा नगरी पदपूर्ति, तहवृद्धि र स्तरवृद्धिसमेत गरेको पाइएकोमा सो सम्बन्धी कार्य किन बदर गर्नु नपर्ने भनी आयोगबाट पत्राचार हुँदा उपयुक्त कानूनी आधारसहित स्थानीय तहहरूबाट जवाफसमेत प्राप्त नभएको र प्रदेश सरकारका कानूनी सल्लाहकार मूख्य न्यायाधिवक्ताबाट स्थानीय तहहरूद्वारा भएको सो पदपूर्ति, तहवृद्धि तथा स्तरवृद्धि सम्बन्धी कार्य कानून बमोजिम भएको नदेखिएको भन्ने रायसमेत प्राप्त भएको र विश्वश्यापी प्रचलित योग्यता प्रणाली (Merit System) मा स्वच्छता, समान अवसरको सिद्धान्त तथा नेपालको संविधानको धारा २४४ (१), धारा २२७, कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५, लोक सेवा (आधार र मापदण्ड निर्धारण) ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रदेश लोक सेवा आयोग ऐन २०७६ को मर्म र भावना तथा ऐजन ऐनको दफा १० विपरितको कार्य गरेको देखिएकोले प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ४५ को उपदफा (१) बमोजिम देहायका स्थानीय तहहरूले गरेको तहवृद्धि तथा स्तरवृद्धि सम्बन्धी सम्पूर्ण कार्य बदर गरी सो को जानकारी आवश्यक कार्यार्थ श्री महालेखा परीक्षकको कार्यालय काठमाडौं, श्री सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाडौ, श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगर, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, बिराटनगर, आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, बिराटनगर, महालेखा नियन्त्रकको कार्यालय काठमाडौ, प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, बिराटनगर र पालिका रहेको सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालय समेतलाई पठाइएको छ ।

तालिका नं. ४३

**तह वृद्धि तथा स्तर वृद्धि सम्बन्धी कार्य बदर गरिएका स्थानीय तह**

| सि नं | स्थानीय तह | बैठक संख्या | आयोगको बदर गर्ने निर्णय मिति |
|---|---|---|---|
| १ | शिवसताक्षी नगरपालिका, झापा<br>दमक नगरपालिका, झापा | ९८ | २०७९/०४/०३ |
| २ | सुन्दरहरैचा नगरपालिका, मोरङ्ग<br>हल्दीवारी गाउँपालिका, झापा | १०६ | २०७९/०७/०३ |

| | | | |
|---|---|---|---|
| ३ | टेम्केमैयुम गाउँपालिका, भोजपुर<br>मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ<br>पथरीशनिश्चरे नगरपालिका, मोरङ्ग<br>इनरूवा नगरपालिका, सुनसरी<br>हरिनगर गाउँपालिका, सुनसरी | १०९ | २०७९/०८/१३ |
| ४ | धरान उपमहानगरपालिका, सुनसरी<br>चैनपुर नगरपालिका, सङखुवासभा<br>मानेभन्ज्याङ गाउँपालिका, ओखलढुङ्गा<br>साँगुरीगढी गाउँपालिका, धनकुटा | ११८ | २०७९/११/१२ |
| ५ | उर्लावारी नगरपालिका, मोरङ्ग<br>खुम्वु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११९ | २०७९/११/२९ |
| ६ | दुहवी नगरपालिका, सुनसरी | १२१ | २०७९/१२/१२ |

## ९.३ प्रदेश लोक सेवा आयोगलाई विपक्षी बनाई परेका रिट निवेदन

प्रतिवेदन अवधिमा तह तथा स्तर वृद्धि, शैक्षिक योग्यता, समावेशी सम्बन्धी लगायतका विषयमा यस आयोगलाईसमेत विपक्षी बनाई विभिन्न अदालतमा गरी देहाय बमोजिम रिट निवेदन परेका छन् । यसरी परेका रिट निवेदनको विवरण तालिका नं. ४४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४४

**आ.व. ०७९/८० मा परेका रिट निवेदनहरूको विवरण**

| क्र.सं. | विषय | संख्या |
|---|---|---|
| १ | तह तथा स्तर वृद्धि | १२ |
| २ | शैक्षिक योग्यता | १ |
| ३ | समावेशी सम्बन्धी | ३ |
| ४ | अन्य | २ |
| **जम्मा** | | **१८** |

यसरी परेको रिट निवेदन उपर आयोगबाट समयमै अदालतमा जवाफ पेश गर्ने गरिएको छ ।

दमक तथा शिवसत्ताक्षी नगरपालिकाले कानून बमोजिम आयोगको परामर्श नलिई गरेको तह तथा स्तर बृद्धिलाई आयोगले गैर कानूनी ठहर गरी सो तह तथा स्तर वृद्धि बदर गरेको निर्णय उच्च अदालत बिराटनगर, ईलाम इजलासबाट बदर भएको फैसला उपर चित्त नबुझी आयोगले उक्त आदेशहरू उपर (फैसला) मुद्धा दोहोर्याई हेरी पाउँ भनी श्री सम्मानित सर्वोच्च अदालत, काठमाण्डौमा निवेदन दर्ता गराएको अवस्था छ ।

परिच्छेद -१०

# संस्थागत सुधार र प्रविधिको प्रयोग

## १०.१ संरचनागत सुधार

आयोगको स्थापनाकालदेखि नै विराटनगर, पुष्पलालचोक नजिक करिव ४,९०० वर्ग फिट क्षेत्रफल ओगटेको भाडाको भवनबाट कार्यालय सञ्चालन भइरहेकोमा उक्त भवन साँघुरो भएका कारण आयोगका पदाधिकारीहरूका कार्यकक्ष, विभिन्न महाशाखा/शाखा, बैठक कक्ष लगायत कार्यकक्षहरू सञ्चालनमा कठिनाई महशुस गरिएकोले विराटनगर म.न.पा. वडा नं. ४, खार्जी स्थित करिव १०,८०० वर्ग फिट क्षेत्रफलमा बनेको तीन तले निजी भवन भाडामा लिई सो भवनमा २०७९ असार २० गतेदेखि कार्यालय स्थानान्तरण गरी कार्यसञ्चालन गर्न थालिएको छ । नयाँ भवनमा आवश्यकता अनुसार फर्निचरहरू, कार्यालय सामानहरू, फर्निसिङ आदि बन्दोबस्त गरिएको छ । आयोगका पदाधिकारी तथा कर्मचारीहरूको आवतजावतको लागि ५ थान चारपाङ्ग्रे सवारी साधन, ११ थान दुईपाङ्ग्रे सवारी साधन र ४ थान साइकलको व्यवस्थापन गरिएको छ । आयोगको कार्यालयको काम कारवाहीलाई सरल र सहज बनाउनका लागि आवश्यकताअनुसार कार्यालय पार्टिसन गरी व्यवस्थित बनाइएको छ ।

## १०.२ सूचना प्रविधिको प्रयोग

आजको विश्वमा सूचना प्रविधिको उपयोग अपरिहार्य बन्दै गइरहेको परिप्रेक्ष्यलाई आत्मसात गर्दै आयोगबाट सम्पादन हुने कामकारवाहीलाई छिटो, छरितो एवम् विश्वसनीय बनाउन प्रदेश लोक सेवा आयोगले आफ्नो वेबसाइट www.psc.koshi.gov.np तथा इ-मेल koshipsc@gmail.com सञ्चालनमा ल्याएको छ । दैनिक कार्य सञ्चालनमा आवश्यक कम्प्यूटर प्रविधिको प्रयोगका लागि सबै पदाधिकारी एवं कर्मचारीहरूलाई डेस्कटप कम्प्यूटर तथा आवश्यकता अनुसार ल्यापटप तथा प्रिन्टरहरूको व्यवस्था गरिएको छ भने ३ वटा फोटोकपी मेशिन, २ वटा माष्टरकपी सुरक्षण प्रिन्ट गर्ने मेमोरी क्यापासिटी सहितको फाष्ट प्रोसेसिङ्ग छपाइ मेशिन, २ वटा उत्तरपुस्तिका Read गर्ने Optical Mark Reader (OMR) Scanner मेशिन लगायतको व्यवस्था गरिएको छ । साथै गोप्य कार्य गरिने बाहेकका कम्प्युटरहरूको आन्तरिक नेटवर्किङ्ग गरिएको छ । यसका अतिरिक्त आयोगमा हुने गतिविधिको निगरानी तथा सुरक्षाको दृष्टिले CCTV Camera जडान गरिएको छ । सूचना प्रविधिको प्रयोगतर्फ भएका प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्:

### १०.२.१ अनलाईन प्रणाली

परीक्षार्थीहरूको सहजतालाई ध्यानमा राखी यस आयोगले मिति २०७८ साउन ४ गतेबाट अनलाईन प्रणालीमार्फत दरखास्त सङ्कलनको कार्य गर्न Province 1 Public Service Recruitment Management System (P1PSRMS) सञ्चालनमा ल्याएको छ । यसबाट आयोगका सबै विज्ञापनहरू

प्रकाशन गर्ने, दरखास्त सङ्कलन गर्ने, दरखास्त स्वीकृत गर्ने, रोल नम्बर कायम गर्ने, स्वीकृत नामावली तयार गर्ने लगायतका कार्यहरूमा सहजता आएको छ । प्रतिवेदन अवधिमा सो प्रणालीको नवीकरण गरिनु साथै आवश्यक मर्मत तथा परिमार्जन (Maintenance and Enhancement) नियमित रूपमा गरिएको छ ।

## १०.२.२ सूचना प्रवाह

आयोगका गतिविधीहरूलाई सूचना प्रविधिको प्रयोग गरी गरिने सूचना प्रवाहका सम्बन्धमा निम्न लिखित मुख्य व्यवस्थाहरू गरिएको छः

(क) हप्ताको सोमबार प्रकाशन गरिने आयोगका विज्ञापन तथा अन्य सूचनाहरू राष्ट्रिय स्तरका पत्रिकामा प्रकाशन गर्ने गरिएको छ ।

(ख) आयोगका गतिविधि सम्बन्धी सूचनाहरू आफ्नो वेवसाईटमा अद्यावधिक रूपमा राख्ने गरिएको छ । साथै सबैको जानकारी तथा पहुँचको लागि प्रदेश सरकारको पोर्टलमासमेत यस्ता सूचनाहरू राख्ने व्यवस्था मिलाईएको छ ।

(ग) आयोगका गतिविधिहरूलाई सरोकारवालासम्म नियमित र व्यवस्थित तवरबाट पुर्याउन आयोगको प्रवक्तामा अधिकृत आठौं श्री कृष्ण प्रसाद पौडेल तथा सूचना अधिकारीमा अधिकृत सातौं श्री केदारनाथ रिजाललाई तोकिएको छ ।

(घ) आयोगद्वारा प्रकाशित विज्ञापनहरूमा अनलाईन दरखास्त दिने उम्मेद्वारहरूलाई निजहरूको फराम स्वीकृत, होल्ड तथा अस्वीकृत भएको अवस्थाको जानकारी ईमेल मार्फत् पठाउनुका साथै होल्डमा रहेका दरखास्तका सम्बन्धमा थप पेश गर्नुपर्ने कागजात बारे फोन मार्फत् समेत जानकारी गराउने गरिएको छ ।

(ङ) आयोगले आफ्नो स्थापना दिवसको अवसरमा विभिन्न प्रतिष्ठित विद्वान् व्यक्तिहरूका लेख रचना तथा आयोगका गतिविधिहरू सङ्ग्रहित गरी "प्रदेश लोक सेवा आयोग स्मारिका" सार्वजनिक गर्ने गरेको छ । प्रतिवेदन अवधिमा पनि स्मारिकको वर्ष ३, अंक ३, २०७९ माघमा प्रकाशन गरिएको छ ।

## १०.३ रणनीतिक योजना

नेपालको संविधान तथा कानूनले निर्धारण गरेको आयोगको काम, कर्तव्य र अधिकारको थप व्यवस्थित र प्रभावकारी सम्पादन तथा संगठनात्मक सुदृढीकरण गर्न दीर्घकालीन सोच, लक्ष्य उद्देश्य, रणनीति तथा कार्यनीतिसहितको आयोगको पाँच वर्षे रणनीतिक योजना प्रतिवेदन अवधिमा तर्जुमा गरिएको छ । सो को कार्यान्वयनका लागि आगामी आ.व. देखि श्रोतसमेत व्यवस्थापन गरिनेछ ।

परिच्छेद -११

# आयोगको निर्णय तथा सो को कार्यान्वयन अवस्था

## ११.१ आयोगको मुख्य मुख्य निर्णय तथा कार्यान्वयनको अवस्था

प्रदेश लोक सेवा आयोगले यस प्रतिवेदन अवधिमा विभिन्न बैठकहरूवाट गरेका मुख्य-मुख्य निर्णयहरू र तिनको कार्यान्वयनको अवस्था देहायको तालिका नं. ४५ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४५

**आयोगका निर्णय तथा सो को कार्यान्वयन अवस्था**

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १ | (क) बार्षिक कार्यतालिका<br>(ख) बार्षिक प्रतिवेदन<br>(ग) अस्थायी दरबन्दी | (क) आयोगबाट आ.व.२०७९/०८० मा सञ्चालन हुने पदपूर्ति सम्बन्धी कार्यका लागि वार्षिक कार्यतालिका स्वीकृत गर्ने ।<br>(ख) तेस्रो बार्षिक प्रतिवेदन तयार गर्न आयोगका प्रदेश सचिव श्री वावुराम खतिवडाज्यूको संयोजकत्वमा समिति गठन गर्ने ।<br>(ग) आयोगको अस्थायी दरबन्दी तयार गरी स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने । (बैठक संख्या ९८, मिति २०७९/०४/०३) | कार्यान्वयन भएको । |
| २ | रणनीतिक योजना | आयोगको पञ्चबर्षिय रणनीतिक योजना तर्जुमाको कार्यशर्त (TOR) संशोधन सहित स्वीकृत गर्ने । (बैठक संख्या १०२, मिति २०७९/०५/३१) | कार्यान्वयन भएको । |
| ३ | प्रदेश निजामती सेवा अध्यादेशको मस्यौदामा परामर्श | प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन प्रदेश निजामती सेवाको गठन, संचालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न प्रदेश निजामती सेवा अध्यादेश २०७९ को सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प.सं २०७९/०८० च.नं ५१२ मिति २०७९/०६/०५ को पत्रबाट परामर्श माग भएकोमा आयोगले उक्त अध्यादेशमा समावेश गरिएका विषयहरूमा व्यापक छलफल तथा अध्ययन गरी २९ वटा बुँदामा परामर्श उपलब्ध गराएको । (बैठक संख्या १०३, मिति २०७९/०६/०७) | आंशिक कार्यान्वयन भएको । |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| ४ | स्थानीय सेवा अध्यादेशको मस्यौदामा परामर्श | स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट परामर्श माग भएकोमा आयोगले उक्त अध्यादेशमा समावेश गरिएका विषयहरूमा व्यापक छलफल तथा अध्ययन गरी २५ वटा बुँदामा परामर्श उपलब्ध गराएको । (बैठक संख्या १०४, मिति २०७९/०६/०८) | अध्यादेश जारी नभएको । |
| ५ | स्मारिका प्रकाशन | प्रदेश लोक सेवा आयोग स्मारिका,२०७९ निर्माण, सम्पादन तथा प्रकाशनका लागि आयोगका माननीय सदस्य श्री सजना दाहालको संयोजकत्वमा समिति गठन गर्ने । (बैठक संख्या १०५, मिति २०७९/०६/११) | कार्यान्वयन भएको । |
| ६ | स्थानीय सरकारी सेवाको स्वास्थ्य सेवाको विज्ञापन | प्रदेश सरकारबाट मिति २०७९/०६/११ गते प्रदेश ऐनलाई संशोधन गर्ने अध्यादेश २०७९ जारीपछि सो अध्यादेश बमोजिम प्रदेश लोक सेवा आयोग ऐन,२०७६ मा संशोधन भई स्थानीय सरकारी सेवा अन्तर्गत स्वास्थ्य सेवातर्फका कर्मचारीको पदपूर्तिको जिम्मेवारी आयोगले प्राप्त गरे पश्चात सहायकस्तर पाँचौ र चौथो तहका ६३० पदमा नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ बमोजिम प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्ने । (बैठक संख्या १०८, मिति २०७९/०७/२७) | कार्यान्वयन भएको । |
| ७ | प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन कार्यविधि) २०७७ | प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन कार्यविधि) २०७७ मा संशोधनका लागि राय सहमति माग गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएकोमा प्राप्त रायसमेत समावेश गरी उक्त कार्यविधि संशोधन स्वीकृत गर्ने । (बैठक संख्या १११, मिति २०७९/०९/०६) | कार्यान्वयन भएको । |
| ८ | केही प्रदेश संशोधन अध्यादेश, २०७९ को प्रतिस्थापन विधेयकमा परामर्श | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा संशोधन गर्न बनेको केही प्रदेश ऐन संशोधन अध्यादेश, २०७९ को प्रतिस्थापन विधेयक सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको च.नं. ८११, मिति २०७९/११/२४ गतेको पत्रबाट परामर्श माग गरिएकोमा आयोगबाट उक्त विधेयकमा ६ वटा बुँदामा परामर्श उपलब्ध गराएको । (बैटक संख्या ११६, मिति २०७९/१०/२६) | अधिकांश कार्यान्वयन भएको । |
| ९ | स्थानीय सरकारी सेवाको गठन, संचालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा परामर्श | स्थानीय सरकारी सेवाको गठन, संचालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको प.सं २०७९/०८० च.नं ११४८ मिति २०७९/१०/२३ को पत्रबाट परामर्श माग भएकोमा आयोगले उक्त विधेयकमा समावेश गरिएका विषयहरूमा आयोग बैठकमा व्यापक छलफल तथा अध्ययन गरी ७१ वटा बुँदामा परामर्श उपलब्ध गराएको । (बैठक संख्या ११७, मिति २०७९/११/०२) | आंशिक कार्यान्वयन भएको । |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १० | आयोगको प्रतीक चिह्न | प्रदेश लोक सेवा आयोगको प्रतीक चिह्नमा कोशी प्रदेश नाम सहित संशोधन गरी प्रचलनमा ल्याउने । (बैठक संख्या १२१, मिति २०७९/१२/१२) | कार्यान्वयन भएको । |
| ११ | परीक्षामा अनियमितता गर्ने उपर कारवाही | स्वास्थ्य सेवा, सहायकस्तर चौथो अ.हे.व र अ.न.मी पदको लिखित परीक्षामा सम्मिलित उम्मेदवार जयकुमार राय अमात, शत्रुधनकुमार मलिक, विभाकुमारी यादव, करिष्मा काउचा घर्ती र रिंकुकुमारी साहले परीक्षामा अनियमितता गरेको देखिएकोले निजहरूको परीक्षा रद्ध गरी आगामी १ वर्षसम्म आयोगको कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी रोक लगाउने । (बैठक संख्या १२१, मिति २०७९/१२/१२ ) | कार्यान्वयन भएको । |
| १२ | पाठ्यक्रममा निर्वाचन सम्बन्धी विषय समावेश गर्ने | आयोगका मौजुदा पाठ्यक्रम र नयाँ बन्ने पाठ्यक्रममा निर्वाचन सम्बन्धी सैद्धान्तिक विषय समावेश गर्ने । (बैठक संख्या १२२, मिति २०७९/१२/२४) | कार्यान्वयन भएको । |
| १३ | दरखास्त स्वीकृत सम्बन्धमा | उम्मेद्वार पवनकुमार महतोले नागरिकता प्रमाणपत्र प्राप्त नगरेको सम्बन्धमा श्री सर्वोच्च अदालतबाट दरखास्त लिन आदेश भएकोमा निजको बाबु आमाको नागरिकता प्रमाणपत्र, नाता प्रमाणित जन्म दर्तासमेतका प्रमाणका आधारमा दरखास्त स्वीकृत गर्ने । (बैठक संख्या १२३, मिति २०८०/०१/१२) | कार्यान्वयन भएको । |
| १४ | परीक्षामा अनियमितता गर्ने उपर कारवाही | कृषि सेवा, सहायकस्तर पाँचौ प्राविधिक सहायक पदको लिखित परीक्षामा सम्मिलित उम्मेदवार सदम भट्टराई र सपना कार्कीले परीक्षामा अनियमितता गरेको देखिएकोले निजहरूको परीक्षा रद्ध गरी आगामी १ वर्षसम्म आयोगको कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी रोक लगाउने । (बैठक संख्या १२३, मिति २०८०/१/१२ ) | कार्यान्वयन भएको । |
| १५ | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | आयोगको स्थायी संगठन संरचना निर्माणका लगि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृतिका लागि सुझावसहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने । (बैठक संख्या १२७, मिति २०८०/०१/२८) | हाल सम्म स्वीकृत नभएको । |
| १६ | उत्तर पुस्तिका रद्ध | स्वास्थ्य सेवा,कम्यूनिटि नर्सिङ समूह, अ.न.मी. पदको लिखित परीक्षामा उपस्थित परिक्षार्थी एलिना यादवले दरखास्तसाथ पेश गरेको काउन्सील प्रमाण-पत्रको म्याद समाप्त भई अद्यावधिक प्रमाण पत्र पेश गर्न नसकेको कारणले दरखास्त अस्वीकृत भएको हुँदा निजको उक्त मितिको परीक्षाको उत्तर पुस्तिका रद्ध गर्ने । ( बैठक संख्या १३०, मिति २०८०/२/०४) | कार्यान्वयन भएको । |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १७ | प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) अध्यादेश, २०८० मा परामर्श | प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) अध्यादेश, २०८० का सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरको च.न. १८२७, मिति २०८०/०२/०८ को पत्रबाट परामर्श माग गरिएकोमा आयोगकोतर्फबाट १ वटा बुँदामा परामर्श पठाइएको । (बैठक संख्या १३१, मिति २०८०/०२/०९) | कार्यान्वयन हुन बांकी । |
| १८ | प्रतिशत निर्धारण सम्बन्धी व्यवस्थाका लागि कार्यसञ्चालन निर्देशिका संशोधन | प्रदेश निजामती सेवा ऐन, २०७९ जारी भएपछि सो ऐन बमोजिम पदपूर्तिका लागि माग हुने विभिन्न सेवा, समूह र तहका पद संख्यालाई नियमानुसार प्रतिशत निर्धारण गर्ने सूत्र सम्बन्धी तालिका समावेश गर्ने गरी प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिकाको अनुसूची संशोधन गर्ने । (बैठक संख्या १३१, मिति २०८०/०२/०९) | कार्यान्वयन भएको । |
| १९ | स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेशमा सुझाव | स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ का सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई आवश्यक सुझाव पठाइएको ।<br><br>(बैठक संख्या १३१, मिति २०८०/०२/०९) | कार्यान्वयन हुन बाँकी । |
| २० | परीक्षामा अनियमितता गर्ने उपर कारवाही | कृषि सेवा, कृषि प्रसार/वाली संरक्षण/एग्रोनोमी समूह, पद नायव प्राविधिक सहायक,चौथो तहको लिखित परीक्षामा सम्मिलित उम्मेदवार रमिला महतले परीक्षामा अनियमित कार्य गरेको हुँदा निजको उत्तरपुस्तिका रद्ध गरी यस आयोगद्वारा लिइने आगामी परीक्षामा एक वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउने ।( बैठक संख्या १३२, मिति २०८०/२/१४) | कार्यान्वयन भएको । |
| २१ | प्रदेश निजामती सेवातर्फको विज्ञापन | प्रदेश निजामती सेवातर्फ प्रदेश स्वास्थ्य सेवाको आठौं/सातौं तह, प्रदेश इन्जिनियरीङ सेवाको सातौं तह, प्रदेश वन सेवाको सातौं तह, प्रदेश कृषि सेवाको सातौं तह, प्रदेश शिक्षा सेवाको सातौं तह, प्रदेश प्रशासन सेवाको सातौं तह समेतका पदहरूमा विज्ञापन प्रकाशन गर्ने । | कार्यान्वयन भएको । |
| २२ | परीक्षा दस्तुर | आयोगबाट २०८० आसार १ गते पश्चात आयोगबाट विज्ञापन हुने प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सवै सेवा/समूह/उपसमूहको लिखित परीक्षाको दस्तुर संशोधन सहित निर्धारण गर्ने । (बैठक संख्या १३७, मिति २०८०/०२/२६) | कार्यान्वयन भएको । |
| २३ | OMR उत्तरपुस्तिका परीक्षण कार्यविधि थप गर्ने गरी कार्यसञ्चालन निर्देशिका संशोधन | अप्टिकल मार्क रिडर (OMR) प्रविधिबाट परीक्षण हुने उत्तरपुस्तिका सम्बन्धी आवश्यक व्यवस्था थप गर्ने गरी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ मा आवश्यक संशोधन गर्ने । (बैठक संख्या १३९, मिति २०८०/०२/३२) | कार्यान्वयन भएको । |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| २४ | परीक्षामा अनियमितता गर्ने उपर कारवाही | प्रशासन सेवा, सामान्य प्रशासन/लेखा समूह, पद अधिकृत ,छैठौं तहको लिखित परीक्षामा सम्मिलित उम्मेदवार करन गुरूङले अनियमित कार्य गरेको हुँदा सो दिनको उत्तर पुस्तिका रद्ध गर्ने । ( बैठक संख्या १४१, मिति २०८०/३/०९) | कार्यान्वयन भएको । |
| २५ | परीक्षामा अनियमितता गर्ने उपर कारवाही | प्रशासन सेवा, सामान्य प्रशासन/लेखा समूह, पद सहायक ,पाँचौ तहको लिखित परीक्षामा सम्मिलित उम्मेदवार लिलाराज खतिवडा र मनिषा चापागाईले परीक्षामा अनियमित कार्य गरेको हुँदा निजहरूको सो दिनको उत्तर पुस्तिका रद्द गरी आगामी २ वर्षसम्म आयोगको कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी रोक लगाउने । ( बैठक संख्या १४७, मिति २०८०/३/२६) | कार्यान्वयन भएको । |
| २६ | उत्तर पुस्तिका सार्वजनिक गर्ने उम्मेदवारलाई कारवाही | प्रशासन सेवा, सामान्य प्रशासन/लेखा/लेखा परीक्षण समूह, प्रशासन सहायक/लेखा सहायक/आन्तरीक लेखा परीक्षण सहायक पद, तह पाँचौको लिखित परीक्षामा सहभागी उम्मेदवार राजेश खड्काले विवरण सहितको उत्तरपुस्तिका विद्युतीय माध्यम (सामाजिक सञ्जाल) मार्फत सार्वजनिक गरेको हुँदा निजको उक्त दिनको उत्तरपुस्तिका रद्द गरी आगामी २ दुई बर्षसम्म आयोगको कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी रोक लगाउने । ( बैठक संख्या १४८, मिति २०८०/३/२७) | कार्यान्वयन भएको । |

परिच्छेद -१२

# ध्यानाकर्षण तथा सुझाव

कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगले आयोगको मूल मर्म (योग्यता,निष्पक्षता तथा स्वच्छता) लाई आत्मसात गरी प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवामा पदपूर्तिका लागि सिफारिस गर्दै आएको छ । प्रदेश तथा स्थानीय सरकारलाई आ-आफ्नो कार्यक्षेत्रमा सुशासन कायम गर्न योग्य, सक्षम र उम्दा जनशक्तिको सेवा अपरिहार्य हुनेमा दुईमत नहोला । सो उद्देश्य हासिल गर्न नेपालको मूल कानूनको रूपमा रहेको संविधान र सो अन्तर्गत कार्यान्वयनमा रहेका संघीय कानूनहरू तथा संवैधानिक व्यवस्था र संघीय कानून बमोजिम बनेका प्रदेश कानूनहरूको परिपालना गर्नु प्रदेश सरकार तथा निकायहरू एवम् स्थानीय सरकारको कर्तव्य हुन जान्छ । विद्यमान कानूनको परिपालना गर्न प्रदेश लोक सेवा आयोग सधैं कटिबद्ध रहेको छ । तर प्रचलित कानूनी व्यवस्था अनुसार प्रदेश लोक सेवा आयोगसँग परामर्श लिनु पर्ने भनी तोकिएका विषयमासमेत कोशी प्रदेश सरकार र यस प्रदेश अन्तर्गत रहेका स्थानीय तहहरूले भरसक राय परामर्श नै नलिने, राय परामर्श मागिए पनि पूर्णरूपमा पालना नगर्ने गरेको पाइएको छ । उपरोक्त कारणले गर्दा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा बेथितीहरू बढ्दै गइरहेका छन् । यस्ता विसङगतीहरूलाई निमिट्यान्न पारी सुशासन कायम गर्न आयोगले आफ्नो बार्षिक प्रतिवेदनहरूमा आयोगलाई ध्यानाकर्षण भएका विषय वस्तुहरू उल्लेख गरी निराकरणका लागि सुझावहरू दिंदै आइरहेको छ । यो प्रतिवेदन अवधीभन्दा पहिले पेश गरिएका तीन (३) वटा बार्षिक प्रतिवेदनहरूमा उल्लेखित ध्यानकर्षण भएका विषयहरू र सम्बन्धित सरकारबाट सम्बोधन भए नभएका विषयहरू देहाय बमोजिम उल्लेख गरिएको छः-

तालिका नं. ४६

**ध्यानाकर्षणका विषय र सो को सम्बोधनको अवस्था**

| सि.नं. | प्रतिवेदन र अवधि | ध्यानाकर्षण भएका विषय संख्या | हालसम्म सम्बोधन भएका संख्या | | पूर्णरूपमा सम्बोधन हुन बाँकी संख्या |
|---|---|---|---|---|---|
| | | | आंशिक रूपमा | पूर्ण रूपमा | |
| १. | प्रथम (२०७६/०७७) | ९ | ३ | ३ | ३ |
| २. | दोस्रो (२०७७/०७८) | ९ | ४ | २ | ३ |
| ३. | तेस्रो (२०७८/०७९) | ६ | ४ | १ | १ |

उपरोक्त तालिका अनुसार ध्यानाकर्षण भएको व्यहोरा सहित कार्यान्वयनका लागि सुझाव दिइएका विषयवस्तु मध्ये प्रथम वार्षिक प्रतिवेदनमार्फत दिइएका सुझावहरूको ३ वटा अर्थात ३३ प्रतिशत, दोस्रो प्रतिवेदनका ९ वटा मध्ये २ वटा (२२ प्रतिशत) र तेस्रो प्रतिवेदनका ६ वटा मध्ये १ वटा (करिब १७ प्रतिशत) सुझावहरू मात्र पूर्ण रूपमा कार्यान्वयन भएको अवस्था छ ।

उपरोक्त तालिका बमोजिम केही सुझावहरू आंशिक रूपमा र केही सुझावहरू पूर्ण रूपमा पुरा गरी सुशासन कायम राख्न सहयोग गरेकोमा सम्बन्धित सरकार तथा निकायहरू विशेषतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशप्रति आयोग कृतज्ञता व्यक्त गर्न चाहन्छ । माथि उल्लेखित हालसम्म सम्बोधन हुन बाँकी रहेका सुझावहरूलाईसमेत समावेश गरी आ.व.२०७९/०८० को अवधिसम्म आयोगको ध्यानाकर्षण भएका विषयहरू र समाधानका लागि देहाय बमोजिम सुझावहरू उल्लेख गरिएको छ ।

## १२.१ ध्यानाकर्षण भएका विषयहरू

### १२.१.१. प्रदेश तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानूनी व्यवस्था

#### १२.१.१.१ प्रदेश निजामती सेवा ऐन,२०७९ का सम्बन्धमा

प्रदेश निजामती सेवाको गठन तथा सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको ऐन,२०७९ मिति २०७९/११/१५ मा जारी भई कार्यान्वयनमा आएको छ । उक्त ऐनको दफा १० मा पदपूर्ति सम्बन्धी विशेष व्यवस्थामा महिलाको लागि ३३ प्रतिशत आरक्षणको व्यवस्था भए पनि अन्य समावेशी समूहका बारे तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । सो प्रयोजनका लागि प्रदेश निजामती सेवा नियमावली जारी गर्नु पर्नेमा विविध कारणले जारी हुन नसकेको हुँदा मिति २०८०/१/१४ मा प्रदेश सरकारबाट प्रदेश निजामती सेवा ऐन, २०७९ (संशोधन अध्यादेश, २०८०) जारी गरी समावेशीतर्फको प्रतिशत निर्धारण गरिएकोमा सोही प्रावधान बमोजिम प्रदेश सरकारबाट माग भई आएका विभिन्न सेवाका सातौं र आठौं तहमा पदपूर्तिका लागि विज्ञापन प्रकाशित भइसकेको छ । तर कानूनमा तोकिएको अवधिभित्र उक्त अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक प्रदेश सभाबाट पारित हुन नसक्दा पदपूर्तिको कार्य रोकिन गएको छ । पदपूर्तिका लागि उपरोक्त बमोजिमको समावेशी प्रावधान प्रतिस्थापन विधेयकका रूपमा प्रदेश सभाबाट पारित गरी वा प्रदेश निजामती सेवा नियमावली जारी गरी कार्यान्वयन गर्न सकिने अवस्था रहेको हुँदा यस बारे प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छौ ।

#### १२.१.१.२ स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० का सम्बन्धमा

मिति २०८०/१/१४ मा जारी भएको यो अध्यादेश पनि निर्धारित समयभित्र प्रदेश सभाबाट प्रतिस्थापन विधेयकको रूपमा पेश भई पारित हुन नसकेको कारण अध्यादेशमा भएको बढुवा समितिहरूले गर्ने बढुवा सम्बन्धी नियमित कामकारवाही हुन सकेको छैन । जसका कारण मिति २०७६ सालदेखि

रोकिन गएको बढुवाद्वारा हुने पदहरूको पदपूर्ति सम्बन्धी कामकारवाही हुन नसकेको अवस्था छ । साथै अध्यादेशको अन्य प्रावधानहरू पनि कार्यान्वयन हुन नसक्दा स्थानीय सरकारी सेवा प्रभावित हुन पुगेकोप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

### १२.१.२. स्वास्थ्य सेवाका पदहरूमा पदपूर्तिका शर्तहरू सङ्घीय कानूनसँग बाझिएको सम्बन्धमा

नेपालमा सङ्घीयता कार्यान्वयन हुनु भन्दा अघिदेखिनै नेपाल सरकारको कर्मचारी प्रशासन सम्बन्धी दुई फरक ऐन र नियमावली कार्यान्वयनमा रहेका छन् । स्वास्थ्य सेवा बाहेकको निजामती प्रशासनका लागि निजामती सेवा ऐन,२०४९ र नियमावली, २०५० एवम् स्वास्थ्य सेवातर्फ नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नियमावली, २०५५ रहेका छन् । यी दुई ऐनहरूमा धेरै समानता भए पनि केही उल्लेख्य फरक प्रावधानहरू पनि रहेको छ । जस्तै, दरखास्तको लागि उमेर हद निजामतीतर्फ ३५ बर्ष छ भने स्वास्थ्यतर्फ ४५ बर्ष रहेको छ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा तोकिएको अवधि पुगेपछि स्तर वृद्धि हुने तर काम साविक तहकै गर्ने र यसरी स्तर वृद्धि भएको व्यक्तिले सोही पदमा समेत बढुवा हुनका लागि समान तहमा प्रतिस्पर्धा गर्न पाउने प्रावधान रहेको छ भने निजामती सेवातर्फ समान श्रेणी/तहमा पदोन्नतिका लागि प्रतिस्पर्धा गर्न नपाउने व्यवस्था रहेको छ ।

कोशी प्रदेश सरकारको पहलमा प्रदेश सभाबाट जारी भएको प्रदेश निजामती सेवा ऐन,२०७९ को दफा १६ को खण्ड (ग) मा सेवा प्रवेशका लागि उमेर हद पुरूषका लागि ३५ वर्ष र महिलाका लागि ४० वर्षसम्मको व्यवस्था रहेको छ । यो उमेर हद सम्बन्धी व्यवस्था स्वास्थ्य सेवातर्फ खुलाबाट पदपूर्ति गर्दासमेत लागु हुने भएकोले यो व्यवस्था नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ को खण्ड (ग) मा भएको व्यवस्था विपरीत छ । साथै, यस सम्बन्धमा नेपालको संविधानको धारा ५७ को उपधारा (६) मा प्रदेशले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्ने र यसरी बनाइएको प्रदेश कानून संघीय कानूसँग बाझिएको हदसम्म बदर हुने व्यवस्था छ ।

त्यस्तै गरी स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० मा समेत स्वास्थ्य सेवालाई अन्य सेवा जस्तै एकमुष्ट रूपमा राखी कानून जारी गरिएको अवस्था छ । यसरी संघीय कानूनमा भएको स्वास्थ्य सेवातर्फका विशेष फरक प्रावधानलाई संघीय निजामती सेवामा भएको प्रावधान जस्तै प्रदेश र स्थानीय कानूनमा राखिएको कारणले समायोजन भई आएका स्वास्थ्य सेवातर्फका कर्मचारीको पदपूर्ति सम्बन्धी शर्त तथा सो सेवामा नयाँ पदपूर्ति सम्बन्धी प्रावधानमा सङ्घीय कानूनभन्दा फरक देखिन आएकोले कार्न्वयनमा द्विविधा उत्पन्न हुन गएको छ । उपरोक्त उल्लेखित कारणहरूले पदपूर्ति प्रकृयामा देखिएको असामञ्जस्यताप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

### १२.१.३. आयोगको परामर्श पालना सम्बन्धमा

प्रदेश लोक सेवा आयोग ऐन,२०७६ को दफा १०(२) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले कर्मचारीको सेवाको शर्त सम्बन्धी कानून तर्जुमा गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने

बाध्यात्मक व्यवस्था रहेको छ । आयोगले दिएको परामर्श पालना गर्न कुनै अप्ठ्यारो परेमा चित्तबुझ्दो कारणसहित पुनर्विचारका लागि सोही ऐनको दफा ४३ बमोजिम आयोगमा अनुरोध गर्नु पर्ने व्यवस्था छ । तर उपरोक्त प्रावधानहरूको अवलम्बन नगरी आयोगको परामर्श नलिई कानून बनाउने तथा दिइएको परामर्श पालना नगर्ने प्रवृत्ति मौलाउँदै गएको छ । उदाहरणको लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० जारी गर्नु पूर्व यस आयोगसँग परामर्श माग नगरिएको । त्यस्तै कोशी प्रदेश अन्तर्गतका अधिकांश स्थानीय तहहरूले आयोगसँग परामर्श नलिई कर्मचारी सेवाको गठन, सञ्चालन तथा सेवाका शर्तहरू सम्बन्धी कानून निर्माण गरी कर्मचारी प्रशासन सञ्चालन भइरहेको अवस्था छ । यसै सन्दर्भमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ बमोजिम अध्यादेश कार्यान्वयन गर्न निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सकिने प्रावधान रहनुका साथै उक्त अध्यादेशको दफा १५६(२) बमोजिम प्रदेश लोक सेवा आयोगसँग परामर्श नलिई स्थानीय तहले गरेका तह बृद्धि तथा बढुवा सम्बन्धी कार्यलाई मान्यता दिइने छैन भन्ने व्यवस्थासमेत रहेको छ । सोही व्यवस्थाहरूका आधारमा तह वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि बनाई आयोगसंग राय परामर्श माग गर्न सबै स्थानीय तहहरूलाई पत्राचार गरेकोमा केही स्थानीय तहहरूले मात्र आयोगको परामर्श बमोजिम तह वृद्धि गरेका छन् भने केहीले प्रदेश लोक सेवा आयोगसँग परामर्श नलिई तह वृद्धि तथा बढुवा गरेको भन्ने बुझिन आएको छ ।

उपरोक्त तथ्यहरूलाई हृदयङगम गर्दा प्रदेश सरकार प्रदेश सभाबाट जारी कानूनको पालन नगरी कानूनी राज्य (Rule of Law) को अवधारणा विपरीत कार्य गरिरहेको छ भने स्थानीय तहहरू संविधानको धारा २२६ विपरीत प्रदेश कानूनको उल्लङघन गरिरहेको देखिन्छ । यस्तो कामकारवाहीबाट सुशासन (Good Governance) कायम हुने कुरा व्यवहारतः असंभव देखिन्छ । यी सबै कानूनी विचलनहरू प्रति आयोगको ध्यानाकर्षण भएको छ ।

### १२.१.४. समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity) विपरीतका प्रावधान राखिएको सम्वन्धमा

प्रदेश निजामती सेवा ऐन, २०७९(प्रथम संशोधित सहित) को दफा ८ (१४) मा भएको प्रावधान बमोजिम चौथो तहको सहायक कम्प्यूटर अपरेटरलाई तह बृद्धिको अवधि नै नपुगी स्वत पाँचौ तह कायम गर्ने प्रावधानले कानूनको दृष्टिमा सबै समान भन्ने सिद्धान्त विपरीत कार्य भएको अनुभूति आयोगलाई भएको छ । उक्त ऐनको दफा १३६ मा छैटौं तहका लागि मात्र कार्यक्षमताको आधारमा हुने बढुवामा कूल दरबन्दीको दश प्रतिशतले हुने संख्या थप गरी बढुवा गर्ने र सो संख्यालाई खुलाबाट हुने पदपूर्तिको संख्याबाट घटाउने आश्चर्यजनक एवंम कर्मचारीहरू प्रति असमान व्यवहार हुने प्रावधान समेत राखिएको छ ।

मुलुक सङघीयतामा गए पश्चात र प्रदेश लोक सेवा आयोगहरू क्रियाशील नभएको अवस्थामा स्थानीय तहहरूले अधिकृतस्तरका कर्मचारीहरूको पदपूर्तिका लागि सङघीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालयमा माग गरी पठाइए अनुसार नेपाल सरकारको निर्णयानुसार छैटौं तहमा पद्पूर्तिका लागि सिफारिस गर्न सङघीय लोक सेवा आयोगलाई अनुरोध गरिए बमोजिम छैटौं तहमा नियुक्तिका लागि सिफारिस गरी पठाए बमोजिमका सबै प्रदेशका स्थानीय तहहरूले नियुक्ति दिई कामकाज लगाएको अवस्था छ । पछि प्रदेश लोक सेवा आयोगहरूले पनि सङघले गरेकै कार्यविधि बमोजिम स्थानीय तहहरूले माग गरे बमोजिम छैटौं तहमा छनौट गरी नियुक्तिका लागि सिफारिस गरिएका उम्मेदवारहरू नियुक्ति लिई स्थानीय तहहरूमा कार्यरत छन् । सङघीय सरकारबाट जारी भएको समायोजन ऐन, २०७५ बमोजिम छैटौ तहलाई तह वृद्दिको तह मानी तह बृद्धिबाट पदपूर्ति गर्ने व्यवस्था रहेको छ । सोही प्रावधान बमोजिम प्रदेश सरकारहरूले पनि स्थानीय तहका लागि कर्मचारीको सेवा शर्तहरू निर्धारण गर्न कानून जारी गरेको अवस्था छ । कोशी प्रदेश सरकारले जारी गरेको स्थानीय सरकारी सेवाको (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा (१६) मा सङघीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई आएकालाई तोकिएको प्रक्रिया पुरा गरी स्वतः सातौ तह कायम गर्ने प्रावधान राखेको तर, प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति पाएका सोही तहको कर्मचारीहरू तथा वर्षौदेखि स्थानीय तहमा सोही तहमा कार्यरत कर्मचारीका हकमा सो व्यवस्था लागू नगरी कानूनी विभेद गरिएको अवस्था छ । जबकि अन्य प्रदेशहरूमा प्रदेश लोक सेवा आयोगबाट छैटौं तहमा सिफारिस भएकालाई पनि प्रकृया पुरा गरी स्वतः सातौं तह कायम गरिएको छ । यस विषयमा कोशी प्रदेश लोक सेवा आयोगले प्रदेश सरकारलाई सातौं तह कायम गर्न राय परामर्श उपलब्ध गराएको भए तापनि अध्यादेश जारी गर्दा सो प्रावधान राखिएन । यसरी एउटै समयमा कोशी प्रदेश लोक सेवा आयोगले छैटौं तहमा सिफारिस गरी स्थानीय तहमा नियुक्तिका लागि सिफारिस गरेका तथा स्थानीय तहहरूमा सोही तहमा कार्यरत अधिकृत कर्मचारीलाई प्रदेश सरकारकोतर्फबाट दोहोरो मापदण्ड अपनाई गरिएको विभेदप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

## १२.१.५. कानूनमा रहेका अन्य असमान प्रावधानहरू

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८(८) मा का.क्ष.मू. तथा जेष्ठता र का.स.मू.द्वारा बढुवा हुने अधिकृत आठौं तहसम्म सेवा, समूह वा उपसमूह रहने व्यवस्था रहेको छ भने सोही उपदफामा नवौं र दशौं तहमा बढुवा हुन समूह लागु नहुने व्यवस्था रहेको छ । त्यसै गरी एघारौं तहमा बढुवा हुन सेवासमेत लागू नहुने प्रावधान राखिएको छ । तर, ऐनको अन्य दफामा नवौ र दशौ तहमा समूह रहने तथा एघारौं तहमा सेवा रहने व्यवस्था रहेको छ । सङघीय निजामती सेवा ऐन, ०४९ मा प्रथम श्रेणीका पदहरू (एघारौ तह) मा मात्र सेवा रहने तर समूह नरहने व्यवस्था रहेको छ । कोशी प्रदेश निजामती सेवा ऐन, २०७९ मा संघीय कानूनमा रहेको व्यवस्था विपरीत भएको उक्त व्यवस्था कार्यान्वयनमा धेरै जटिलता उत्पन्न हुने निश्चित देखिन्छ । साथै, उक्त ऐनको दफा ८(१)(घ) मा सातौं तहको प्रवेश विन्दुमा खुलाबाट पदपूर्ति हुने संख्या सङघमा भएको ७० प्रतिशतभन्दा फरक गरी ६० प्रतिशत राखिएको छ । यसरी सङघीय कानूनमा रहेको प्रावधानभन्दा फरक प्रावधानहरूका सम्बन्धमा

आयोगको ध्यानाकर्षण भएको छ ।

साथै प्रदेश निजामती सेवा ऐन २०७९ को दफा २९ को उपदफा (३) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन वमोजिम वढुवाका लागि योग्यता पुगेका कर्मचारीको वढुवा गर्ने प्रयोजनका लागि प्रदेशमा पहिले समायोजन भएको कर्मचारीलाई पहिले र पछि समायोजन भएको कर्मचारीलाई पछि वढुवा गरिने छ भन्ने व्यवस्था प्रति समेत आयोगको ध्यानाकर्षण भएको छ ।

## १२.१.६. आयोगको सुरक्षा व्यवस्थापनका सम्बन्धमा

यस आयोगले आफ्नो कार्य संचालन गर्ने क्रममा प्रश्न पत्रहरू भण्डारण गर्ने, परीक्षा संचालन भइसकेपछि उत्तरपुस्तिकाहरू सुरक्षित रूपमा राख्नु पर्ने लगायतका अति संवेदनशील कार्य सञ्चालन प्रकृयाका कागजपत्रहरूको उचित र भरपर्दो चौबीसै घण्टा सुरक्षा प्रणाली बनाई राख्न जरूरी छ । यसै सन्दर्भमा आयोगको निर्णयानुसार उपयुक्त संख्यामा सुरक्षा कर्मीहरूको व्यवस्था गर्न २०७६ साल फाल्गुनमा प्रदेश सरकारलाई अनुरोध गरिएकोमा हालसम्म अस्थायी रूपमा जम्मा दुई जना सुरक्षा कर्मीको मात्र व्यवस्था भएको छ, जुन संख्या चौबीसै घण्टा सुरक्षा व्यवस्था बनाई राख्न अपर्याप्त भएकोप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

## १२.२ सुझावहरू

प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, सङगठित संस्थाहरूमा मुख्यतया पदपूर्ति, परामर्श, अनुगमन लगायतको कार्य जिम्मेवारीसहित यो आयोग स्थापना भएको हो । प्रदेश सरकार, स्थानीय तह एवं मातहतका निकायहरूमा कर्मचारी प्रशासनलाई सक्षम, स्वच्छ र मर्यादित बनाई सुशासन कायम गर्न सहयोगी भूमिका खेल्न प्रयत्नशील रहनु आयोगको महत्वपूर्ण जिम्मेवारी रहेको छ । तर प्रदेश तथा स्थानीय सरकारले बेलैमा प्रयाप्त चासो नदेखाउँदा उपरोक्त उल्लेखित ध्यानाकर्षण भएका विषयहरू वार्षिक प्रतिवेदनमा उल्लेख गर्न आयोग बाध्य भएको छ । त्यस्ता विषयहरू बेलैमा निराकरण गरिएन भने कानूनी राज्य र सुशासन कायम गर्न कठिनाई हुने प्रष्ट देखिन्छ । यसै सन्दर्भमा आयोगले अघिल्ला वर्षहरूमा ध्यानाकर्षण भएका विषयहरू समाधान गर्न दिइएका सुझावहरू मध्ये प्रदेश सरकारबाट केही सुझावहरू कार्यान्वयन गरिएको छ, सो का लागि आयोग आभारी छ । तथापि चौथो वार्षिक प्रतिवेदन तयारी भइरहेको समयसम्ममा केही पुराना र केही नयाँ उपरोक्त उल्लेखित ध्यानाकर्षण भएका विषय वस्तुउपर सम्बोधन हुनु पर्ने अवस्था छ । तसर्थ त्यस्ता ध्यानाकर्षण भएका विषय वस्तु उपर आवश्यक सम्बोधन गरी आयोगको कार्य सम्पादनमा सहजीकरण गरिदिन प्रदेश सरकार, स्थानीय तह लगायत सम्बन्धित निकायहरू समक्ष देहय बमोजिमका सुझावहरू दिन चाहान्छौं ।

## १२.२.१. ध्यानाकर्षण भएको बुंदा नं १२.१.१ का सम्बन्धमा

प्रदेश निजामती सेवा ऐन, २०७९ को संशोधन तथा स्थानीय सरकारी सेवा (गठन तथा संचालन)

अध्यादेश, २०८० लाई प्रतिस्थापन गर्ने विधेयक तयार गर्दा आयोगले ध्यानाकर्षण भएका भनी उठाएका उपरोक्त बमोजिम १२.१.१ नं बुँदामा उल्लेखित विषयहरू सम्बोधन हुने गरी परिमार्जन गर्न र त्यस्तो प्रस्तावित संशोधन प्रतिस्थापन प्रस्ताव उपर आयोगको राय परामर्श माग गर्न एवं प्राप्त हुने राय परामर्श ग्रहण गरी कारवाही प्रकृया अघि बढाउन सुझाव दिन चाहान्छौं ।

## १२.२.२. ध्यानाकर्षण भएको बुंदा नं १२.१.२ का सम्बन्धमा

प्रदेश स्वास्थ्य सेवामा समायोजन भएका स्वास्थ्य सेवाका साविक वमोजिमको तहको जिम्मेवारी वहन गर्ने गरी तह स्तर वृद्धि भएका कर्मचारीहरूलाई स्वास्थ्य सेवा ऐन, २०५३ मा भएको व्यवस्था वमोजिम समान तहमा प्रतिस्पर्धा गर्न पाउने कानूनी व्यवस्था एवम सोही ऐनमा भएको खुला प्रतिस्पर्धाका लागि कायम भएको उमेरको हद सम्वन्धी व्यवस्था आगामी दिनमा जारी हुने प्रदेश निजामती सेवा ऐन, २०७९ (संशोधन) मा राख्न हुन तथा प्रदेश सरकारको पहलबाट जारी हुने स्थानीय सरकारी सेवा सम्वन्धी ऐनमा पनि स्थानीय स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमासमेत स्वास्थ्य सेवा ऐन, २०५३ मा भएको व्यवस्था अनुरूप हुने गरी समान तहमा प्रतिस्पर्धा गर्न पाउने तथा दरखास्तको लागि उमेर हद सम्वन्धी व्यवस्थासमेत हुन आयोग प्रदेश सरकार समक्ष सुझाव पेश गर्दछ ।

## १२.२.३. ध्यानाकर्षण भएको बुंदा नं १२.१.३ का सम्बन्धमा

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (संशोधन सहित) को दफा १०(२) बमोजिम प्रदेश सरकार तथा स्थानीय तहहरूले कर्मचारीको सेवाका सर्त सम्बन्धी कानून बनाउँदा आयोगको परामर्श अनिवार्य गरिएको र आयोगबाट दिइएका परामर्श पालना गर्नु पर्ने बारे सोही ऐनको दफा ४३ मा उल्लेख भए बमोजिम पुनर्विचार गर्न आयोगलाई अनुरोध गर्न सक्ने तर त्यस्तो अनुरोध पछि दिइएको परामर्शलाई पालना गर्नु पर्ने व्यवस्थालाई अक्षरसः पालना हुन सुझाव दिन चाहान्छौं ।

## १२.२.४ ध्यानाकर्षण भएको बुंदा नं १२.१.४ र १२.१.५ का सम्बन्धमा

संघीय तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरूबाट सम्पादन हुने विषयगत कार्य प्रकृतिहरू समान रहेकोले प्रदेश निजामती सेवा अन्तरगत रहने सेवा समूह तथा उपसमूहहरू पनि समान प्रकृतिको हुन आवश्यक देखिन्छ । तर प्रदेश सरकारबाट जारी भएको प्रदेश निजामती सेवा ऐन, २०७९ (संशोधन सहित) को दफा ८(८) मा प्रदेश निजामती सेवातर्फ सातौं र आठौं तहसम्म मात्र सम्बन्धित सेवा भित्र समूह रहने तथा नवौं र दशौं तहमा सेवा मात्र रहने एवं एघारौं तहमा सेवासमेत नरहने व्यवस्था भएकोले यसबाट विषयगत मन्त्रालयहरूबाट दैनिक सार्वजनिक सेवा प्रवाहका लागि विशेषज्ञता तथा कार्य विशिष्टताका आधारमा जनशक्ति परिचालन गर्न कानूनी तथा व्यवहारगतः कठिनाई सिर्जना हुने भएको । सोही ऐनको दफा २९(३) मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन वमोजिम वढुवाको लागि योग्यता पुगेका कर्मचारीहरूको वढुवा गर्ने प्रयोजनको लागि पहिले समायोजन भएको कर्मचारीलाई पहिले र पछि समायोजन भएको कर्मचारीलाई पछि वढुवा गरिने छ

भन्ने कानूनी व्यवस्था वढुवाको सामान्य सिद्वान्तको विपरीत देखिन गएको छ । अतः प्रदेश सरकारबाट आगामी दिनमा प्रदेश निजामती सेवा ऐन, २०७९ मा संशोधन विधेयक पेश हुँदा प्रदेश निजामती सेवा अन्तरगत नवौं तथा दशौं तहहरूमा सम्वन्धित सेवा भित्र समूह रहने र एघारौ तहमा मात्र समूह नरहने कानूनी व्यवस्था हुन आवस्यक छ । त्यस्तै उक्त ऐनको दफा ८(१)(घ) मा सातौं तहको प्रवेश विन्दुमा खुलाबाट पदपूर्ति हुने संख्या सङघमा भएको ७० प्रतिशत नै कायम गरी श्रम बजारबाट प्रदेश निजामती सेवामा प्रवेश गर्ने नयाँ प्रतिभाहरूलाई आकर्षण गर्नसमेत खुलाबाट पदपूर्ति हुने प्रतिशत घटाउन उपयुक्त नहुने र त्यसै गरी ऐनको दफा ८(१४) बमोजिम सहायक कम्प्यूटर अपरेटरलाई तह बृद्धिको अवधि नै नपुगी स्वत पाँचौ तह कायम गर्दा कानूनको दृष्टिमा सबै समान भन्ने सिद्धान्त विपरीत हुने भएकोले यस्तो प्रावधान हटाउँदा नै ठिक हुने छ । साथै ऐनको दफा १३६ मा छैटौं तहका लागि मात्र कार्यक्षमताको आधारमा हुने बढुवामा कूल दरबन्दीको दश प्रतिशतले हुने संख्या थप गरी बढुवा गर्ने र सो संख्यालाई खुलाबाट हुने पदपूर्तिको संख्याबाट घटाउने व्यवस्थाले खुलाबाट प्रवेश गर्ने नयाँ प्रतिभावान जनशक्तिलाई सङगठनमा प्रवेश गर्ने अवसरबाट बन्चित गराउने र अन्य तहका कर्मचारीले उक्त सुविधा नपाउने हुँदा मनोवल घटने भएकोले सो प्रावधान हटाउँदा सबै तहका कर्मचारीमा समान अवसरको व्यवस्था कायम हुन जान्छ । आगामी दिनमा प्रदेश सभाबाट तर्जुमा हुने स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐनमा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका छैटौं तहका कर्मचारीहरू तथा वर्षौंदेखि स्थानीय तहमा छैटौ तहमा कार्यरत योग्यता पुगेका कर्मचारीलाई पनि स्वतः सातौं तहमा तह बृद्धि गर्ने प्रावधान राखिनु आवश्यक छ । साथै स्वास्थ्य सेवातर्फ आगामी दिनमा प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गरी तथा अब तर्जुमा हुने स्थानीय सेवा (गठन तथा संचालन) ऐनमा सङघीय स्वास्थ्य सेवा ऐनसँग नबाझिने गरी प्रावधानहरू राख्नु आवश्यक छ, जसले गर्दा प्रदेशमा समायोजन भएका स्वास्थ्य सेवातर्फका कर्मचारीको वृत्ति विकासमा सङघ, प्रदेश तथा स्थानीय तह सबैमा समान अवसर सृजना गरी कर्मचारीको मनोबल उच्च बनाउनेतर्फ ऐन आकर्षित हुनु अति जरूरी छ । माथि उल्लेखित सबै असमान प्रावधानहरू प्रदेश निजामती सेवा ऐन,२०७९ मा संशोधन विधेयक पेश हुँदा तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन तर्जुमा गर्दाका बखत माथि उल्लेखित असमान व्यवस्थाहरू हटाउन एवम अन्य कानूनी व्यवस्थाहरू गर्दा प्रचलित सङघीय कानूनको विपरित नहुने व्यवस्था हुन आयोग प्रदेश सरकारलाई सुझाव दिन चाहन्छ ।

## १२.२.५. ध्यानाकर्षण भएको बुंदा नं १२.१.६ का सम्बन्धमा:-

आयोगले सम्पन्न गर्नुपर्ने कार्यको संवेदनशीलतालाई दृष्टिगत गरी २४ सै घण्टा सुरक्षाकर्मीको सेवा उपलब्ध हुने गरी यथोचित संख्यामा प्रदेश प्रहरीबाट आयोगका लागि स्थायी रूपमा दरबन्दी सहितको सुरक्षा इकाईको व्यवस्था हुनसमेत सुझाव दिन चाहन्छौ ।

# अनुसूचीहरू

# अनुसूची १ (क)
## आ.व. ०७९/०८० को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

अनुसूची -२
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)
आर्थिक वर्ष २०७९/८० को पदपूर्ति सम्बन्धी
वार्षिक कार्यतालिका
(प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सहायकस्तर तथा अधिकृतस्तर तहका विभिन्न पदहरु)

| सि.नं | तह | पदपूर्तिको किसिम | | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प. नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| क) | आ.व. २०७८/७९ का बाँकी पदपूर्ति कार्यक्रम | | | | | | | |
| १ | स्थानीय सरकारी सेवाका सहायक चौथो तथा पाचौं तहका अप्राविधिक पदहरू | बढुवा | | भैसकेको | भैसकेको | | | |
| | | आप्र | | | | भदौ | असोज | कार्तिक |
| | | खुला | प्रथम चरण | | | | | |
| | | | द्वितीय चरण | | | भदौ | असोज | कार्तिक |
| २ | प्रदेश निजामती सेवाका छैटौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू | बढुवा | | भैसकेको | भैसकेको | | | |
| | | खुला | प्रथम चरण | | | श्रावण/भदौ | कार्तिक | |
| | | | द्वितीय चरण | | | भदौ/असोज | कार्तिक | मंसिर |
| ख) | आ.व. २०७९/८० का पदपूर्ति कार्यक्रम | | | | | | | |
| १ | स्थानीय सरकारी सेवाका नवौं तहका प्राविधिक पदहरू | बढुवा | | साउन | भदौ पहिलो सोमवार | | | |
| | | खुला, आप्र | | | | असोज | कार्तिक | कार्तिक |
| २ | स्थानीय सरकारी सेवाका नवौं तहका अप्राविधिक पदहरू (विविध र शिक्षा सेवा | बढुवा | | साउन | भदौ तेस्रो सोमवार | | | |
| | | खुला, आप्र | | | | कार्तिक | मंसिर | मंसिर |
| ३ | स्थानीय सरकारी सेवाका छैटौं, सातौं र आठौं तहका प्राविधिक पदहरू | बढुवा | | भाद्र | आश्विन पहिलो सोमवार | | | |
| | | खुला | प्रथम चरण | | | मंसिर | मंसिर | |
| | | | द्वितीय चरण | | | पुस | माघ | माघ |
| ४ | स्थानीय सरकारी सेवाका छैटौं, सातौं र आठौं तहका अप्राविधिक पदहरू (विविध र शिक्षा सेवा समेत) | बढुवा | | आश्विन | कार्तिक पहिलो सोमवार | | | |
| | | खुला | प्रथम चरण | | | पुस | माघ | |
| | | | द्वितीय चरण | | | फागुन | चैत | चैत |
| ५ | स्थानीय सरकारी सेवाका चौथो र पाचौं तहका प्राविधिक पदहरू | बढुवा | | कार्तिक | मंसिर पहिलो सोमवार | | | |
| | | खुला, आप्र | | | | माघ | फागुन | चैत |
| ६ | स्थानीय सरकारी सेवाका सहायक चौथो तथा पाचौं तहका अप्राविधिक पदहरू (महिला विकास समेत) | बढुवा | | मंसिर | पुस पहिलो सोमवार | | | |
| | | आप्र | | | | जेठ | जेठ | असार |
| | | खुला | प्रथम चरण | | | फागुन | फागुन | |
| | | | द्वितीय चरण | | | चैत | चैत | बैशाख |
| ७ | प्रदेश निजामती सेवाका नवौं र एघारौं तहका प्राविधिक पदहरू | बढुवा | | पुस | माघ पहिलो सोमवार | | | |
| | | खुला, आप्र | | | | वैशाख | वैशाख | जेठ |
| ८ | प्रदेश निजामती सेवाका नवौं र एघारौं तहका अप्राविधिक पदहरू (विविध र शिक्षा सेवा | बढुवा | | पुस | माघ तेस्रो सोमवार | | | |
| | | खुला, आप्र | | | | वैशाख | वैशाख | जेठ |
| ९ | प्रदेश निजामती सेवाका छैटौं, सातौं र आठौं तहका प्राविधिक पदहरू | बढुवा | | माघ | फागुन पहिलो सोमवार | | | |
| | | खुला | प्रथम चरण | | | वैशाख | वैशाख | |
| | | | द्वितीय चरण | | | जेठ | जेठ | असार |
| १० | प्रदेश निजामती सेवाका छैटौं, सातौं र आठौं तहका अप्राविधिक पदहरू (विविध र शिक्षा सेवा समेत। | बढुवा | | फागुन | चैत पहिलो सोमवार | | | |
| | | खुला | प्रथम चरण | | | वैशाख | जेठ | |
| | | | द्वितीय चरण | | | जेठ | असार | असार |
| ११ | प्रदेश निजामती सेवाका चौथो र पाचौं तहका प्राविधिक पदहरू | बढुवा | | चैत | वैशाख पहिलो सोमवार | | | |
| | | खुला, आप्र | | | | जेठ | जेठ | असार |
| १२ | प्रदेश निजामती सेवाका चौथो र पाचौं तहका अप्राविधिक पदहरू (महिला विकास समेत) | बढुवा | | वैशाख | जेठ पहिलो सोमवार | | | |
| | | आप्र | | | | भदौ | असोज | असोज |
| | | खुला | प्रथम चरण | | | श्रावण | श्रावण | |
| | | | द्वितीय चरण | | | भदौ | असोज | असोज |

द्रष्टव्य:-

१. कोभिड-१९ लगायत अन्य महामारीका कारण स्थिति सामान्य हुन नसकेको अवस्थामा कार्यतालिकामा उल्लिखित समयावधि पुनरावलोकन गरिनेछ।

२. प्रदेश तथा स्थानीय सरकारबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारवाही कार्यतालिका बमोजिम हुने छैन।

# अनुसूची १ (ख)
# आ.व. ०८०/०८१ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

**अनुसूची -२**
**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**
**आर्थिक वर्ष २०८०/८१ को पदपूर्ति सम्बन्धी**
**वार्षिक कार्यतालिका**

**(प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सहायकस्तर तथा अधिकृतस्तर तहका विभिन्न पदहरु)**

| सि.नं | तह | पदपूर्तिको किसिम | | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प. नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| क) | आ.व. २०७९/८० का बाँकी पदपूर्ति कार्यक्रम | | | | | | | |
| १ | स्थानीय सरकारी सेवाका अधिकृत छैटौं तहका अप्राविधिक पदहरु | बढुवा | | भैसकेको | भैसकेको | | | |
| | | खुला | प्रथम चरण | | | | | |
| | | | द्वितीय चरण | | | | श्रावण/भाद्र | भाद्र/आश्विन |
| २ | स्थानीय सरकारी सेवाका सहायक चौथो तथा पाचौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू | बढुवा | | भैसकेको | भैसकेको | | | |
| | | आप्र | | | | भैसकेको | भाद्र/आश्विन | मार्ग/पौष |
| | | खुला | प्रथम चरण | | | | | |
| | | | द्वितीय चरण | | | श्रावण/भाद्र | भाद्र/आश्विन | आश्विन/कार्तिक |
| ३ | प्रदेश निजामती सेवाका सातौं र आठौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू | बढुवा | | भैसकेको | भैसकेको | | | |
| | | खुला | प्रथम तथा द्वितीय चरण | | | भाद्र/आश्विन | कार्तिक/मार्ग/पौष | माघ/फागुन |
| ख) | आ.व. २०८०/८१ का पदपूर्ति कार्यक्रम | | | | | | | |
| १ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका एघारौं तहका प्राविधिक र अप्राविधिक पदहरू | बढुवा | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| २ | प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका नवौं तहका प्राविधिक र अप्राविधिक पदहरू | बढुवा | | श्रावण | भाद्र | | | |
| | | खुला, अ.स्था., आ.अ. | | | | मंसिर/पुष | माघ/फागुन | फागुन/चैत |
| ३ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सातौं र आठौं तहका प्राविधिक र अप्राविधिक पदहरू | बढुवा | | श्रावण/भाद्र | असोज | | | |
| | | खुला, अ.स्था., आ.अ. | प्रथम तथा द्वितीय चरण | | | पौष/माघ/फागुन | चैत/वैशाख | ज्येष्ठ |
| ४ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पाचौं, चौथो तथा आधारभुत तहका प्राविधिक पदहरू | बढुवा | | आश्विन/कार्तिक | कार्तिक/मंसिर | | | |
| | | खुला, अ.स्था., आ.अ. | | | | चैत/वैशाख | वैशाख/जेठ | ज्येष्ठ |
| ५ | प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका सहायक पाचौं तथा चौथो तहका अप्राविधिक पदहरू | बढुवा | | कार्तिक/मंसिर | मार्ग/पौष | | | |
| | | खुला, अ.स्था., आ.अ. | प्रथम तथा द्वितीय चरण | | | चैत/वैशाख | वैशाख/ज्येष्ठ | असार |

द्रस्टव्यः-

१. महामारी वा प्राकृतिक विपदका कारण स्थिति सामान्य हुन नसकेको अवस्थामा कार्यतालिकामा उल्लिखित समयावधि पुनरावलोकन गरिनेछ।

२. प्रदेश तथा स्थानीय सरकारबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारवाही कार्यतालिका बमोजिम हुने छैन।

# अनुसूची २
## आयोगको प्रस्तावित सङ्गठन संरचना



# अनुसूची ३

## आयोगको प्रस्तावित दरबन्दी तालिका

| सि.नं. | पद | सेवा | समूह | तह/श्रेणी | दरबन्दी | पदपूर्तिको प्रकार |
|---|---|---|---|---|---|---|
| १. | सचिव | प्रशासन | | रा.प.प्रथम | १ | स्थायी |
| | | | प्रशासन तथा निरीक्षण महाशाखा | | | |
| २. | अधिकृत | प्रशासन | सा.प्र. | ९/१० | १ | स्थायी |
| ३. | प्रशासन अधिकृत | प्रशासन | सा.प्र. | ७/८ | १ | स्थायी |
| ४. | कानून अधिकृत | न्याय | कानून | ७/८ | १ | स्थायी |
| ५. | लेखा अधिकृत | प्रशासन | लेखा | ७/८ | १ | स्थायी |
| ६. | कम्प्युटर ईन्जिनियर | विविध | | ७/८ | १ | स्थायी |
| ७. | प्रशासन सहायक/अधिकृत | प्रशासन | सा.प्र. | ५/६ | ७ | स्थायी |
| ८. | लेखा सहायक/अधिकृत | प्रशासन | लेखा | ५/६ | १ | स्थायी |
| ९. | कानून सहायक/अधिकृत | न्याय | कानून | ५/६ | १ | स्थायी |
| १०. | सहायक/अधिकृत | शिक्षा | पुस्तकालय | ५/६ | १ | स्थायी |
| ११. | कम्प्यूटर अपरेटर/अधिकृत | विविध | | ५/६ | २ | स्थायी/करार |
| १२. | ह.स.चा. | तह विहिन | | | ९ | करार |
| १३. | का.स. | तह विहिन | | | ७ | करार |
| | | | परीक्षा महाशाखा | | | |
| १४. | अधिकृत | प्रशासन | सा.प्र. | ९/१० | १ | स्थायी |
| १५. | प्रशासन अधिकृत | प्रशासन | सा.प्र. | ७/८ | ३ | स्थायी |
| १६. | प्रशासन सहायक/अधिकृत | प्रशासन | सा.प्र. | ५/६ | ७ | स्थायी |
| | | | अन्तरवार्ता तथा सिफारिस महाशाखा | | | |
| १७. | अधिकृत | प्रशासन | सा.प्र. | ९/१० | १ | स्थायी |
| १८. | प्रशासन अधिकृत | प्रशासन | सा.प्र. | ७/८ | २ | स्थायी |
| १९. | अधिकृत | शिक्षा | शि.प्र. | ७/८ | १ | स्थायी |
| २०. | प्रशासन सहायक/अधिकृत | प्रशासन | सा.प्र. | ५/६ | ४ | स्थायी |
| २१. | सहायक/अधिकृत | शिक्षा | पुस्तकालय | ५/६ | १ | स्थायी |
| | | | प्रदेश प्रहरी तथा संगठित संस्था शाखा | | | |
| २०. | प्रशासन अधिकृत | प्रशासन | सा.प्र. | ७/८ | १ | |
| २१. | प्रशासन सहायक/अधिकृत | प्रशासन | सा.प्र. | ५/६ | १ | |
| | **जम्मा** | | | | **५६** | |

# अनुसूची ४

## प्रदेश लोक सेवा आयोगको प्रतीक चिन्ह (Logo)

### प्रतीक चिन्ह (Logo) को व्यख्याः

- निलो रङ्ग, सेतो रङ्ग, रातो रङ्ग (झण्डाको रङ्ग) यसले राष्ट्रियता जनाउँदछ ।
- गुराँस (सौन्दर्य प्रतीक) ले कोशी प्रदेशको पहिचान, गुराँसको राजधानी जनाउँदछ ।
- आकासे हरियो, सेतो, पहेलो (लोक सेवा आयोग नेपालको प्रतीक चिन्हबाट लिइएको रङ्ग जसले स्वच्छन्दता आकास, हिमाल, पहाड, तराई) जनाउँदछ ।
- कलमसँगै देखिएका प्रफुल्लता (सफल) व्यक्तिहरूको समावेशीता जनाउँदछ ।
- तराजुले निष्पक्षता जनाउँदछ ।
- पुस्तकले योग्यता जनाउँदछ ।
- महिला पुरुषको हातले लोक सेवा अर्थात सम्वर्द्धन साथै सबैको ऐक्यवद्धता जनाउँछ ।
- आयोगको प्रतीक चिन्ह गोलाकार बनाइएको छ जसले पूर्णता, यथार्थ, अनन्त जनाउँदछ । प्रतीक चिन्हको गोलाकारको बैठकमा ताम्रपत्र राखी प्रदेश लोक सेवा आयोगको नामाङ्कन गरिएको छ । ताम्रपत्र पवित्रताको प्रतीक मानिन्छ । रातो पृष्ठभूभि बनाएर सेतो अक्षरले अंकन गरिनु राष्ट्रिय झण्डाको सूर्यचन्द्रको सेतो रङ्ग र पृष्ठभूमिको रातो रङ्गलाई जनाउँदछ ।
- प्रतीक चिन्हको बाहिर गोलाकारको परिधि भित्र गाढा निलो (झण्डाको) रङ्गमा सेतो अक्षर गरेर अंग्रेजी भाषामा Province Public Service Commission, Koshi Province लेखिएको छ ।
- दोस्रो भित्रि गोला परिधिमा लोक सेवा आयोग, कोशी प्रदेशको मूल सिद्धान्तलाई अक्षरस उल्लेख गरिएको छ । योग्यता, निष्पक्षता, स्वच्छता र समावेशीता सिद्धान्त अक्षरस पालना गर्ने अर्थात मन्त्र भन्ने बुझाउँदछ र सम्पूर्ण प्रतीकहरूको अभिव्यक्तिलाई स्पष्ट बनाउछ ।
- मध्य भागमा प्रदेशको भूगोल, सीमाङ्कन राखिएको छ जसले प्रदेशलाई जनाउँदछ । प्रतीक चिन्हको मूल ध्वनीको रुपमा महिला पुरुषले उठाइरहेको हात, पुस्तक, तराजु र कलम (अर्धमूर्त) जसको दुई भाग दुई प्रफुल्ल सफल व्यक्तिहरू देखिन्छन, जो विभिन्न रङ्गका छन, जसले सफलता, सवलता, योग्यता, समावेशीतासमेत जनाउँदछ ।

# अनुसूची ५

## लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०७९ को घोषणापत्र तथा निर्णय

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता

### लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन

२०७९ फागुन १९ र २० गते, धनगढी कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

### घोषणापत्र

हामी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू

योग्यता, निष्पक्षता, स्वच्छता र विश्वसनीयताको मूल मर्मप्रति सम्मान व्यक्त गर्दै,

योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारी बोध गर्दै,

भर्ना र छनौट पद्धतिमा विद्यमान सिद्धान्त, मापदण्ड र मूल्य मान्यतालाई अक्षुण्ण राखी समयानुकूल सुधार गर्दै,

निम्न प्रतिबद्धताहरू गर्दछौं:

सार्वजनिक प्रशासनमा समयानुकूल सुधार गर्न आयोगको परीक्षा प्रणालीमा नवीनतम प्रविधिलाई आवश्यकतानुसार अवलम्बन एवं उपयोग गर्दै जानेछौं।

नेपालको संविधान र कानूनको मर्म एवं भावना अनुसार समावेशी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछौं।

कर्मचारीको वृत्ति विकासको सुनिश्चितता, व्यवस्थापन र सार्वजनिक प्रशासनमा रहेको सङ्क्रमणको अन्त्य गर्न यथाशीघ्र सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन जारी गर्न नेपाल सरकार र प्रदेश सरकारसँग अनुरोध गर्दछौं।

सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामुखी, मर्यादित र व्यवस्थित बनाउन निरन्तर क्रियाशील रहनेछौं ।

लोक सेवा आयोगहरूलाई योग्यता प्रणालीको उत्कृष्ट केन्द्रको रूपमा कायम राख्न प्रतिबद्ध रहनेछौं।

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबीच निरन्तर समन्वय र सहयोगको वातावरण कायम राख्नेछौं।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यज्ञराज बोहोरा | रामप्रसाद उपाध्याय | प्रा. डिलाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | डा. सुजाता देव | उत्तमकुमार भट्टराई | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | सदस्य | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | लोक सेवा आयोग |

इति सम्बत् २०७९ साल फागुन २० गते रोज ७ शुभम् ।

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता

# लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन

२०७९ फागुन १९ र २० गते, धनगढी कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

## निर्णयहरू

१. लोक सेवा आयोगका संस्थागत मूल्यहरू योग्यता, निष्पक्षता, स्वच्छताको मूल मर्म अनुसार गोपनीयता एवं विश्वसनीयता सुनिश्चित हुने गरी कार्यसम्पादन गर्नका लागि प्रदेश लोक सेवा आयोगहरूको सङ्गठन संरचना र शाखागत कार्यविवरणमा एकरूपता कायम गर्न लोक सेवा आयोगका प्रशासन तथा निरीक्षण महाशाखा प्रमुखको संयोजकत्वमा प्रदेश लोक सेवा आयोगका सचिवहरू सदस्य रहने गरी समिति गठन गर्ने।

२. नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम सम्बन्धी प्रचलित कानूनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रक्रिया तथा वहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने।

३. सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीहरूको सेवा प्रवेश, वृत्तिविकास लगायत तीन ओटै तहका कर्मचारीहरूका सेवा, सर्त, सुविधाका आधारभूत पक्षमा एकरूपता ल्याउन सङ्घीय निजामती सेवामा समावेश गर्नुपर्ने विषयमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूसँग समन्वय गर्ने।

४. सङ्घ, प्रदेश तथा स्थानीय तहको पदपूर्ति प्रक्रियामा रहेको अन्यौल हटाउन सङ्घीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्नका लागि लोक सेवा आयोगले नेपाल सरकारलाई अनुरोध गर्ने।

५. प्रदेश लोक सेवा आयोगहरूले पदपूर्तिका सम्बन्धमा अपनाएका सिद्धान्त तथा मापदण्डहरूमा एकरूपता ल्याउन लोक सेवा आयोगले प्रतिपादन गरेका सिद्धान्त र मापदण्डहरू पालना गर्न गराउन लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूलाई आवश्यक सहजीकरण गर्ने।

६. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको कार्यसम्पादनमा हासिल भएका असल अभ्यासहरू एक आपसमा आदानप्रदान गर्ने।

७. लोक सेवा आयोगको पदपूर्ति सम्वन्धी वार्षिक कार्यतालिकाको आधारमा प्रदेश लोक सेवा आयोगहरूका पदपूर्ति सम्वन्धी वार्षिक कार्यतालिकामा सामान्यतया एकरूपता कायम गर्न आवश्यक पहल गर्ने।

८. उपयुक्त उम्मेदवार छनौटका लागि प्रयोगमा ल्याउन सकिने नवीनतम परीक्षण विधिको विकास एवं प्रयोगका लागि लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूलाई आवश्यक सहयोग एवं सहजीकरण गर्ने।

९. लोक सेवा आयोगहरूको आगामी राष्ट्रिय सम्मेलन वि.सं. २०८० फाल्गुन २३ र २४ गते आयोजना गर्ने।

१०. लोक सेवा आयोगका माननीय अध्यक्ष श्री माधव प्रसाद रेग्मीको अध्यक्षतामा तेस्रो राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न गरेको सहयोगको लागि प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेश लगायत यस कार्यमा सहयोग गर्ने सबै प्रदेश लोक सेवा आयोगहरू र सबै राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्ने।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यज्ञराज वोहोरा | रामप्रसाद उपाध्याय | प्रा. डिलाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | डा. सुजाता देव | उत्तमकुमार भट्टराई | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | सदस्य | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | लोक सेवा आयोग |

इति सम्वत् २०७९ साल फागुन २० गते रोज ७ शुभम् ।

# अनुसूची ६
# आ.व. २०७९/८० कोजिन्सी निरीक्षण प्रतिवेदन

म.ले.प.फाराम नं ४११
साविकको फाराम नं. ४६

प्रदेश लोक सेवा आयोग
प्रदेश लोक सेवा आयोग
कार्यालय कोड नं: २१०००१३०११
जिन्सी निरीक्षण फाराम

आर्थिक वर्ष:-२०७९.८०

| क्र.स. | जिन्सी सङ्केत नं. | खाता पाना नं. | विवरण | एकाइ | जिन्सी खाता बमोजिमको मौज्दात | | स्पेसिफिकेसनअनुसार | | भौतिक परीक्षण गर्दा | | | चालू हालतमा | | सामानको अवस्था | | | | कुल परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | मूल्य | भिडेको | नभिडेको | घट सङ्ख्या | बढ सङ्ख्या | घट । बढको मूल्य | रहेको | नरहेको | मर्मत गर्नु पर्ने | लिलाम / बिक्रि गर्नु पर्ने | मिन्हा गर्नु पर्ने | संरक्षण गर्नु पर्ने | | |
| १ | ६१११२१०१००४ | | अन्य यातुजन्य साधन | संख्या | १ | ४१७४००० | १ | | | | | १ | | | | | | १ | |
| २ | ६१११२१०९००१ | | मोटर साइकल | संख्या | ९ | २९७२९४३.२ | ९ | | | | | ९ | | | | | | ९ | |
| ३ | ६१११२१०९००२ | | स्कुटर | संख्या | २ | ३८७६१०.६२ | २ | | | | | २ | | | | | | २ | |
| ४ | ६१११२१०९००३ | | साइकल | संख्या | ४ | ३७६२० | ४ | | | | | ३ | १ | | | | | ४ | १ थान हराएको भन्ने जानकारी प्राप्त |
| ५ | ६१११२११०००१ | | कार | संख्या | १ | ३६५५७५२.२ | १ | | | | | १ | | | | | | १ | |
| ६ | ६१११२११०००४ | | पिकअप | संख्या | १ | ४१०४४२४.८ | १ | | | | | १ | | | | | | १ | |
| ७ | ६१११२२११००१ | | टेलिभिजन | संख्या | ५ | २४७६८७.३४ | ५ | | | | | ५ | | | | | | ५ | |
| ८ | ६१११२२११००३ | | ईन्टरकम टेलिफोन | संख्या | १ | ३३६२८.३२ | १ | | | | | १ | | | | | | १ | |
| ९ | ६१११२२११००५ | | क्यामरा लेन्स | संख्या | १५ | १११००० | १५ | | | | | १५ | | | | | | १५ | |
| १० | ६१११२२११०१३ | | हार्ड ड्राईभ | संख्या | ७ | १४३२५६.६२ | ७ | | | | | ७ | | | | | | ७ | |
| ११ | ६१११२२११०१४ | | डिस होम सेट | संख्या | २ | ९००० | २ | | | | | २ | | | | | | २ | |
| १२ | ६१११२२११०२६ | | अन्य सूचना कम्प्युटर तथा दुरसंचार सामान | संख्या | ४ | ४०५०० | ४ | | | | | ४ | | | | | | ४ | |
| १३ | ६१११२२११०३४ | | Network Video Recorder(NVR) | पिस | १ | ३९५०० | १ | | | | | १ | | | | | | १ | |
| १४ | ६१११२२२१०५४ | | बोर्ड(कार्यालय,कार्यालय प्रमुख,अन्य) | संख्या | १ | १८००० | १ | | | | | १ | | | | | | १ | |
| १५ | ६१११२२२२००१ | | डेस्कटप कम्प्युटर | पिस | २९ | २०१३३२९.४ | २९ | | | | | २९ | | | | | | २९ | |
| १६ | ६१११२२२२००२ | | ल्यापटप | पिस | ९ | ७७९११०.३ | ९ | | | | | ८ | १ | १ | | | | ९ | |
| १७ | ६१११२२२२००३ | | प्रिन्टर | पिस | २० | ४६८९७३.५३ | २० | | | | | २० | | | | | | २० | |
| १८ | ६१११२२२२००४ | | फोटोकपी मेशिन | पिस | ४ | १३५०२२१.२ | ४ | | | | | ४ | | | | | | ४ | |
| १९ | ६१११२२२२००६ | | प्रोजक्टर | पिस | १ | ५६००० | १ | | | | | १ | | | | | | १ | |

| क्र.सं. | जिन्सी सङ्केत नं. | खाता पाना नं. | विवरण | एकाइ | जिन्सी खाता बमोजिमको मौज्दात | | स्पेसिफिकेसनअनुसार | | भौतिक परीक्षण गर्दा | | | चालु हालतमा | | सामानको अवस्था | | | | कुल परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | मूल्य | भिडेको | नभिडेको | घट सङ्ख्या | बढ सङ्ख्या | घट/बढको मूल्य | रहेको | नरहेको | मर्मत गर्नु पर्ने | लिलाम/बिक्रि गर्नु पर्ने | मिन्हा गर्नु पर्ने | संरक्षण गर्नु पर्ने | | |
| २० | ६११२२२२००९ | | मोनिटर | पिस | १० | ११५३५७.२८ | १० | | | | | १० | | | | | | १० | डेस्टपनै सेटको रुपमा देखाउन उपयुक्त |
| २१ | ६११२२२२०१२ | | स्क्यानर मेशिन | पिस | १ | ९५५७.५२ | १ | | | | | १ | | | | | | १ | |
| २२ | ६११२२२३००२ | | सिलिङ पंखा | पिस | ३१ | ३५२०९८.३८ | ३१ | | | | | ३१ | | | | | | ३१ | |
| २३ | ६११२२२३००३ | | टेबुल पंखा | पिस | १ | २७४०.५ | १ | | | | | १ | | | | | | १ | |
| २४ | ६११२२२३००५ | | एयर कन्डीसनर | पिस | २० | १३१९३०५.२ | २० | | | | | २० | | | | | | २० | |
| २५ | ६११२२२३००८ | | भ्याकुम क्लिनर | पिस | २ | २४३२६.९९ | २ | | | | | २ | | | | | | २ | |
| २६ | ६११२२२३००९ | | यु पि एस | पिस | ७ | ३८०४६ | ७ | | | | | ७ | | | | | | ७ | |
| २७ | ६११२२२३०१० | | ब्याट्री(Battery BDC) | पिस | ५ | १५०८८४.९७ | ५ | | | | | ५ | | | | | | ५ | |
| २८ | ६११२२२३०१५ | | वाल पंखा | संख्या | ३ | ११९४६.९२ | ३ | | | | | ३ | | | | | | ३ | |
| २९ | ६११२२२३०२१ | | स्टेबिलाइजेर | पिस | २२ | ३०८८४५.५६ | २२ | | | | | २२ | | | | | | २२ | |
| ३० | ६११२२२३०३० | | फिंगर प्रिन्ट मेशिन | संख्या | १ | २३८९३.८ | १ | | | | | १ | | | | | | १ | |
| ३१ | ६११२२२३०३५ | | मिक्स्वर | संख्या | १ | ५०८५ | १ | | | | | १ | | | | | | १ | |
| ३२ | ६११२२२३०३६ | | आइरन | संख्या | १ | २६१४ | १ | | | | | १ | | | | | | १ | |
| ३३ | ६११२२२३०३७ | | इन्भरटर | संख्या | २ | ८०६९०.२६ | २ | | | | | २ | | | | | | २ | |
| ३४ | ६११२२२३०४१ | | गिजर | संख्या | २ | ४१३५५ | २ | | | | | २ | | | | | | २ | |
| ३५ | ६११२२२३०५५ | | स्टेन्ड पंखा | संख्या | १ | ३२०० | १ | | | | | १ | | | | | | १ | |
| ३६ | ६११२२२४००६ | | मोबाइल | पिस | २ | ४८१६९ | २ | | | | | २ | | | | | | २ | |
| ३७ | ६११२२२४०१० | | नेटवर्क रयाक | संख्या | ४ | ३०५१० | ४ | | | | | ४ | | | | | | ४ | |
| ३८ | ६११२२२४०२० | | पोर्ट स्वीच | संख्या | ४ | १५३६८ | ४ | | | | | ४ | | | | | | ४ | |
| ३९ | ६११२२३०००२ | | पुस्तक | पिस | ३८९ | २३१६४२.७८ | ३८९ | | | | | ३८९ | | | | | | ३८९ | |
| ४० | ६११२३११००१ | | टेबुल | पिस | ३४ | ८४३२५० | ३४ | | | | | ३४ | | | | | | ३४ | |
| ४१ | ६११२३११००९ | | स्टिल दराज | पिस | ३२ | ५९९३०४ | ३२ | | | | | ३२ | | | | | | ३२ | |
| ४२ | ६११२३११०१३ | | टि टेबल | संख्या | २० | १६६३६८ | २० | | | | | २० | | | | | | २० | |
| ४३ | ६११२३११०१४ | | कम्प्युटर टेबल | संख्या | ६ | १०३०१४ | ६ | | | | | ६ | | | | | | ६ | |
| ४४ | ६११२३११०१८ | | खाट पलङ लोबेड | पिस | २० | ३५३७८०.६ | २० | | | | | २० | | | | | | २० | |
| ४५ | ६११२३११०१९ | | र्‍याक | पिस | ४ | ८०८८० | ४ | | | | ४ | | | | | | | ४ | |
| ४६ | ६११२३११०२१ | | इस्टुल | संख्या | २ | ६५०८.८ | २ | | | | | २ | | | | | | २ | |
| ४७ | ६११२३११०२२ | | स्टाण्ड | संख्या | ४ | ७५७६३.२ | ४ | | | | | ४ | | | | | | ४ | |

| क्र.स. | जिन्सी सङ्केत नं. | खाता पाना नं. | विवरण | एकाइ | जिन्सी खाता बमोजिमको मौज्दात | | स्पेसिफिकेसनअनुसार | | भौतिक परीक्षण गर्दा | | | चालु हालतमा | | सामानको अवस्था | | | | कुल परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | मूल्य | भिडेको | नभिडेको | घट सङ्ख्या | बढ सङ्ख्या | घट / बढको मूल्य | रहेको | नरहेको | मर्मत गर्नु पर्ने | लिलाम / बिक्रि गर्नु पर्ने | मिन्हा गर्नु पर्ने | संरक्षण गर्नु पर्ने | | |
| ४८ | ६११२३११०२६ | | काठको दराज | संख्या | २ | १५८१०४ | २ | | | | | २ | | | | | | २ | |
| ४९ | ६११२३११०२९ | | पिन बोर्ड | संख्या | ४ | ९७६३.२ | ४ | | | | | ४ | | | | | | ४ | |
| ५० | ६११२३११०३७ | | बाकस | संख्या | ४ | ३२५०० | ४ | | | | | ४ | | | | | | ४ | |
| ५१ | ६११२३११०३८ | | डाइनिङ टेबुल | संख्या | ५ | १०६८४९ | ५ | | | | | ५ | | | | | | ५ | |
| ५२ | ६११२३११०४१ | | किचेन र्‍याक/Kitchen rack | संख्या | १ | २४४०८ | १ | | | | | १ | | | | | | १ | |
| ५३ | ६११२३११०४२ | | मिटिङ टेबुल | संख्या | २ | ८५३९२ | २ | | | | | २ | | | | | | २ | |
| ५४ | ६११२३११०५१ | | Notice Board(नोटिस/सूचना बोर्ड) | पिस | ४ | ४५००० | ४ | | | | | ४ | | | | | | ४ | |
| ५५ | ६११२३११०५५ | | बुक केश(Book Case) | पिस | ४ | ८८८०० | ४ | | | | | ४ | | १ | | | | ४ | |
| ५६ | ६११२४११००३ | | सफ्टवेयर | पिस | १ | १७६०००० | १ | | | | | १ | | | | | | १ | |
| ५७ | ६११२४११००९ | | वेभसाइट(Website) | संख्या | १ | २१५००० | १ | | | | | १ | | | | | | १ | |
| ५८ | ६११२२२२०३७ | | Optical Mark Recognition (OMR) Scanner | संख्या | १ | २३३५००० | १ | | | | | १ | | | | | | १ | मु.म.का.बाट प्राप्त भइसकेकोले हस्तान्तरण भइ दाखिला हुनुपर्ने |
| ५९ | ६११२३११०५६ | | भिजिटर चेयर(Visitor Chair) | पिस | १० | ७२००० | १० | | | | | ९ | १ | १ | | | | १० | |
| ६० | ६११२११०००२ | | जिप | संख्या | २ | १०३६२५६६ | २ | | | | | २ | | | | | | २ | |
| ६१ | ६११२२२३००७ | | फ्रिज | पिस | ४ | ११६२००.५६ | ४ | | | | | ४ | | | | | | ४ | |
| ६२ | ६११२३११००२ | | कुर्चि | पिस | १२० | ५४८४८८.८ | १२० | | | | | १२० | | | | | | १२० | |
| ६३ | ६११२३११००६ | | सोफासेट | पिस | ११ | ६६२२८२ | ११ | | | | | ११ | | | | | | ११ | |
| ६४ | ६११२३११०११ | | रिभल्भिङ चेयर | पिस | १८ | ३४७६९४ | १८ | | | | | १८ | | ५ | | | | १८ | |
| ६५ | ६११२३११०१६ | | कोट हेंगर | पिस | ४ | ९७६३.२ | ४ | | | | | ४ | | | | | | ४ | |

जिन्सी निरीक्षण समिति गठन मिति: 2080/3/29
जिन्सी निरीक्षण प्रतिवेदन पेश मिति: 2080/4/15
जिन्सी निरीक्षण समितिका पदाधिकारीको विवरण:

नाम: पद हस्ताक्षर

Printed By: store@2100013011
Printed Date: २०८०/४/१५

# अनुसूची ७

## आ.व. २०७९/८० को बजेट, निकासा तथा खर्च सम्बन्धी विवरण

प्रदेश लोक सेवा आयोग
कार्यालय कोड नं.: २१०००१३०११
दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण
२०७९/८० साल

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** प्रदेश लोक सेवा आयोग[२१००००११३]
**कार्यालय / आयोजनाको नाम :**
**आयोजना रहेको स्थान :**

| खर्च संकेत | | स्रोतको तह | | | | | | संशोधन /रकमान्तर/स्रोतान्तर बाट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नम्बर | नाम | प्राथमिक | द्वितीय | स्रोत व्योहोर्ने निकाय | प्रकार | भुक्तानी विधि | शुरु बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
| २११११ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार | | | नगद | | १८,२१३,०००.०० | ५६४,०००.०० | ३,२६४,४८०.०० | १५,५१२,५२०.०० | १३,५७५,०४७.४० | १३,५७५,०४७.४० | १,९३७,४७२.६० | |
| २११२१ | पोशाक | नेपाल सरकार | | | नगद | | २२०,०००.०० | ०.०० | ०.०० | २२०,०००.०० | १७०,०००.०० | १७०,०००.०० | ५०,०००.०० | |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | | | नगद | | ५२८,०००.०० | ०.०० | १००,०००.०० | ४२८,०००.०० | ३८६,०००.०० | ३८६,०००.०० | ४२,०००.०० | |
| २११३४ | कर्मचारीको बैठक भत्ता | नेपाल सरकार | | | नगद | | ३६०,०००.०० | ०.०० | २५०,०००.०० | ११०,०००.०० | ९०,१००.०० | ९०,१००.०० | १९,९००.०० | |
| २११३९ | अन्य भत्ता | नेपाल सरकार | | | नगद | | ७०,०००.०० | ०.०० | ०.०० | ७०,०००.०० | २३,४००.०० | २३,४००.०० | ४६,६००.०० | |
| २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | नेपाल सरकार | | | नगद | | १५०,०००.०० | ०.०० | ०.०० | १५०,०००.०० | ०.०० | ०.०० | १५०,०००.०० | |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | नेपाल सरकार | | | नगद | | १२०,०००.०० | ०.०० | ०.०० | १२०,०००.०० | ७७,२००.०० | ७७,२००.०० | ४२,८००.०० | |
| २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | | | नगद | | ५४१,०००.०० | ४००,०००.०० | ०.०० | ९४१,०००.०० | ६२४,४१४.०० | ६२४,४१४.०० | ३१६,५८६.०० | |
| २२११२ | संचार महसुल | नेपाल सरकार | | | नगद | | ५७६,०००.०० | ०.०० | ०.०० | ५७६,०००.०० | ४२७,४६६.०० | ४२७,४६६.०० | १४८,५३४.०० | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | नेपाल सरकार | | | नगद | | १,५६१,०००.०० | ०.०० | ०.०० | १,५६१,०००.०० | १,१८५,८२२.०० | १,१८५,८२२.०० | ३७५,१७८.०० | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | | | नगद | | १,५६०,०००.०० | ०.०० | ०.०० | १,५६०,०००.०० | ९३७,१३८.०० | ९३७,१३८.०० | ६२२,८६२.०० | |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | नेपाल सरकार | | | नगद | | ३७५,०००.०० | ०.०० | ०.०० | ३७५,०००.०० | २६९,५९१.०६ | २६९,५९१.०६ | १०५,४०८.९४ | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | नेपाल सरकार | | | नगद | | ४८०,०००.०० | ०.०० | ०.०० | ४८०,०००.०० | २९९,४००.०० | २९९,४००.०० | १८०,६००.०० | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | नेपाल सरकार | | | नगद | | १५०,०००.०० | ०.०० | ५०,०००.०० | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | नेपाल सरकार | | | नगद | | १,८००,०००.०० | ०.०० | ०.०० | १,८००,०००.०० | १,७२३,६३९.०० | १,७२३,६३९.०० | ७६,३६१.०० | |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | नेपाल सरकार | | | नगद | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | १६,९१३.०० | १६,९१३.०० | ८३,०८७.०० | |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | नेपाल सरकार | | | नगद | | १२०,०००.०० | ०.०० | ०.०० | १२०,०००.०० | ४३,१९९.०० | ४३,१९९.०० | ७६,८०१.०० | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | | | नगद | | ४,८००,०००.०० | ०.०० | ०.०० | ४,८००,०००.०० | ३,७३५,५४३.०० | ३,७३५,५४३.०० | १,०६४,४५७.०० | |
| २२४११ | सेवा र परामर्श खर्च | नेपाल सरकार | | | नगद | | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | |
| जम्मा | | | | | | | ७८,२५६,०००.०० | ८,२१४,६००.०० | ६,२६४,६००.०० | ८०,२०६,०००.०० | ७०,६३७,२२०.२७ | ७०,६३७,२२०.२७ | ९,५६८,७७९.७३ | |

| खर्च संकेत | | स्रोतको तह | | | | | | संशोधन /रकमान्तर/श्रोतान्तर बाट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नम्बर | नाम | प्राथमिक | द्वितीय | स्रोत ब्योहोर्ने निकाय | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | नेपाल सरकार | | | नगद | | ५७०,०००.०० | ०.०० | ०.०० | ५७०,०००.०० | ३९२,११०.०० | ३९२,११०.०० | १७७,८९०.०० | |
| २२४१३ | करार सेवा शुल्क | नेपाल सरकार | | | नगद | | ३,८३२,०००.०० | १५०,६००.०० | ३५०,०००.०० | ३,६३२,६००.०० | ३,५५४,२५९.८६ | ३,५५४,२५९.८६ | ७८,३४०.१४ | |
| २२४१९ | अन्य सेवा शुल्क | नेपाल सरकार | | | नगद | | १८०,०००.०० | ०.०० | ०.०० | १८०,०००.०० | ३०,७०३.०० | ३०,७०३.०० | १४९,२९७.०० | |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | नेपाल सरकार | | | नगद | | १,०००,०००.०० | ०.०० | १,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | | | नगद | | १,८००,०००.०० | ०.०० | ७००,१२०.०० | १,०९९,८८०.०० | ८३३,०१६.०० | ८३३,०१६.०० | २६६,८६४.०० | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | नेपाल सरकार | | | नगद | | १,१२०,०००.०० | ०.०० | ०.०० | १,१२०,०००.०० | ७५९,४३०.०० | ७५९,४३०.०० | ३६०,५७०.०० | |
| २२६१२ | भ्रमण खर्च | नेपाल सरकार | | | नगद | | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | ५२,५००.०० | ५२,५००.०० | २४७,५००.०० | |
| २२७११ | विविध खर्च | नेपाल सरकार | | | नगद | | ३४,३४२,०००.०० | ७,१००,०००.०० | ४००,०००.०० | ४१,०४२,०००.०० | ३८,८३८,३२८.९५ | ३८,८३८,३२८.९५ | २,२०३,६७१.०५ | |
| २८१४२ | घर भाडा | नेपाल सरकार | | | नगद | | २,८०८,०००.०० | ०.०० | ०.०० | २,८०८,०००.०० | २,५९२,०००.०० | २,५९२,०००.०० | २१६,०००.०० | |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | नेपाल सरकार | | | नगद | | ३००,०००.०० | ०.०० | १५०,०००.०० | १५०,०००.०० | ०.०० | ०.०० | १५०,०००.०० | |
| २८१४९ | अन्य भाडा | नेपाल सरकार | | | नगद | | ८०,०००.०० | ०.०० | ०.०० | ८०,०००.०० | ०.०० | ०.०० | ८०,०००.०० | |
| जम्मा | | | | | | | ७८,२५६,०००.०० | ८,२१४,६००.०० | ६,२६४,६००.०० | ८०,२०६,०००.०० | ७०,६३७,२२०.२७ | ७०,६३७,२२०.२७ | ९,५६८,७७९.७३ | |

पेश गर्ने :-
हस्ताक्षर :-
नाम :-
दर्जा :-

उप-सचिव

प्रदेश लोक सेवा आयोग

कार्यालय कोड नं.: २१०००१३०११

दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण

२०७९/८० साल

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** प्रदेश लोक सेवा आयोग[२१०००११४]
**कार्यालय / आयोजनाको नाम :**
**आयोजना रहेको स्थान :**

| खर्च संकेत | | स्रोतको | | | | | | संशोधन /रकमान्तर/श्रोतान्तर बाट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तह | | | | | | | | | | | | |
| नम्बर | नाम | प्राथमिक | द्वितीय | स्रोत व्योहर्ने निकाय | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
| ३११२१ | सवारी साधन | नेपाल सरकार | | | नगद | | ९००,०००.०० | ०.०० | ०.०० | ९००,०००.०० | ८९७,९९९.०० | ८९७,९९९.०० | २,००१.०० | |
| ३११२२ | मेशिनरी तथा औजार | नेपाल सरकार | | | नगद | | ५,८००,०००.०० | ५००,०००.०० | ५००,०००.०० | ५,८००,०००.०० | १,३१४,८९७.०० | १,३१४,८९७.०० | ४,४८५,१०३.०० | |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | नेपाल सरकार | | | नगद | | १,२००,०००.०० | ०.०० | ०.०० | १,२००,०००.०० | ४९८,९६१.०० | ४९८,९६१.०० | ७०१,०३९.०० | |
| जम्मा | | | | | | | ७,९००,०००.०० | ५००,०००.०० | ५००,०००.०० | ७,९००,०००.०० | २,७११,८५७.०० | २,७११,८५७.०० | ५,१८८,१४३.०० | |

पेश गर्ने :-
हस्ताक्षर :-
नाम :-
दर्जा :-

उप-सचिव

प्रदेश लोक सेवा आयोग

कार्यालय कोड नं.: २१०००१३०११

दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण

२०७९/८० साल

म. ले. प. फा. नं. २१४

**बजेट मुल शीर्षक नं :** प्रदेश लोक सेवा आयोग[२१००००१३]
**कार्यालय / आयोजनाको नाम :**
**आयोजना रहेको स्थान :**

| खर्च संकेत | | स्रोतको | | | | | | संशोधन /रकमान्तर/श्रोतान्तर बाट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तह | | | | | | | | | | | | |
| नम्बर | नाम | प्राथमिक | द्वितीय | स्रोत ब्योहर्ने निकाय | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
| २११११२ | पारिश्रमिक पदाधिकारी | नेपाल सरकार | | | नगद | | २,४५०,०००.०० | १५०,०००.०० | ०.०० | २,६००,०००.०० | २,५९३,६१४.३१ | २,५९३,६१४.३१ | ६,३८५.६९ | |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | नेपाल सरकार | | | नगद | | १,३९४,०००.०० | ०.०० | ०.०० | १,३९४,०००.०० | १,१५४,८२४.०० | १,१५४,८२४.०० | २३९,१७६.०० | |
| जम्मा | | | | | | | ३,८४४,०००.०० | १५०,०००.०० | ०.०० | ३,९९४,०००.०० | ३,७४८,४३८.३१ | ३,७४८,४३८.३१ | २४५,५६१.६९ | |

पेश गर्ने :-

हस्ताक्षर :-

नाम :-

दर्जा :-

उप-सचिव

# अनुसूची ८

## लिखित परीक्षामा अनियमितता गर्ने परीक्षार्थीलाई कारवाही गरिएको विवरण

| सि.नं. | वि.नं. | सेवा/समूह | तह | पद | मास्टर आई.डि. | रोल नं. | परीक्षा मिति | नाम | कारवाहीको विवरण | कारवाहीको निर्णय मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २६-३०/७९-८० | स्वास्थ्य/ हेल्थ इन्सपेक्सन | चौथो | अ.हे.व. | १०५८६७ | ११७४७ | २०७९/१२/०४ | जय कुमार राय | हालको परीक्षा रद्ध गरी आगामी १ वर्ष सम्म आयोगद्वारा लिइने कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी रोक लगाउने। | २०७९/१२/१२ |
| २ | २६-३०/७९-८० | | चौथो | अ.हे.व. | ९१५१० | ११३४६ | २०७९/१२/०४ | शत्रूधनकुमार मल्लिक | | |
| ३ | ३१-३५/७९-८० | स्वास्थ्य/कम्युनिटी नर्सिङ्ग | चौथो | अ.न.मी. | १०३६५६ | १६८५ | २०७९/१२/११ | विभा कुमारी यादव | | |
| ४ | ३१-३५/७९-८० | | चौथो | अ.न.मी. | १००३४८ | ११५२ | २०७९/१२/११ | करिस्मा काउचा घर्ती | | |
| ५ | ३१-३५/७९-८० | | चौथो | अ.न.मी. | ९७१२५ | ७०६८ | २०७९/१२/११ | रिंकु कुमारी साह | | |
| ६ | ४४/७९-८० | कृषि/कृषि प्रसार, वागबानी, बाली संरक्षण | पाँचौ | प्रा. स. | १२६५८६ | ३०१६ | २०८०/०१/०२ | सदम भट्टराई | हालको परीक्षाको उत्तरपुस्तिक रद्ध गर्ने। | २०८०/०१/१२ |
| ७ | ४४/७९-८० | | पाँचौ | प्रा. स. | १२६६११ | ३०२१ | २०८०/०१/०२ | सपना कार्की | | |
| ८ | ३१-३५/७९-८० | स्वास्थ्य/क.न. | चौथो | अ.न.मी. | १११६५० | १०७२ | २०७९/१२/११ | एलिना यादव | दरखास्त अस्वीकृत भएकोले हालको परीक्षाको उत्तरपुस्तिका रद्ध गर्ने। | २०८०/०२/०४ |
| ९ | ६२-६३/७९-८० | कृषि/कृ.प्र.,वा.,वा.सं.,ए. | चौथो | ना.प्रा.स. | ९८९९ | १०८० | २०८०/०२/०६ | रमिला महत | हालको परीक्षा रद्ध गरी आगामी १ वर्ष सम्म आयोगद्वारा लिइने कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी रोक लगाउने। | २०८०/०२/१४ |
| १० | ६/७९-८० | प्रशासन/सा.प्र.,लेखा | छैटौं | अधिकृत | ८१८५४ | १३८४ | २०८०/०३/०५ | करन गुरूङ्ग | हालको परीक्षाको उत्तरपुस्तिक रद्ध गर्ने। | २०८०/०३/०९ |
| ११ | ७२-७६/७९-८० | प्रशासन/सा.प्र., लेखा, ले.प. | पाँचौ | सहायक | ४०३५७ | ७५६८ | २०८०/०३/१६ | लिलाराज खतिवडा | हालको परीक्षा रद्ध गरी आगामी २ वर्ष सम्म आयोगद्वारा लिइने कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी रोक लगाउने। | २०८०/०३/२६ |
| १२ | ७२-७६/७९-८० | | पाँचौ | सहायक | ७००१९ | ४६६६ | २०८०/०३/१६ | मनिषा चापागाईं | | |
| १३ | ७२-७६/७९-८० | | पाँचौ | सहायक | १६९९९९ | ११२४१ | २०८०/०३/१६ | राजेश खड्का | | २०८०/०३/२७ |

# अनुसूची ९

## आ.व. २०७९/८० मा आयोगबाट पठाइएको परामर्श सम्बन्धी विवरण

१. बैठक संख्या १०३, मिति २०७९/०६/०७ गतेको आयोगको बैठकको निर्णयबाट प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को मस्यौदामा उपलब्ध गराइएको परामर्श

| क्र.सं. | दफा | आयोगको परामर्श | पुष्टयाईं |
|---|---|---|---|
| १. | २(छ) | यस दफामा भएको व्यवस्थाको सट्टा देहायको बमोजिम राख्दा उपयुक्त हुनेः "परिवार" भन्नाले कर्मचारी सँग बस्ने तथा निज आफैले पालपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मबाबु, धर्मआमा, सौतेनी आमा, सौतेनी बुवा, बाजे, बज्यै, सासु, ससुरालाई जनाउँछ । | संविधानमा छोरा वा छोरीलाई वंशजको रूपमा मान्यता दिइएको तथा कर्मचारीलाई परिवारको परिभाषा भित्र समान दृष्टिले हेरिनुपर्ने । |
| २. | ५(५) | यस दफामा लेखिएको "तह वृद्धि" वाक्यांशको सट्टा "स्तर वृद्धि" राख्दा उपयुक्त हुने । | आधारभूत तहमा स्तर वृद्धि राख्दा उपयुक्त हुने भएकोले । |
| ३. | ७(६) | यस दफामा देहायको वाक्य थप हुनुपर्नेः "तर प्रदेशमा समायोजन भई आएका पदहरू स्वतः दर्ता भएको मानिनेछ" । | कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भई आएका कर्मचारी र पदलाई प्रदेश किताबखानामा दर्ताको सुनिश्चितता हुनुपर्ने । |
| ४. | ८(१) (ङ) | स्वास्थ्य सेवाको चिकित्सक बाहेक मात्र हुनुपर्ने। | कृषि सेवाको दरबन्दी, पद व्यवस्थापन र पदसोपानमा दुरगामी असर पर्न जाने तथा निजामती सेवा सम्बन्धी सङ्घीय कानून संग तादात्म्यता स्थापित गराउन । |
| ५. | ८(१) (च) | स्वास्थ्य सेवाको चिकित्सकको हकमा मात्र हुनुपर्ने । | |

| क्र.सं. | दफा | आयोगको परामर्श | पुष्टयाईं |
|---|---|---|---|
| ६. | ८(६) | यस दफामा भएको व्यवस्थाको सट्टा देहायको बमोजिम राख्दा उपयुक्त हुनेः<br>"अन्तर तह प्रतिस्पर्धाद्वारा पदपूर्ति हुने पदमा संघीय निजामति सेवाको एक श्रेणी मूनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको वा सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको एक तह मूनिको पदमा कार्यरत रहेका र पूर्ति हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन् । तर अन्तर सेवा प्रतियोगिताद्वारा स्वास्थ्य सेवाको नवौं तहमा पदपूर्ति हुने पदमा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको एक तह मूनिको पदमा कम्तीमा ५ वर्ष सेवा अवधी पूरा गरेको हुनुपर्नेछ" । | संघीय निजामती सेवामा कार्यरत रा.प. अनं प्रथम श्रेणीका कर्मचारी ५ वर्षमा तर प्रदेश निजामति सेवा र स्थानीय सरकारी सेवामा कार्यरत सो सरहका सहायक स्तर पाँचौ तहका कर्मचारीलाई अधिकृत स्तर सातौं तहमा उम्मेदवार हुन १० वर्ष लाग्ने र सोही अवस्था नवौं तहमा देखिन जाने भएकोले सो को लागि समन्यायिक व्यवस्था गर्नुपर्ने भएकोले। |
| ७. | ८(७) | यस दफामा लेखिएको "सोही वर्षको" सट्टा "त्यस पश्चात हुने विज्ञापन" राख्दा उपयुक्त हुने । | प्रदेश लोक सेवा आयोगको कार्यतालिका बमोजिम सोही वर्ष व्यवस्थापन गर्न नसकिने अवस्था समेत श्रृजना हुन सक्ने हुँदा त्यस पश्चात हुने विज्ञापनबाट मात्र गर्न सकिने भएकोले । |
| ८. | ८(११) | यस दफामा भएको व्यवस्थाको सट्टा देहायको बमोजिम राख्दा उपयुक्त हुनेः<br>"...कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि समभाव्य उम्मेदवार नभएमा त्यस्तो पद मध्ये अधिकृतस्तर नवौं तह वा सो सरहको पदमा त्यस पश्चात हुने विज्ञापनमा अन्तर सेवा प्रतियोगिताद्वारा र अन्य पदमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ" । | दफा ८(१) मा नवौं तह भन्दा माथिका पदमा अन्तर सेवा प्रतियोगिता उल्लेख नभएको र प्रदेश लोक सेवा आयोगको कार्यतालिका बमोजिम सोही वर्ष व्यवस्थापन गर्न नसकिने हुँदा त्यस पश्चात हुने विज्ञापनबाट मात्र गर्न सकिने भएकोले । |
| ९. | ८(१४) | यो दफा हटाउने । | विद्युतीय अभिलेख व्यवस्थापनको प्रमुख जिम्मेवारी कम्प्युटर अपरेटरको हुने र सो पदमा करारबाट पदपूर्ति गरिँदा त्यसरी नियुक्ति पाउने कर्मचारी सो अभिलेख व्यवस्थापनका सम्बन्धमा अपेक्षित रूपमा जिम्मेवार नहुने, गोप्य राखु पर्ने विषयवस्तु चुहावट हुन सक्ने तथा दफा ८(२) बमोजिम चौथो तहमा खुला प्रतियोगिताद्वारा नयाँ नियुक्ति नहुने भएकोले । |
| १०. | ८(१६) | यस दफामा "कम्प्युटर अपरेटर पद" वाक्यांश झिक्नुपर्ने । | |

| क्र.सं. | दफा | आयोगको परामर्श | पुष्टयाई |
|---|---|---|---|
| ११. | ८(१८) (ख) | यस दफामा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम राख्दा उपयुक्त हुनेः "स्वास्थ्य सेवाको चिकित्सक बाहेक सातौं वा आठौं तह रिक्त भएमा सतौं तह रिक्त मानी पदपूर्ति गर्ने" । | कृषि सेवाको दरबन्दी, पद व्यवस्थापन र पदसोपानमा दुरगामी असर पर्न जाने तथा निजामती सेवा सम्बन्धी सङ्घीय कानून सँग तादात्म्यता स्थापित गराउनु पर्ने भएकोले । |
| १२. | ८(१८) (ग) | यस दफामा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम राख्दा उपयुक्त हुनेः "स्वास्थ्य सेवाको चिकित्सक आठौं तह रिक्त भएमा सोही तह रिक्त मानी पदपूर्ति गर्ने" । | |
| १३. | १०(१) | विद्यमान संवैधानिक तथा कानूनी व्यवस्था समेतलाई मध्यनजर गर्दै आरक्षित पद मध्ये एक तिहाई पद महिलालाई आरक्षित गरी बाँकी पदमा प्रदेशको जनसांख्यिक विवरण, आर्थिक तथा सामाजिक अवस्थाको विवरण र समावेशीताको सिद्धान्त बमोजिम व्यवस्था गर्दा उपयुक्त हुने । | विद्यमान संवैधानिक तथा कानूनी व्यवस्थासँग तादात्म्यता स्थापित गराउन आवश्यक हुने भएकोले । |
| १४. | १०(८) | यस दफामा लेखिएको "सोही वर्षको" सट्टा "त्यस पश्चात हुने विज्ञापन" राख्दा उपयुक्त हुने । | प्रदेश लोक सेवा आयोगको कार्यतालिका बमोजिम सोही वर्ष व्यवस्थापन गर्न नसकिने अवस्थासमेत श्रृजना हुन सक्ने हुँदा त्यस पश्चात हुने विज्ञापनबाट मात्र गर्न सकिने भएकोले। |
| १५. | १६(ग) (१) | यस दफामा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम राख्दा उपयुक्त हुनेः "संघीय निजामति सेवा, जुनसुकै प्रदेश निजामती सेवा र जुनसुकै स्थानीय सरकारी सेवामा स्थायी नियुक्ति भएका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन" । | प्रस्तावित दफामा अध्यादेश प्रारम्भ हुनु भन्दा अगाडि प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति पाएका कर्मचारी छुट्न जाने भएकोले सो लाई समेत समावेश गर्नुपर्ने। |
| १६. | २८(३) | यस दफामा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम राख्दा उपयुक्त हुनेः "...अधिकृत स्तरका कर्मचारीको हकमा मन्त्रालयको सहमति लिई सम्बन्धित मन्त्रालयले बढिमा एक आर्थिक वर्षका लागि खटाउन सकिनेछ" । | अधिकृत स्तरका कर्मचारीलाई खटाउने अख्तियारवाला तोक्नु आवश्यक देखिएको । |

| क्र.सं. | दफा | आयोगको परामर्श | पुष्टयाईं |
|---|---|---|---|
| १७. | २९(२) | यस दफामा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम राख्दा उपयुक्त हुनेः "...ज्येष्ठता कायम गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधी, उमेरलाई क्रमशः आधार लिई छुट्याउनुपर्नेछ"। | ज्येष्ठता गणनालाई थप वस्तुगत बनाउन । |
| १८. | ३१(१) | यस दफाको बढुवा हुने पद अधिकृत सातौं को न्यूनतम शैक्षिक योग्यताको महलमा "सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण" राख्दा उपयुक्त हुने" । | प्रस्तावित अध्यादेशको दफा ३१ र ४१ बीच तादात्म्यता स्थापित गराउन । |
| १९. | ३९(७) | यस दफामा भएको व्यवस्थाको सट्टा देहायको बमोजिम राख्दा उपयुक्त हुनेः "कर्मचारीलाई तालीमको लागि मनोनयन गर्दा तालीमको आवश्यकता मूल्याङ्कन गरि सम्बन्धित सेवा समूहको कर्मचारीको ज्येष्ठताको आधारमा मनोनयन गर्नु पर्ने व्यवस्था उपयक्त हुने । | ज्येष्ठता कर्मचारीको हुने भएकोले । |
| २०. | ४२(१)<br>(क) | दफा ४२(१)(क) को लागि देहाय बमोजिमको समिति हुने व्यवस्था उपयुक्त हुनेः<br>१) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्यः अध्यक्ष<br>२) प्रदेश सरकारको प्रमुख सचिवः सदस्य<br>३) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्यः सदस्य<br>४) प्रदेश लोक सेवा आयोगबाट मनोनित सम्बन्धित विषयको विशेषज्ञः सदस्य<br>५) मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिवः सदस्य सचिव | उल्लेखित समितिले प्रदेश सरकारको सचिव पदमासमेत बढुवा गर्ने भएकोले प्रमुख सचिवको सहभागिता अनिवार्य देखिएको र मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिव समेत समितिमा रहँदा बढुवा सम्बन्धित प्रकृयागत कार्यमा सहजता आउने तथा निजामती सेवा सम्बन्धी संघीय कानून संग तादात्म्यता कायम हुने । |
| २१. | ४२(१)<br>(ख) | दफा ४२(१)(ख) को लागि देहाय बमोजिमको समिति हुने व्यवस्था उपयुक्त हुनेः<br>१) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको सदस्यः अध्यक्ष<br>२) प्रदेश लोक सेवा आयोगको सचिवः सदस्य<br>३) प्रदेश लोक सेवा आयोगबाट मनोनित सम्बन्धित विषयको विशेषज्ञः सदस्य<br>४) मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिवः सदस्य<br>५) सेवा संचालन गर्ने मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिवः सदस्य सचिव | निजामती सेवा सम्बन्धी सङ्घीय कानून सँग तादात्म्यता कायम हुने । |

| क्र.सं. | दफा | आयोगको परामर्श | पुष्ट्याईं |
|---|---|---|---|
| २२. | ४२(२) | यस दफामा भएको व्यवस्थाको सट्टा देहायको बमोजिम राख्दा उपयुक्त हुनेः<br>(१) दफा ४२(१)(क) बमोजिमको बढुवा समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।<br>(२) दफा ४२(१)(ख) बमोजिमको बढुवा समितिको सचिवालय सेवा सञ्चालन गर्ने मन्त्रालयमा रहनेछ । | केन्द्रीय कर्मचारी निकाय (CPA) को रूपमा मन्त्रालय रहेको र यस दफा प्रयोजनका लागि स्थापना हुने सचिवालय केन्द्रीय कर्मचारी निकाय (CPA) मा नै रहने मान्यता रहिआएकोले सोही बमोजिम गर्दा उपयुक्त हुने भएकोले । |
| २३. | ६१ | निवृतभरण रकमको गणना सङ्घीय कानूनमा उल्लेखित सूत्र बमोजिम हुँदा उपयुक्त हुने । | प्रस्तावित दफाबाट प्रदेश सरकारको आर्थिक दायित्वमा उल्लेख्य वृद्धि हुने भएकोले । |
| २४. | ९६ | यस दफाको (झ) पछि देहाय बमोजिम (ञ) थप गरिनुपर्नेः<br>"दफा ९० बमोजिम चेतावनी पाएको कर्मचारीले सोही पदमा रहँदा पुनः सोही दफा बमोजिमको कुनै काम गरेमा" | नसिहत सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित गर्न । |
| २५. | १२१(१)(ख) | दफा १२१(१)(ख) हटाउँदा उपयुक्त हुने । | अध्ययन तथा असाधारण विदा ६ महिना भन्दा बढी समयावधीको हुन सक्ने भएकोले सो पदमा करारमा कर्मचारी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ र १० सँग बाझिन जाने भएकोले। |
| २६. | १२१(४) | यस दफामा भएको व्यवस्थाको सट्टा देहायको बमोजिम राख्दा उपयुक्त हुनेः "उपदफा १ बमोजिम करारमा कर्मचारी नियुक्ति गर्दा सामान्यतया सो करार अवधी ६ महिनाभन्दा बढीको हुने छैन" । | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ र १० सँग सामन्जस्यता कायम हुने । |
| २७. | १२२(१) | यस दफाको पहिलो लाईनमा निजामती सेवाको अगाडि "<u>प्रदेश</u>" शब्द थप हुनुपर्ने । | थप सपष्टता आउने । |

| क्र.सं. | दफा | आयोगको परामर्श | पुष्टयाईं |
|---|---|---|---|
| २८. | १२९(१) | यस दफामा भएको व्यवस्थाको सट्टा देहायको बमोजिम राख्दा उपयुक्त हुनेः "सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाबाट अवकाश प्राप्त गरी निवृतभरण पाइरहेका कर्मचारीसँग प्रदेश सरकारले आवश्यक सेवा लिन सक्नेछ" । | प्रस्तावित दफाको उद्देश्य प्राप्त गर्न सेवा प्रदायकको दायरा फराकिलो बनाउन आवश्यक हुने । |
| २९. | १३४ | यस दफामा भएको व्यवस्थाको सट्टा देहायको बमोजिम राख्दा उपयुक्त हुनेः<br>"...सङ्घीय वा जुनसुकै प्रदेश निजामती सेवाको स्थायी कर्मचारी..." । | यस दफा प्रयोजनका लागि सेवा अवधी जोडिने विषय स्थायी कर्मचारीसँग मात्र सम्बन्धित हुने भएकोले । |

२. बैठक संख्या १०४, मिति २०७९/०६/०८ गतेको आयोगको बैठकको निर्णयबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को मस्यौदामा उपलब्ध गराइएको परामर्श

| क्र.स. | दफा | आयोगको परामर्श | पुस्टयाँई |
|---|---|---|---|
| १ | २ (घ) | यस दफामा भएको व्यवस्थाको सट्टा देहायको बमोजिम राख्दा उपयुक्त हुनेः<br>"परिवार" भन्नाले कर्मचारीसँग बस्ने तथा निज आफैले पालपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मबाबु, धर्मआमा, सौतेनी आमा, सौतेनी बुवा, बाजे, बज्यै, सासु, ससुरालाई जनाउँछ | संविधानमा छोरा वा छोरीलाई वंशजको रूपमा मान्यता दिइएको तथा कर्मचारीलाई परिवारको परिभाषा भित्र समान दृष्टिले हेरिनुपर्ने । |
| २ | ३ (१) को (छ) | दफा ३ को उपदफा (१) को खण्ड (च) पछि देहायको विषय थप गर्नेः<br>(छ) स्थानीय न्याय सेवा | स्थानीय सरकार सञ्चालन ऐन बमोजिम न्यायिक अधिकार प्रयोग सम्बन्धी काम गर्न। |

| क्र.स. | दफा | आयोगको परामर्श | पुस्ट्याँई |
|---|---|---|---|
| ३ | दफा ६ | साविक दफा ६ लाई दफा ७ कायम गरी दफा ६ मा देहायको विषय राख्ने<br>६. दरवन्दी कायम गरिनेः- (१) यस अध्यादेशमा जुनसुकै कुरा लेखिएको भए तापनि यो अध्यादेश प्रारम्भ हुँदाका बखत सङ्घीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट खुला प्रतियोगिताबाट स्थानीय तहको छैटौं तहको पदमा सिफारिस भई नियुक्त भईसकेका वा स्थानीय तहको छैटौं तहको पदमा प्रदेश लोक सेवा आयोगबाट खुला प्रतियोगिताबाट पदपूर्तिको लागि विज्ञापन भई प्रक्रियामा रहेका पदमा सिफारिस भई नियुक्ति हुने कर्मचारीलाई स्थानीय सेवाको सातौं तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिनेछ।<br>(२) उपदफा (१) बमोजिम तह कायम गरेको जानकारी अख्तियारवालाले प्रदेश किताबखाना, प्रदेश लोक सेवा आयोग र मन्त्रालयमा पठाउनु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिम तह कायम गर्नको लागि सातौं तहको दरबन्दी स्वतः कायम हुनेछ र त्यसरी सातौं तहमा कायम भएपछि छैटौं तहको दरबन्दी स्वतः खारेज हुनेछ।<br>(४) उपदफा (२) बमोजिम प्राप्त जानकारीको आधारमा प्रदेश किताबखानाले दरबन्दी मिलान तथा अद्यावधिक गर्नु पर्नेछ। | साविकमा लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका र सिफारिसको चरणमा रहेका कर्मचारीहरूलाई अध्यादेश बमोजिम पद मिलान गर्न। |
| ४ | ६ को उपदफा ३ | दफा ६ को उपदफा (३) को सम्बन्धित स्थानीय तह, मन्त्रालयपछि "प्रदेश लोक सेवा आयोग" थप गर्ने। | अभिलेख प्रयोजनका लागि |

| क्र.स. | दफा | आयोगको परामर्श | पुस्टयाँई |
|---|---|---|---|
| ५ | दफा ८ को उपदफा (१) (घ) | दफा ८ को उपदफा (१) खण्ड (घ) मा देहाय बमोजिम प्रतिशत कायम गर्ने।<br>खुला ६०%, अन्तरतह प्रतियोगिता ५%, कार्य क्षमताको मूल्याङ्कनद्वारा २०% र ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कन १५%। | सेवालाई थप प्रतिस्पर्धी बनाई योग्य कर्मचारी छनौट गर्न। |
| ६ | दफा ८ को उपदफा (१) (ङ) | दफा ८ को उपदफा (१) खण्ड (ङ) मा देहायको कुरा हटाउने,<br>- कृषि सेवा अन्तर्गतको पशु चिकित्सक | सङ्घीय व्यवस्था अनुसार मिलान गर्न। |
| ७ | दफा ८ को उपदफा (१) (ज) | दफा ८ को उपदफा (१) खण्ड (ज) मा देहाय बमोजिम प्रतिशत कायम गर्ने,<br>कार्य क्षमताको मूल्याङ्कनद्वारा ८०% र ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कन २०%। | सेवालाई थप प्रतिस्पर्धी बनाई योग्य कर्मचारी छनौट गर्न साथै कर्मचारीलाई थप प्रोत्साहित गर्न। |
| ८ | दफा ८ को उपदफा (१०) | दफा ८ को उपदफा (१०) मा “सोही बर्ष” को ठाउँमा “त्यसपछि हुने विज्ञापनमा” भन्ने शब्द राख्ने। | आयोगको स्वीकृत वार्षिक कार्यतालिका बमोजिम सोही पदको सोही बर्ष विज्ञापन प्रकाशन गर्ने व्यवस्था नभएकोले। |
| ९ | दफा ८ को उपदफा (१३) | दफा ८ को उपदफा (१३) को (क) हटाउने। | सहायक पाँचौ तहको कम्प्यूटर अपरेटर पद हाललाई कायम राख्न उपयुक्त हुने भएकोले। |
| १० | दफा ८ को उपदफा (१४) | दफा ८ को उपदफा (१४) मा<br>- “कम्प्यूटर अपरेटर” हटाउने।<br>- ..... र यस्तै काम गर्ने अन्य पदका दरबन्दी भित्र नपर्ने पदमा “यथासम्भव” संस्था करार गरी सेवा करारबाट सम्पादन गराउन सकिनेछ। भनी मिलाउने। | करारमा नियुक्त हुने कम्प्युटर अपरेटरबाट कार्यालयका संवेदनशील गोप्य विषयहरू बाहिर जान सक्ने सम्भावना भएकोले स्थायी कम्प्युटर अपरेटरबाट नै काम गर्न उपयुक्त हुने। |

| क्र.स. | दफा | आयोगको परामर्श | पुस्टयाँई |
|---|---|---|---|
| ११ | दफा ८ को उपदफा (१७) (ख) | दफा ८ को उपदफा (१७) (ख) को सुरूमा "स्वास्थ्य सेवाको" शब्द थप गर्ने। | दफा ८ को उपदफा (१) (ङ) बमोजिम मिलाउन। |
| १२ | दफा ८ को उपदफा (१७) (ग) | दफा ८ को उपदफा (१७) (ग) को सुरूमा "स्वास्थ्य सेवाको" शब्द थप गर्ने। | दफा ८ को उपदफा (१) (ङ) बमोजिम मिलाउन। |
| १३ | दफा १० को उपदफा (१) | दफा १० को उपदफा (१) देहाय बमोजिम मिलाउने।<br>विद्यमान संवैधानिक तथा कानूनी व्यवस्था समेतलाई मध्यनजर गर्दै आरक्षित पद मध्ये एक तिहाई पद महिलालाई आरक्षित गरी बाँकी पदमा प्रदेशको जनसाङख्यिक विवरण, आर्थिक तथा सामाजिक अवस्थाको विवरण र समावेशिताको सिद्धान्त बमोजिम व्यवस्था गर्दा उपयुक्त हुने । | विद्यमान संवैधानिक तथा कानूनी व्यवस्थासँग तादात्म्यता स्थापित गराउन आवश्यक हुने। |
| १४ | दफा १२ को उपदफा (४) | दफा १२ मा उपदफा (४) थप गरी देहायको विषय समावेश गर्ने,<br>(४) उपदफा (३) बमोजिम नियुक्ति नदिने अख्तियारवालालाई प्रदेश लोक सेवा आयोगले विभागीय कारवाहीको लागि सिफारिस गर्नेछ। र सो सिफारिस प्राप्त भएमा सम्बन्धित निकायले निजलाई विभागीय कारवाही गरी सो को जानकारी ७ दिन भित्र आयोगलाई दिनु पर्नेछ। | पदपूर्ति प्रक्रियालाई व्यवस्थित र मर्यादित बनाउन। |

| क्र.स. | दफा | आयोगको परामर्श | पुस्टयाँई |
|---|---|---|---|
| १५ | दफा १७ (ग) (१) | दफा १७ (ग) (१) "संघीय निजामती सेवा, जुनसुकै प्रदेश निजामती सेवा र जुनसुकै स्थानीय सरकारी सेवामा स्थायी नियुक्ति भएका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन । | प्रस्तावित दफामा अध्यादेश प्रारम्भ हुनुभन्दा अगाडि प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति पाएका कर्मचारी छुट्न जाने भएकोले सोलाई समेत समावेश गर्नुपर्ने। |
| १६ | दफा १८ को उपदफा (५) | दफा १८ को उपदफा (५) को अन्त्यमा मन्त्रालय पछि र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ। भन्ने वाक्यांश थप गर्ने | |
| १७ | दफा २७ को उपदफा (६) | दफा २७ को उपदफा (६) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा मन्त्रालयले अवधि पूरा नभई सरूवा गर्न सक्नेछ ।<br>१) कुनै स्थानमा कार्यरत कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा,<br>२) कुनै कर्मचारीलाई निजको काम कारबाही, व्यवहार र आचरणको कारण कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएको पर्याप्त आधार र कारण भएमा,<br>३) स्थानीय सरकारी सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत कर्मचारी फाजिलमा परेमा। | निजामती सेवा ऐनसँग एकरूपता कायम गर्न। |
| १८ | दफा ३० को उपदफा (३) | दफा ३० को उपदफा (३) को अन्त्यमा स्थानीय तहको रिक्त दरवन्दीलाई आधार मानी कूल संख्या कायम गरी बढुवा गरिनेछ। भनी मिलाउने | आयोगको प्रतिशत निर्धारण सम्बन्धी कामलाई सरल बनाउन |

| क्र.स. | दफा | आयोगको परामर्श | पुस्टयाँई |
|---|---|---|---|
| १९ | दफा ३० को उपदफा (६) | दफा ३० को उपदफा (६) हटाउने (भुलवस ५ मुनि उपदफा (४) लेखिएको लाई (६) मानी सो उपदफा हटाउने) | प्रचलित योग्यता प्रणाली र पद सोपान प्रणाली अनुसार सान्दर्भिक नरहेको |
| २० | दफा ३३ को उपदफा (१) | दफा ३३ को लागि देहाय (१) (क) बमोजिमको समिति हुने व्यवस्था उपयुक्त हुने :<br>१) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्यः अध्यक्ष<br>२) प्रदेश सरकारको प्रमुख सचिवः सदस्य<br>३) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्यः सदस्य<br>४) प्रदेश लोक सेवा आयोगबाट मनोनित सम्बन्धित विषयको विशेषज्ञः सदस्य<br>५) मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिवः सदस्य सचिव | उल्लेखित समितिले प्रदेश सरकारको सचिवस्तरको पदमा समेत बढुवा गर्ने भएकोले प्रमुख सचिवको सहभागिता अनिवार्य देखिएको र मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिवसमेत समितिमा रहँदा बढुवा सम्बन्धित प्रकृयागत कार्यमा सहजता आउने तथा निजामती सेवा सम्बन्धी सङ्घीय कानूनसँग तादात्म्यता कायम हुने । |
| २१ | दफा ३३ को उपदफा (१) ख | दफा ३३ को लागि देहाय (१) (ख) बमोजिमको समिति हुने व्यवस्था उपयुक्त हुने :<br>१) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको सदस्यः अध्यक्ष<br>२) प्रदेश लोक सेवा आयोगको सचिवः सदस्य<br>३) प्रदेश लोक सेवा आयोगबाट मनोनित सम्बन्धित विषयको विशेषज्ञः सदस्य<br>४) मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिवः सदस्य<br>५) सेवा सञ्चालन गर्ने मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिवः सदस्य सचिव | निजामती सेवा सम्बन्धी सङ्घीय कानूनसँग तादात्म्यता कायम हुने । |
| २२ | दफा ४९ को उपदफा (५) | दफा ४९ को उपदफा (५) मा "प्रदेश निजामती अभिलेख केन्द्र" को ठाउँमा "प्रदेश किताबखाना" राखे | अध्यादेशको अन्य दफा र परिभाषामा "प्रदेश किताबखाना" उल्लेख भएको। |

| क्र.स. | दफा | आयोगको परामर्श | पुस्टयाँई |
|---|---|---|---|
| २३ | दफा ५७ को उपदफा (१) | दफा ५७ को उपदफा (१) मा साविकको व्यवस्था को ठाउँमा देहाय बमोजिम मिलाउने, (१) कुनै कर्मचारीले कूल धर्म अनुसार आफै मृत्यु संस्कारमा बस्नु परेमा वा त्यस्तो कर्मचारीको बाबुआमा, बाजेबज्यै, छोरा छोरी वा सासु ससुराको मृत्यु भएमा वा पुरूष कर्मचारीको हकमा निजको पत्नीको मृत्यु भएमा पन्ध्र दिन मृत्यु संस्कार विदा पाउनेछ। महिला कर्मचारीको पतिले मृत्यु संस्कारमा बस्नु परेमा निजलाई पनि त्यति नै मृत्यु संस्कार विदा दिइने छ। | कर्मचारीले पाउने विदा सम्बन्धी सहुलियतलाई व्यवस्थित गर्न। |
| २४ | दफा ६४ | दफा ६४ मा भएको व्यवस्था हटाइ देहायको व्यवस्था राख्ने ६४. सार्वजनिक विदामा गाभिनेः भैपरी आउने र पर्व विदा, घर विदा र विरामी विदाबाहेक अरू कुनै प्रकारको विदा लिई बसेको निजामती कर्मचारीले लिएको विदा अवधिभित्र सार्वजनिक विदा परेमा सो अवधि पनि निज कर्मचारीले लिएको विदामा गाभिनेछ। | कर्मचारीले पाउने विदा सम्बन्धी सहुलियतलाई व्यवस्थित गर्न। |
| २५ | दफा ११९ को उपदफा (१) | दफा ११९ को उपदफा (१) को (क) र (ख) मा देहाय बमोजिम मिलाउने (१) प्रमुख प्रशासकीय अधिकृको पदमा कार्यरत कर्मचारीलाई सम्बन्धित स्थानीय तहको कार्यपालिकाले र अन्य तहका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले । तर प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारी समान तहको भएमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले। | कर्मचारी व्यवस्थापनलाई छरितो बनाउन। |

३. बैटक संख्या ११६, मिति २०७९/१०/२६ गतेको आयोगको बैठकको निर्णयबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा संशोधन गर्न बनेको केही प्रदेश ऐन संशोधन अध्यादेश, २०७९ को प्रतिस्थापन विधेयक सम्बन्धमा उपलब्ध गराइएको परामर्श

| क्र.सं. | दफा | संशोधनको विषय | पुष्टयाईं |
|---|---|---|---|
| १. | २(ठ) | यस दफामा देहायको व्यवस्था राख्दा उपयुक्त हुनेः<br>सदस्य भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षसमेतलाई जनाउँछ । | सङ्घीय लोक सेवा आयोग ऐन तथा प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा ११ बमोजिम तादात्म्यता कायम गराउन । |
| २. | २(ण) संशोधित | यस दफामा भएको व्यवस्थाको सट्टा देहायको बमोजिम राख्दा उपयुक्त हुनेः<br>"...स्थानीय <u>सरकारी</u> सेवा सम्झनु पर्छ" । | नेपालको संविधानको दफा २८५ र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २(ङ) लगायत विभिन्न दफाहरूमा सरकारी सेवा भनी उल्लेख भएको हुँदा सोही बमोजिम तादात्म्यता हुनुपर्ने भएकोले । |
| ३. | ५ | दफा ५ (३) देहाय बमोजिम थप गर्नुपर्नेः<br>यस ऐन बमोजिम आयोगका पदाधिकारीले पाउने सेवा सुविधाहरू निजको कूल सेवा अवधिको गणनाको आधारमा हुनेछ । | पारिश्रमिक सम्बन्धी व्यवस्था थप व्यवस्थित गर्नुपर्ने भएकोले । |
| ४. | २१ (१क) संशोधित | दफा २१ (१क) मा उल्लेखित <u>प्रदेश प्रहरी सेवा</u> भन्ने वाक्यांश हटाउने । | प्रदेश प्रहरी ऐन, २०७७ को दफा १४ सँग बाझिने भएको र सोही दफामा यस सम्बन्धी व्यवस्था भएकोले । |
| ५. | ५४ (२) | यस दफामा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम राख्दा उपयुक्त हुनेः<br>"... अतिरिक्त समयमा खटाएका दक्ष, विज्ञ, <u>पदाधिकारी</u> तथा कर्मचारीलाई..." | यस ऐनको परिभाषा खण्डमा भएको व्यवस्था सँग तादात्म्यता कायम गर्नुपर्ने । |
| ६. | ६२घ. | यस दफाको स्पष्टीकरण खण्डमा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम राख्दा उपयुक्त हुनेः<br>"स्पष्टीकरणः यस <u>दफा</u>को प्रयोजनको..." | उपर्युक्त दफामा अनुसूचीको व्यवस्था नरहेको । |

४. बैठक संख्या ११७, मिति २०७९/११/०२ गतेको आयोगको बैठकको निर्णयबाट स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा उपलब्ध गराइएको परामर्श

| क्र.सं. | दफा | आयोगको परामर्श | पुष्ट्याईं |
|---|---|---|---|
| १. | शीर्षक | शीर्षकमा देहाय बमोजिम राख्दा उपयुक्त हुनेः स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | नेपालको संविधानको दफा २८५ र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २(ङ) लगायत विभिन्न दफाहरूमा सरकारी सेवा भनी उल्लेख भएको हुँदा सोही बमोजिम तादात्म्यता हुनुपर्ने भएकोले । |
| २. | १ (१) | यस ऐनको प्रस्ताव गरिएको नामको सट्टा "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन हुनुपर्ने । | नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा स्थानीय सरकारी सेवा भनी उल्लेख भएको हुँदा तादात्म्यता हुने । |
| ३. | २(ख), (छ), (ठ) र (ढ) | स्थानीय सेवा उल्लेख गरिएकोमा स्थानीय सरकारी सेवा उल्लेख गरिनुपर्ने । | |
| | नोटः यस विधेयकको अन्य दफाहरूमा यसै अनुसार हुनुपर्ने । | | |
| ४. | ३ (१) | यस दफामा देहायका उपदफाहरू थप हुनुपर्नेः<br>(छ) स्थानीय न्याय सेवा<br>(ज) स्थानीय विविध सेवा | हाल उक्त सेवा अन्तर्गत कर्मचारीहरू कार्यरत रहेको हुँदा उक्त सेवा गठन गर्न आवश्यक देखिएको, स्थानीय न्यायिक अधिकारको व्यवस्थित प्रयोगका लागि स्थानीय न्याय सेवा आवश्यक हुने, विविध सेवालाई प्रशासन सेवा भित्रको समूह कायम गर्दा सेवाको विशिष्टीकरणमा बाधा हुने एवं निजामती सेवा ऐनसँगको तादात्म्यता कायम गर्न आवश्यक देखिएकोले । |
| ५. | ३ (४) | हटाइनु पर्ने । | परामर्श क्र.सं. ४ अनुसार गर्दा उपर्युक्त दफा आवश्यक नहुने भएकोले । |

| | | | |
|---|---|---|---|
| ६. | ४ (३)<br>६ (३) | यस दफामा स्थानीय तहको सँगठन संरचना तथा दरबन्दी कार्यपालिकाले स्वीकृत गर्ने व्यवस्था राखिएकोमा सभाले स्वीकृत गर्ने व्यवस्था हुनपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (१०) बमोजिम सँगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था भएकोले तादात्म्यता कायम हुनुपर्ने भएकोले । |
| ७. | ७ (३) | यस दफामा देहाय बमोजिम थप हुनुपर्नेः<br>"...स्थानीय तह, मन्त्रालय, प्रदेश लोक सेवा आयोग र..." | अभिलेख व्यवस्थित गर्ने प्रयोजनका लागि । |
| ८. | ७ | देहायका उपदफा थप हुनुपर्नेः<br>७(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सरकारी सेवाको छैठौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका वा सोही तहको पदका लागि प्रदेश लोक सेवा आयोगबाट विज्ञापन भई पदपूर्तिको प्रकृयामा रहेका पदमा सिफारिस भई नियुक्त हुने कर्मचारीलाई स्थानीय सरकारी सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिनेछ ।<br>७(८) उपदफा (७) बमोजिम तह कायम गरेको जानकारी अख्तियारवालाले प्रदेश किताबखाना, प्रदेश लोक सेवा आयोग र मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>७(९) उपदफा (७) बमोजिम तह कायम गर्नको लागि सातौं तहको दरबन्दी स्वतः कायम हुनेछ र त्यसरी सातौं तह कायम भएपछि छैठौं तहको दरबन्दी स्वतः खारेज हुनेछ ।<br>७(१०) उपदफा (८) बमोजिम प्राप्त जानकारीको आधारमा प्रदेश किताबखानाले दरबन्दी मिलान तथा अध्यावधिक गर्नुपर्नेछ। | साविकमा लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका र सिफारिसको चरणमा रहेका कर्मचारीहरूलाई यस ऐन बमोजिम तह मिलान गर्न आवश्यक देखिएको, सङघीय निजामती सेवाका सोही योग्यता भएका अधिकृत तृतीय श्रेणीका कर्माचारीलाई यस अघि सातौं तहमा समायोजन गरिएको एवं अन्य प्रदेशहरूमा पनि सोही बमोजिम व्यवस्था भएकोले साथै छैठौं तह नै कायम गरिँदा सो पदमा सिफारिस भएकाहरू अन्यत्र सातौं तहमा जाने संख्या उच्च रहेको र कर्मचारीको Retention Rate न्यून हुने सम्भावना हुँदा सेवा प्रवाहमासमेत समस्या उत्पन्न हुने भएकोले । |

| | | | |
|---|---|---|---|
| ९. | ८ (१) | यस दफामा पदपूर्ति हुने व्यवस्था अन्तर्गत देहाय बमोजिम हुनुपर्नेः<br>• अन्तर स्थानीय तह प्रतियोगिताको सट्टा अन्तर तह प्रतियोगिता राखिनुपर्ने ।<br>• बढुवा अन्तर्गत आन्तरिक अन्तर सेवा प्रतियोगिता थप हुनुपर्ने ।<br>सोही बमोजिम अन्य उपदफाहरूमा थप परिमार्जन सहितको व्यवस्था हुनुपर्ने र सो भएपछि आयोगबाट पुनः राय परामर्श प्रदान गरिने । | दफा ८(१) मा भएको व्यवस्थाभन्दा बाहेक उपदफा (६) लगायत अन्य उपदफाहरूमा आन्तरिक अन्तर सेवा प्रतियोगिता समेतको व्यवस्था भएको हुँदा परिमार्जन तथा ऐनका दफाहरूमा तादात्म्यता कायम हुन आवश्यक देखिएको ।<br>अन्तर तह प्रतियोगिताको माध्यमबाट प्रशासनिक अन्तरसम्बन्ध प्रभावकारी हुनुको साथै पदपूर्तिको दायरा थप फराकिलो हुने एवं आन्तरिक अन्तरसेवा प्रतियोगिताको माध्यमद्वारा सँगठनमा विद्यमान सक्षम कर्मचारीलाई छुट्टै आन्तरिक परीक्षाद्वारा बढुवा गर्न सकिने भएकोले । |
| १०. | ८ (३) | यस दफामा लेखिएको विद्यावारिधिको सट्टा स्नातकोत्तर पछिको विद्यावारिधि राख्दा उपयुक्त हुने । | कतिपय विश्वविद्यालयमा स्नातक पछि सिधै विद्यावारिधिको उपाधि प्रदान गरिने र शैक्षिक योग्यताको मूल्याङ्कनलाई थप वस्तुगत बनाउन आवश्यक भएकोले । |
| ११. | ८(८) | यस दफामा दशौं तह भन्ने शब्द हटाउनुपर्ने । | यस ऐन बमोजिम दशौं तहमा तह वृद्धि मात्रै हुने भएकोले । |
| १२. | ८ (१) | यस दफामा उल्लेख भएको अर्को वर्ष को सट्टा त्यस पश्चात हुने विज्ञापनको भन्ने शब्द राख्दा उपयुक्त हुने । | आयोगको वार्षिक कार्यतालिका बमोजिम हुने र सो कार्यतालिकामा सोही वर्ष पनि विज्ञापन हुन सक्ने सम्भावना रहने भएकोले । |

| | | | |
|---|---|---|---|
| १३. | ८(१३) | यो दफा हटाउनुपर्ने । | विद्युतीय अभिलेख व्यवस्थापनको प्रमुख जिम्मेवारी कम्प्युटर अपरेटरको हुने र सो पदमा करारबाट पदपूर्ति गरिँदा त्यसरी नियुक्ति पाउने कर्मचारी सो अभिलेख व्यवस्थापनका सम्बन्धमा अपेक्षित रूपमा जिम्मेवार नहुने, गोप्य राख्नु पर्ने विषयवस्तु चुहावट हुन सक्ने भएकोले । |
| १४. | ८(१४) र (१५) | यी दफाहरू हटाउनुपर्ने । | परामर्श क्र.सं. ४ अनुसार स्थानीय विविध सेवा कायम गरिँदा सो अन्तर्गत कम्प्युटर अपरेटर सम्बन्धी पदहरू रहने र सोही सेवा अन्तर्गतको वृत्ति श्रृङ्खला अनुसार वृत्ति पथ परिभाषित हुने भएकोले । |
| १५. | ८(१७) | यस दफामा "उपदफा (१३) बमोजिमको कम्प्युटर अपरेटर पद र" भन्ने वाक्यांश हटाउने र सीधै व्यक्तिसँग करार को सट्टा सेवा करार भन्ने वाक्यांश राख्ने । | दफा ८(१३) हटाउँदा यो उपदफा आवश्यक नहुने र सेवा करार उत्तम माध्यम भएकोले । |
| १६. | ९ | यस दफामा देहायको व्यवस्था थप गर्नेः "... हुन पाउने छैन । तर स्थानीय स्वास्थ्य सेवाको हकमा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने कुनै तहको पदमा समान तहको वा समान तहमा स्तर वृद्धि भई पदनाम प्राप्त गरेको तर प्रचलित कानून बमोजिम समायोजन भई पदस्थापन भई नसकेको कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पूरा गरेको भएमा निजलाई सो परीक्षामा प्रतिस्पर्धा वा उम्मेदवार हुन सक्नेछ" । | स्वास्थ्य सेवा ऐन, २०५३ सँग तादात्म्यता कायम गर्न । |
| १७. | १०(१) | विद्यमान संवैधानिक तथा कानूनी व्यवस्था समेतलाई मध्यनजर गर्दै आरक्षित पद मध्ये एक तिहाई पद महिलालाई आरक्षित गरी बाँकी पदमा प्रदेशको जनसांख्यिक विवरण, आर्थिक तथा सामाजिक अवस्थाको विवरण, पिछडिएको क्षेत्रको अवस्था र समावेशीताको सिद्धान्त बमोजिम व्यवस्था गर्दा उपयुक्त हुने। | विद्यमान संवैधानिक तथा कानूनी व्यवस्थासँग तादात्म्यता स्थापित गराई सामाजिक न्यायको वास्तविक प्रत्याभूति गराउन आवश्यक हुने भएकोले । |

| | | | |
|---|---|---|---|
| १८. | १०(९) | यस दफामा लेखिएको "सोही वर्षको" सट्टा "त्यस पश्चात हुने विज्ञापन" राख्दा उपयुक्त हुने । | प्रदेश लोक सेवा आयोगको कार्यतालिका बमोजिम सोही वर्ष व्यवस्थापन गर्न नसकिने अवस्था समेत श्रृजना हुन सक्ने हुँदा त्यस पश्चात हुने विज्ञापनबाट मात्र गर्न सकिने भएकोले । |
| १९. | ११ (१) | यस दफा र दफा ८(१) सँग तादात्म्यता कायम गरी परामर्श क्र.सं. ९ समेतका आधारमा परिमार्जन गरी व्यवस्थित गरिनुपर्ने। | यस ऐनका दफाहरू बीच सामाञ्जस्यता कायम हुनुपर्ने भएकोले । |
| २०. | ११ | यस दफामा देहायको उपदफाहरू थप हुनुपर्नेः<br>११(४) उपदफा (१) विपरीत नियुक्त गरेका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा सम्बन्धी दायित्व त्यस्तो कर्मचारी नियुक्त गर्ने पदाधिकारीले नै व्यहोर्नुपर्नेछ ।<br>११(५) प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएको व्यक्तिलाई अख्तियारवालाले नियुक्ति गर्नेछ ।<br>११(६) उपदफा (५) बमोजिम नियुक्ति नदिने अख्तियारवालालाई प्रदेश लोक सेवा आयोगले विभागीय कारवाहीको लागि सिफारिस गर्नेछ र सो सिफारिस प्राप्त भएको सात दिन भित्र सम्बन्धित निकायले विभागीय कारवाही गरी सो को जानकारी प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ । | पदपूर्ति प्रकृयालाई थप व्यवस्थित र मर्यादित बनाउन । |
| २१. | १२(२) | यस दफामा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम राख्दा उपयुक्त हुनेः<br>"...अनिवार्य अवकाश तथा बढुवाद्वारा रिक्त हुने पद..." । | पदपूर्तिलाई थप अनुमानयोग्य बनाउन। |
| २२. | १४ (२) | यस दफामा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम राख्दा उपयुक्त हुनेः<br>"...नियुक्त गर्ने अख्तियारवालाबाट सरकारी बाँकी सरह..." | स्थानीय तहको सन्दर्भमा कर्मचारी वा पदाधिकारी भन्दा अख्तियारवाला शब्द बढी उपयुक्त हुने भएकोले । |
| २३. | १५ (२) | यस दफामा हरेक आर्थिक वर्षको अन्त्यमा भन्ने वाक्यांशको सट्टा सोही आर्थिक वर्षमा भन्ने वाक्यांश राख्ने । | आर्थिक वर्षमा एक पटक मात्र प्रकाशन गर्नुभन्दा एक आर्थिक वर्षमा पटक पटक आवश्यकतानुसार प्रकाशन गर्नु उपयुक्त हुने भएकोले । |
| २४. | १५ (३) | यस दफामा उल्लेखित शब्द कर्मचारीलाई को सट्टा व्यक्तिलाई राख्नुपर्ने । | नियुक्ति लिनु अघि कर्मचारी भनी परिभाषित गर्न नहुने भएकोले । |

| | | | |
|---|---|---|---|
| २५. | १५ (४) | यस दफालाई देहाय बमोजिम राख्दा उपयुक्त हुनेः<br>उपदफा (३) बमोजिम सिफारिस लिई आएको व्यक्तिलाई नियुक्ति दिने जिम्मेवारी भएको अख्तियारवालाले नियुक्ति दिन ईन्कार वा ढिला गरेमा त्यस्तो कर्मचारीलाई पर्न गएको क्षति त्यस्तो नियुक्ति दिनुपर्ने अख्तियारवालाको प्रचलित सेवा शर्त एवं सुविधा सम्बन्धी कानूनले प्रदान गरेको सेवा सुविधाबाट भराईदिनु पर्नेछ । | स्थानीय तहको सन्दर्भमा कर्मचारी वा पदाधिकारीभन्दा अख्तियारवाला शब्द बढी उपयुक्त हुने भएकोले । |
| २६. | १६ (ग) (२) | सेवा प्रवेशको अधिकतम उमेर ४५ वर्ष कायम गरिँदा सो अनुसार सेवा प्रवेश गर्ने कर्मचारीको निवृतभरण सम्बन्धी सुनिश्चितता गरिनुपर्ने । | अधिकतम उमेर ४५ वर्ष कायम गरिदा निवृतभरण पाउन पूरा गर्नुपर्ने सेवा अवधी पूरा नहुने भएकोले कर्मचारीको सामाजिक सुरक्षाको लागि थप व्यवस्थित गर्नु पर्ने देखिएकोले । |
| २७. | १७ (५) | यस दफामा देहाय बमोजिम थप गर्नुपर्नेः<br>"... सात दिन भित्र प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनुपर्नेछ" । | अभिलेख व्यवस्थापन गर्न सहज हुने भएकोले । |
| २८. | १७ (६) | यस दफामा उल्लेखित कर्मचारी वा पदाधिकारी वाक्यांशको सट्टा अख्तियारवाला शब्द राख्दा उपयुक्त हुने । | स्थानीय तहको सन्दर्भमा कर्मचारी वा पदाधिकारी भन्दा अख्तियारवाला शब्द बढी उपयुक्त हुने भएकोले । |
| २९. | १८ (३) | यस दफामा उल्लेखित पदाधिकारी शब्दको सट्टा अख्तियारवाला शब्द राख्दा उपयुक्त हुने। | स्थानीय तहको सन्दर्भमा कर्मचारी वा पदाधिकारीभन्दा अख्तियारवाला शब्द बढी उपयुक्त हुने भएकोले । |
| ३०. | २० | यस दफामा उल्लेखित शपथग्रहणको लागि शपथग्रहणको ढांचा अनुसूचीमा वा प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था राख्दा उपयुक्त हुने । | शपथग्रहणको ढाँचामा एकरूपता कायम गर्न । |

| | | | |
|---|---|---|---|
| ३१. | २५ (१) | यस दफामा देहाय बमोजिम थप गरिनुपर्नेः "...सरूवा गर्न सक्नेछ । यसरी कर्मचारीको सरूवा गर्दा प्रदेश भित्रको विभिन्न भौगोलिक तथा सामाजिक एवं सांस्कृतिक क्षेत्रको अनुभव दिलाउने गरी न्यायोचित रूपमा गर्नु पर्नेछ" । | कर्मचारीलाई विभिन्न भौगोलिक, सामाजिक, सांस्कृतिक अनुभव दिलाउन तथा सरूवालाई न्यायोचित बनाउन आवश्यक भएकोले । |
| ३२. | २५ (४) | यस दफालाई देहाय बमोजिम राख्दा उपयुक्त हुनेः "...कुनै स्थानीय तहमा राखी राख्न सो कर्मचारीको आचरण एवं कार्य सम्पादन सन्तोषजनक नदेखिएको स्पष्ट आधार सहित उपयुक्त नभएको भनी सम्बन्धित स्थानीय तहको..." | सरूवा व्यवस्थापन थप वस्तुनिष्ट बनाउनु पर्ने भएकोले । |
| ३३. | २५ (११) | यस दफामा उल्लेखित रमानाको लागि रमानाको ढांचा अनुसूचीमा वा प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था राख्दा उपयुक्त हुने । | रमानाको प्रयोग अन्तर स्थानीय तहमा हुने हुँदा एकरूपता कायम गर्नुपर्ने भएकोले । |
| ३४. | २७ | यस दफामा देहाय बमोजिम थप गर्नुपर्नेः "... कर्मचारीलाई बढीमा छ महिनाको लागि काजमा खटाउन सक्नेछ" । | काज अवधी छोट्टयाई दरबन्दीमा सरूवा गर्दा स्थायित्व हुने भएकोले । |
| ३५. | २८ (३) | यस दफामा उल्लेखित प्रदेशमा समायोजन भन्ने वाक्यांशको सट्टा यस प्रदेश अन्तर्गतको स्थानीय तहमा समायोजन भन्ने वाक्यांश राख्नुपर्ने । | प्रदेशमा समायोजन भएको कर्मचारी स्थानीय तहमा नरहने भएकोले । |
| ३६. | २९ (१) (३) | यस दफाको प्रयोजनका लागि उल्लेखित शैक्षिक योग्यतालाई स्नातकोत्तर बनाउनुपर्ने । | नवौं तहको न्यूनतम योग्यताको तह स्नातकोत्तर भएको र सातौं बाट आठौं तहमा तह वृद्धि हुँदा स्नातक तहको शैक्षिक योग्यता उपयोग भईसकेकोले सोही योग्यता पुनः माथिल्लो तहमा उपयोग गर्नु उपयुक्त नदेखिएकोले । |
| ३७. | ३० (१) | यस दफामा उल्लेखित टेबलको न्यूनतम शैक्षिक योग्यता अन्तर्गतको अन्तिम शीर्षकमा प्रदेश स्वास्थ्य सेवा उल्लेख गरिएकोमा स्थानीय स्वास्थ्य सेवा हुनुपर्ने । | प्रदेश स्वास्थ्य सेवा उपयुक्त नभएकोले। |

| | | | |
|---|---|---|---|
| ३८. | ३५ (१३) | यस दफामा देहाय बमोजिम थप गरिनुपर्नेः "...निवेदन दिई माग गरेमा सम्बन्धित कार्यालयले पुनरावलोकन समितिले दिएको अंक बाहेकको अंक जानकारी दिनु पर्नेछ । | निजामती सेवा ऐन सँग तादात्म्यता कायम हुने भएकोले । |
| ३९. | ३५ (१९) | यस दफा देहाय बमोजिम राख्नुपर्नेः "अधिकृत एघारौं वा सो सरहका कर्मचारीको नेतृत्व मूल्याङ्कन गरिनेछ । नेतृत्व मूल्याङ्कन सम्बन्धी मापदण्ड प्रदेश सरकारले तोके बमोजिम हुनेछ" । | स्थानीय तहका उच्च पदस्थ कर्मचारीको नेतृत्व मूल्याङ्कन वस्तुगत बनाउन तथा एकरूपता कायम गर्न आवश्यक भएकोले । |
| ४०. | ३५ (२०) | यस दफामा देहाय बमोजिम थप गरिनुपर्नेः "... कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी ढाँचा तथा अन्य व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ" । | कार्य सम्पादन मूल्याङ्कनमा एकरूपता कायम गर्न आवश्यक हुने भएकोले । |
| ४१. | ३५ | यस दफामा पुनरावलोकन समितिको संरचनागत व्यवस्था तथा कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुगत बनाउने आधारहरू थप गरिनुपर्ने । | पुनरावलोकन समिति सम्बन्धी संरचना व्यवस्थित गर्न र कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुगत बनाउन आवश्यक भएकोले । |
| ४२. | ३७ (३) | यस दफाको स्पष्टीकरण खण्डमा देहाय बमोजिम थप गरिनुपर्नेः "... सार्वजनिक विदा, घर विदा, विरामी विदा, मृत्यु संस्कार विदा..." | घर विदा र बिरामी विदा राख्न उपयुक्त हुने भएकोले । |
| ४३. | ३८ (२) | यस दफामा देहाय बमोजिम परिमार्जन गरिनुपर्नेः "... द्वितीय श्रेणीको लागि एक दशमलव सात पाँच र तृतीय श्रेणीको लागि एक दशमलव पाँच अङ्क..." | निजामती सेवा ऐनसँग तादात्म्यता कायम हुने भएकोले । |
| ४४. | ३८ (५) | यस दफामा देहाय बमोजिम परिमार्जन गरिनुपर्नेः "... भन्ने सम्बन्धमा मन्त्रालयले तोके बमोजिमको सम्बद्धता निर्धारण समितिले..." | प्रदेश स्तरमा एकरूपता कायम हुनुपर्ने भएकोले । |
| ४५. | ३९ (१) (क) | यस दफामा उल्लेखित नब्बे प्रतिशतको सट्टा पन्चानब्बे प्रतिशत राख्दा उपयुक्त हुने । | निजामती सेवा ऐन सँग तादात्म्यता कायम हुने भएकोले । |

| | | | |
|---|---|---|---|
| ४६. | ३९(१)<br>(ख) | यस दफामा देहाय बमोजिम परिमार्जन गरिनुपर्नेः<br>"अधिकृत एघारौं तहको पदको लागि सम्बन्धित सेवासँग सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरहको, नवौं तहको पदको लागि सम्बन्धित सेवासँग सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको तथा सातौं तहको पदको लागि..." | यस ऐनको तह वृद्धि तथा बढुवा सम्बन्धी व्यवस्थाको दफा २९ र ३० सँग तादात्म्यता कायम गराउन। |
| ४७. | ३९(१)(ग) | यस दफालाई ऐनको दफा ३८ (३) सँग सामञ्जस्य हुने गरी परिमार्जन गरिनुपर्ने । | ऐनका दफाहरू बीच सँगति कायम गर्न । |
| ४८. | ३९(१)<br>(ङ),<br>३९(२) | यस दफालाई थप स्पष्ट पार्नुपर्ने । | अन्य कर्मचारी भन्ने वाक्यांश थप स्पष्ट हुनुपर्ने भएकोले । |
| ४९. | ४० (१)<br>(क) | यस दफालाई देहाय बमोजिम राख्नुपर्नेः<br>(क) अधिकृत नवौं र एघारौं तहको पदको लागि<br>१) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्यः अध्यक्ष<br>२) प्रदेश सरकारको प्रमुख सचिवः सदस्य<br>३) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्यः सदस्य<br>४) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञः सदस्य<br>५) मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिवः सदस्य सचिव | उल्लेखित समितिले स्थानीय सरकारी सेवाको एघारौं तहको समेत बढुवा गर्ने भएकोले प्रमुख सचिवको सहभागिता अनिवार्य देखिएको र निजामती सेवा सम्बन्धी सङ्घीय कानूनसँग तादात्म्यता कायम हुने । |
| ५०. | ४०(१)<br>(ख) | यस दफालाई देहाय बमोजिम राख्नुपर्नेः<br>(ख) अधिकृत सातौं र पाँचौ तहको पदको लागि<br>१) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको सदस्यः अध्यक्ष<br>२) प्रदेश लोक सेवा आयोगको सचिवः सदस्य<br>३) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञः सदस्य<br>४) मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिवः सदस्य<br>५) सेवा संचालन गर्ने मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सचिवः सदस्य सचिव | निजामती सेवा सम्बन्धी सङ्घीय कानून सँग तादात्म्यता कायम हुने । |

| | | | |
|---|---|---|---|
| ५१. | ४४(४) | यस दफामा उल्लेखित पदाधिकारी भन्ने शब्दको सट्टा अख्तियारवाला राख्नुपर्ने । | स्थानीय तहको सन्दर्भमा कर्मचारी वा पदाधिकारीभन्दा अख्तियारवाला शब्द बढी उपयुक्त हुने भएकोले । |
| ५२. | ५८ (२) | यस दफामा उल्लेखित दफा ५८ को सट्टा दफा ५९ राख्नुपर्ने । | दफा ५८ उपयुक्त नहुने देखिएकोले। |
| ५३. | ५८ (३) | यस दफामा उल्लेखित स्पष्टीकरण खण्डमा रहेको प्रयोजको भन्ने शब्दको सट्टा प्रयोजनको भन्ने शब्द राख्नुपर्ने । | वाक्य व्याकरण शुद्ध हुने भएकोले । |
| ५४. | ५९ (६) | यस दफामा देहाय बमोजिम थप गरिनुपर्नेः "...दफा १६ को खण्ड (ग) ले महिला, अपाङ्ग तथा नवौं तहको पदको लागि खुला प्रतियोगितामा तोकेको उमेर हद बमोजिम..." | कर्मचारीको सेवा अवकाश पछिको सामाजिक सुरक्षाको सुनिश्चितता गर्न, यस ऐनको दफा १६ को खण्ड (ग) मा उल्लेखित दफाहरूसँग सँगति कायम गर्न एवं परामर्श क्रम संख्या २५ समेत समावेश गर्न आवश्यक देखिएकोले । |
| ५५. | ६३ (६) | यो व्यवस्था उपचार खर्च सम्बन्धी व्यवस्था अन्तर्गत राख्नुपर्ने । | उपचार खर्च सँग सम्बन्धित देखिएकोले । |
| ५६. | ६५ (२) | यस दफामा उल्लेखित अन्तर स्थानीय सेवा प्रतियोगिता वाक्यांशको सट्टा अन्तर तह प्रतियोगिता वाक्यांश राख्नुपर्ने । | दफा ८ (१) र सो सँग सम्बन्धित परामर्श क्र.सं. ९ सँग सामञ्जस्यता कायम गर्नुपर्ने भएकोले । |
| ५७. | ६८ | यस दफामा देहायको उपदफा थप गर्नेः ६८(४) उपदफा (१) बमोजिमको सेवा प्रवेश तालीम अनिवार्य रूपमा सबै नयाँ नियुक्त हुने कर्मचारीहरूलाई प्रदान गरिनेछ र सो का लागि मन्त्रालयले प्रदेश लोक सेवा आयोग, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान तथा सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गर्नेछ । | कर्मचारीको क्षमता विकासका लागि सेवा प्रवेश तालीम अपरिहार्य रहेकोले। |

| | | | |
|---|---|---|---|
| ५८. | ६९ (३) | यस दफामा देहाय बमोजिम परिमार्जन गर्नेः<br>"स्थानीय तहले जुनसुकै निकायमा प्राप्त भएका तालीम, अध्ययन वा अध्ययन भ्रमणका लागि कर्मचारीको मनोनयन सिफारिस गर्न देहाय बमोजिमको मनोनयन सिफारिस समिति रहनेछः<br>(१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतः अध्यक्ष<br>(२) स्थानीय तहको प्रशासन विषय हेर्ने महाशाखा वा शाखा प्रमुखः सदस्य<br>(३) स्थानीय तहको आर्थिक प्रशासन हेर्ने महाशाखा वा शाखा प्रमुखः सदस्य | प्रचलित व्यवस्था बमोजिम स्थानीय तहले स्थानीय तहमा प्राप्त हुने वैदेशिक तालीम, अध्ययन, अध्ययन भ्रमणमा मनोनयनका लागि सिफारिस मात्र गर्न सक्ने भएकोले । |
| ५९. | ६९ (४) | यस दफामा देहाय बमोजिम परिमार्जन गर्नेः<br>"... भ्रमण वा छात्रवृत्तिमा मनोनयनका लागि सिफारिस गर्नेछ । | परामर्श क्र.सं. ५८ सँग सामञ्जस्यता कायम गर्न । |
| ६०. | ६९ (५) | यस दफामा देहाय बमोजिम परिमार्जन गर्नेः<br>"... न्यायोचित तवरले सिफारिस गर्नु पर्नेछ । | परामर्श क्र.सं. ५८ र ५९ सँग सामञ्जस्यता कायम गर्न । |
| ६१. | ६९ | यस दफामा देहायको उपदफा थप गर्नेः<br>६९(८) स्थानीय सरकारी सेवाका कर्मचारीहरूका लागि स्वदेशी तथा वैदेशिक तालीम, अध्ययन तथा अध्ययन भ्रमणका अवसरहरू बढाउन मन्त्रालयले सम्बन्धित सङ्घीय निकायसँग समन्वय गरी न्यायोचित वितरणको व्यवस्था मिलाउनेछ । | यस सम्बन्धमा सम्बन्धित सङ्घीय निकायसँग स्थानीय तह भन्दा मन्त्रालयले गर्न सक्ने समन्वय थप प्रभावकारी हुने भएकोले । |
| ६२. | ९२ | यस दफामा देहाय बमोजिम थप गर्नेः<br>"... प्रतिकूल असर पर्ने गरी सम्बन्धित कर्मचारीको स्वीकृति बेगर परिवर्तन ..." | निजामती सेवा सम्बन्धी कानूनसँग तादात्म्यता कायम गर्नुपर्ने भएकोले । |
| ६३. | ९४ (क) | यस दफामा देहाय बमोजिम परिमार्जन गर्नेः<br>(क) सामान्य सजाय<br>(१) नसिहत दिने,<br>(२) दुई वर्ष सम्म बढुवा रोक्का गर्ने वा बढीमा दुई तलब वृद्धि रोक्का गर्ने,<br>(३) दुईदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धि रोक्का गर्ने, | निजामती सेवा सम्बन्धी कानूनसँग तादात्म्यता कायम गर्नुपर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| ६४. | १०५ (२) | यस दफामा देहाय बमोजिम परिमार्जन र देहायका उपदफा थप गर्नेः<br>(२) उपदफा (१) बमोजिम परामर्श माग गर्दा प्रचलित कानून तथा प्रदेश लोक सेवा आयोगले निर्धारण गरेको प्रकृया बमोजिम माग गर्नुपर्नेछ ।<br>(३) उपदफा (१) र (२) बमोजिम परामर्श माग गरेकोमा प्रदेश लोक सेवा आयोगले बढीमा दुई महिना भित्र आवश्यक परामर्श उपलब्ध गराउनेछ । | विषयवस्तु संवेदनशील भएको हुँदा प्रकृयाको वस्तुगत र पर्याप्त परिपालना आवश्यक भएको र सो सन्दर्भमा परामर्श प्रदान गर्न आयोगको व्यवस्तताको कारणले एक महिना भित्र सँधै सम्भव हुन नसक्ने भएकोले । |
| ६५. | १०६ (२) | यस दफामा देहाय बमोजिम थप गर्नेः<br>"... प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोग ..." | मन्त्रालयमा अभिलेख आवश्यक हुन सक्ने भएकोले । |
| ६६. | १०८ | यस दफाको प्रयोजनका लागि संघीय प्रशासकीय अदालतले क्षेत्राधिकार ग्रहण गर्ने नगर्ने सम्बन्धमा यकीन हुनुपर्ने साथै यस सम्बन्धमा प्रदेश स्तरमा छुट्टै संरचना निर्माण गर्न सकिने । | क्षेत्राधिकार सम्बन्धी अन्योलको अवस्था निवारण गर्नुपर्ने भएकोले । |
| ६७. | ११० | यस दफामा देहाय बमोजिम परिमार्जन गर्नुपर्नेः<br>"... स्थानीय तहले अभिलेख राखी सो को जानकारी प्रदेश लोक सेवा आयोग, मन्त्रालय तथा प्रदेश किताबखाना ..." | अभिलेख व्यवस्थापनका लागि । |
| ६८. | १३६ (२) | यस दफामा देहाय बमोजिम थप गर्नेः<br>"... सूचीमा रहेका व्यक्तिहरूलाई योग्यताक्रमको आधारमा स्थानीय तहले ..." | योग्यता प्रणालीलाई संस्थागत गर्न । |
| ६९. | १४४ | यस दफामा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम थप व्यवस्थित गरिनुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग तादात्म्यता कायम गर्न । |
| ७०. | १५० | यस दफामा उल्लेखित शब्द पालिका हटाई स्थानीय तह राख्नुपर्ने । | शाब्दिक एकरूपता कायम गर्न । |
| ७१. | १५५ | यस दफामा देहाय बमोजिमको उपदफा थप गर्नेः<br>१५५ प्रदेश सरकारले स्थानीय तहलाई नमूना नियमावली तयार गरी पठाउने छ । | सबै स्थानीय तहमा यस सम्बन्धी विज्ञता नहुनसक्ने तथा नियमावली तर्जुमामा न्यूनतम एकरूपता कायम गर्न । |

५. बैठक संख्या १३१, मिति २०८०/०२/०९ गतेको आयोगको बैठकको निर्णयबाट प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) अध्यादेश, २०८० को मस्यौदामा उपलब्ध गराइएको परामर्श

| क्र.सं. | दफा | आयोगको परामर्श | पुष्टयाईं |
|---|---|---|---|
| १. | १०(१) | समावेशी प्रतिशत देहाय अनुसार राख्नु पर्ने।<br>१) आदिवासी जनजाती पैंतीस प्रतिशत<br>२) महिला तेत्तीस प्रतिशत<br>३) दलित छ प्रतिशत<br>४) आर्थिक रूपले विपन्न खस आर्य छ प्रतिशत<br>५) थारू छ प्रतिशत<br>६) मधेसी पाँच प्रतिशत<br>७) मूस्लिम पाँच प्रतिशत<br>८) अपाङ्ग चार प्रतिशत | समावेशी प्रतिशतलाई निर्धारित प्रतिशतको ठूलोबाट सानो क्रम अनुसार राख्दा सान्दर्भिक हुने साथै आयोगको प्रतिशत निर्धारण लगायतका काममा समेत सहयोग पुग्ने। |

६. बैठक संख्या १३१, मिति २०७९/०२/०९ गतेको आयोगको बैठकको निर्णयबाट स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को प्रतिस्थापन विधेयकमा समावेश हुन पठाइएको सुझाव

| क्र.स | दफा | आयोगको सुझाव | पुष्ट्याई |
|---|---|---|---|
| १ | २ (ठ) | स्थानीय सेवा भन्नाले दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सरकारी सेवा सम्झनु पर्छ। | नेपालको संविधानको धारा २८५ को उपधारा ३ मा प्रदेश मन्त्रिपरिषद्, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन तथा सञ्चालन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको ।साथै प्रदेश लोक सेवा आयोग ऐन २०७६ को विभिन्न दफाहरूमा समेत स्थानीय सरकारी सेवा उल्लेख भएकोले । |
| २ | ३(१) | (छ) स्थानीय न्याय सेवा थप गर्ने । | हाल स्थानीय तहमा न्याय सेवाका कर्मचारीहरू कार्यरत रहेको र नेपालको संविधानको धारा २१७ मा न्यायिक समितिको व्यवस्था रहेकोले । |

| | | | |
|---|---|---|---|
| ३ | ३ (३)(२) | (३) उदफा (२) बमोजिमका समूह तथा उपसमूहमा रहने पदहरूको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ । यसरी नतोकिएसम्म कर्मचारी समायोजन हुँदाको बखत कायम गरिएका पदहरूमध्ये रिक्त पदहरूमा पदपूर्तिका लागि हुने विज्ञापनमा उम्मेदवार हुन सम्बन्धित सेवा, समूह, उपसमूहका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता प्रदेश लोक सेवा आयोगको परामर्शमा मन्त्रालयको निर्णयानुसार हुनेछ । | शैक्षिक योग्यता सम्बन्धित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयले प्रदेश लोक सेवा आयोगको परामर्शमा निर्णय गर्दा उपयुक्त हुने । |
| ४ | ८(१४) | उपदफा (१३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो अध्यादेश प्रारम्भ भएपछि पाँच बर्ष सेवा अवधि पुगेको चौथो तहका सहायक कम्प्युटर पदमा कार्यरत कर्मचारीलाई पाँचौ तहको कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा गरिनेछ । त्यसरी बढुवा गर्न एक तह माथिको पद स्वतः सिर्जना हुनेछ र साविकको पद स्वतः खारेज हुनेछ । | पाँच वर्ष सेवा अवधि नपुगि बढुवा गर्दा बढुवा हुने कर्मचारी बीच विभेद हुने । |
| ५ | ८(१६) | ८(१६)यो अध्यादेश प्रारम्भ हुँदाका बखत सङघिय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट खुला प्रतियोगितात्मक परीक्षाद्धारा स्थानीय सरकारी सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका वा यो अध्यादेश जारी हुँदाका बखत सोही तहको पदका लागि प्रदेश लोक सेवा आयोगबाट विज्ञापन भई पदपूर्तिको प्रकृयामा रहेका पदमा सिफारिस भई नियुक्ति हुने कर्मचारीलाई स्थानीय सरकारी सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा सातौ तह कायम गरिनेछ । | स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश २०८० को दफा ८ (१) को (ग) बमोजिम छैटौं तहको पदपूर्ति तह वृद्धिबाट हुने व्यवस्था रहेकोले । |

| | | | |
|---|---|---|---|
| ६ | १२ | स्थानीय सेवाको कुनै पद रिक्त भएमा यस्तो पद रिक्त भएको मितिले १५ दिन भित्र रिक्त पदपूर्तिका लागि माग गर्दा भर्नु पर्ने फाराम भरी प्रदेश लोक सेवा आयोगमा पदपूर्तिका लागि पठाउनु पर्ने र सो को जानकारी मन्त्रालयलाई दिनुपर्ने छ । सो अवधि भित्र रिक्त पदको जानकारी नदिने कर्मचारी वा पदाधिकारीलाई विभागीय कारवाही गर्न प्रदेश लोक सेवा आयोगले लेखि पठाउने छ । | रिक्त पदहरूमा समयमा नै जनशक्ति आपूर्ति गर्न । |
| ७ | १५(२) | स्थानीय सेवाको पदमा नियुक्तिको लागि सिफारिस भई सम्बन्धित स्थानीय तहमा गएका कर्मचारीलाई नियुक्ति दिने अधिकारीले सिफारिस पत्र प्रदान गरिएको मितिबाट बाटोको म्याद बाहेक सात दिनभित्र नियुक्ति दिनु पर्नेछ। | नियुक्ति दिने समय अवधि लामो राख्दा न्यायसंगत नहुने । |
| ८ | २२(६) | समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका एवम् प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई सिटरोल फारम दर्ता नभएका कर्मचारीहरूले यो अध्यादेश प्रारम्भ भए पछि प्रदेश किताबखानाबाट उपदफा २ बमोजिमको सिटरोल फारम भरी संकेत नं प्राप्त गर्नु पर्नेछ । | समायोजन पश्चात स्थानीय तहमा प्रदेश लोक सेवा आयोगले पदपूर्तिका लागि सिफारिस भई स्थायी नियुक्ति पाएका कर्मचारीहरूकोसमेत प्रदेश किताबखानामा सिटरोल दर्ता हुनुपर्ने । |
| ९ | २५(४) | यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा कार्यरत कर्मचारीलाई कुनै स्थानीय तहमा राखि राख्न उपयुक्त नभएमा सो को पुष्ट्याई गर्ने पर्याप्त आधार र कारण खोलि स्थानीय तहको कार्यपालिकाले सिफारिस गरेमा मन्त्रालयले जुनसुकै बखत सरूवा गर्न सक्नेछ । | स्थानीय तहमा कार्यरत कुनै कर्मचारीको सरूवा पूर्वाग्रहको आधारमा नहोस् भन्नका लागि । |
| १० | २७(३) | हटाउने। | पहिले हाजिरी भएको आधारमा बढुवा गर्दा न्यायसंगत नभइ विभेद हुने भएकोले । |

| | | | |
|---|---|---|---|
| ११ | २८(२) | उपदफा (१) बमोजिम तह वृद्धिका लागि सबै योग्यता पुरा गरेको मितिबाट जेष्ठता कायम हुने गरी तह वृद्धिको निर्णय गर्नु पर्नेछ । | प्रदेश निजामति सेवा ऐन, २०७९ को दफा ३० (३) सँग बाझिएको हुँदा एकरूपता कायम गर्न। |
| १२ | ३४(१) | कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ । तर यसरी नतोकिएसम्म साविकमा प्रयोग भई आएको फाराम नै प्रयोग गर्नु पर्ने । | तत्काल नियमावली नबनेमा कार्यसम्पादन मूल्याङ्कन गर्न फारमको अभावमा समस्या हुने भएकोले। |
| १३ | ३४(२०) | पुनरावलोकन समितिमा रहने पदाधिकारीको किटान गर्नु पर्ने । | बढुवाको कार्यवाही अविलम्ब अघि बढाउनु पर्ने भएकोले । |
| १४ | ३९ (२) (१) | (३) बढुवा समितिले उपदफा (१) बमोजिम बढुवा सिफारिस गर्न अपनाउनु पर्ने कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। | टाइप गर्दा त्रूटी भएकोले सच्याउनु पर्ने। |
| १५ | ५९ (६) | यस अध्यादेशको दफा १६ को खण्ड (ग) ले तोकेको उमेर हद बमोजिम सेवा प्रवेश गरेको कारणले उपदफा (१) बमोजिम निवृत्तभरण पाउने अवधि नपुगेमा नपुग अवधि थप गरी निवृत्तभरण प्रदान गरीनेछ । | निजामती सेवाको मुख्य आकर्षण निबृत्तभरण भएको र सो प्राप्त गर्न सबै स्थायी कर्मचारीमा समानता कायम गरी खुलाबाट नवौं तहमा नियुक्ति हुने कर्मचारीलाई समेत समेट्नु पर्ने भएकोले । |
| १६ | ९६ (१)(क) | यो अध्यादेश वा प्रचलित कानूनले तोकेको पदीय दायित्व, कर्तव्य र जिम्मेवारी पूरा नगरेमा, | कर्मचारीले कानूनले तोकेको कर्तव्यबाट बिमुख हुन नमिल्ने भएकोले। |

अनुसूची १०

## आ.व. २०७९/८० मा आयोगबाट स्थानीय तहमा पठाइएको परामर्श सम्बन्धी विवरण

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | सि.नं. | स्थानीय तहको नाम | जिल्ला |
|---|---|---|---|---|---|
| १ | इलाम नगरपालिका | इलाम | ५९ | चौविसे गाउँपालिका | धनकुटा |
| २ | चुलाचुली गाउँपालिका | इलाम | ६० | छथर जोरपाटी गाउँपालिका | धनकुटा |
| ३ | फाकफोकथुम गाउँपालिका | इलाम | ६१ | पाखिबास नगरपालिका | धनकुटा |
| ४ | माई नगरपालिका | इलाम | ६२ | महालक्ष्मी नगरपालिका | धनकुटा |
| ५ | माईजोगमाई गाउँपालिका | इलाम | ६३ | सहिदभूमि गाउँपालिका | धनकुटा |
| ६ | माङसेबुङ गाउँपालिका | इलाम | ६४ | कुम्मायक गाउँपालिका | पाँचथर |
| ७ | रोङ गाउँपालिका | इलाम | ६५ | फालेलुङ गाउँपालिका | पाँचथर |
| ८ | सन्दकपुर गाउँपालिका | इलाम | ६६ | फाल्गुनन्द गाउँपालिका | पाँचथर |
| ९ | सुर्योदय नगरपालिका | इलाम | ६७ | फिदिम नगरपालिका | पाँचथर |
| १० | उदयपुरगढी गाउँपालिका | उदयपुर | ६८ | मिक्लाजुङ गाउँपालिका | पाँचथर |
| ११ | कटारी नगरपालिका | उदयपुर | ६९ | हिलिहाङ गाउँपालिका | पाँचथर |
| १२ | चौदण्डीगढी नगरपालिका | उदयपुर | ७० | आमचोक गाउँपालिका | भोजपुर |
| १३ | ताप्ली गाउँपालिका | उदयपुर | ७१ | टेम्केमैयुङ गाउँपालिका | भोजपुर |
| १४ | त्रियुगा नगरपालिका | उदयपुर | ७२ | पौवादुङमा गाउँपालिका | भोजपुर |
| १५ | रौतामाई गाउँपालिका | उदयपुर | ७३ | भोजपुर नगरपालिका | भोजपुर |
| १६ | लिम्चुङ्बुङ गाउँपालिका | उदयपुर | ७४ | रामप्रसादराई गाउँपालिका | भोजपुर |
| १७ | वेलका नगरपालिका | उदयपुर | ७५ | षडानन्द नगरपालिका | भोजपुर |
| १८ | खिजिदेम्बा गाउँपालिका | ओखलढुंगा | ७६ | साल्पासिलिछो गाउँपालिका | भोजपुर |
| १९ | चम्पादेवी गाउँपालिका | ओखलढुंगा | ७७ | हतुवागढी गाउँपालिका | भोजपुर |
| २० | चिशंखुगढी गाउँपालिका | ओखलढुंगा | ७८ | उर्लावारी नगरपालिका | मोरङ |
| २१ | मानेभञ्याङ गाउँपालिका | ओखलढुंगा | ७९ | कटहरी गाउँपालिका | मोरङ |
| २२ | मोलुङ गाउँपालिका | ओखलढुंगा | ८० | कानेपोखरी गाउँपालिका | मोरङ |
| २३ | लिखु गाउँपालिका | ओखलढुंगा | ८१ | केरावारी गाउँपालिका | मोरङ |
| २४ | सिद्दिचरण नगरपालिका | ओखलढुंगा | ८२ | ग्रामथान गाउँपालिका | मोरङ |
| २५ | सुनकोशी गाउँपालिका | ओखलढुंगा | ८३ | जहदा गाउँपालिका | मोरङ |
| २६ | ऐसेलुखर्क गाउँपालिका | खोटाङ | ८४ | धनपालथान गाउँपालिका | मोरङ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | केपिलासगढी गाउँपालिका | खोटाङ | ८५ | पथरी शनिश्चरे नगरपालिका | मोरङ |
| २८ | जन्तेढुंगा गाउँपालिका | खोटाङ | ८६ | बुढीगंगा गाउँपालिका | मोरङ |
| २९ | दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका | खोटाङ | ८७ | बेलवारी नगरपालिका | मोरङ |
| ३० | रावा बेसी गाउँपालिका | खोटाङ | ८८ | मिक्लाजुङ गाउँपालिका | मोरङ |
| ३१ | वराहपोखरी गाउँपालिका | खोटाङ | ८९ | रंगेली नगरपालिका | मोरङ |
| ३२ | साकेला गाउँपालिका | खोटाङ | ९० | लेटाङ नगरपालिका | मोरङ |
| ३३ | हलेसी तुवाचुङ नगरपालिका | खोटाङ | ९१ | सुनवर्षी नगरपालिका | मोरङ |
| ३४ | अर्जुनधारा नगरपालिका | झापा | ९२ | सुन्दरहरैचा नगरपालिका | मोरङ |
| ३५ | कचनकवल गाउँपालिका | झापा | ९३ | खाँदवारी नगरपालिका | संखुवासभा |
| ३६ | कन्काई नगरपालिका | झापा | ९४ | चिचिला गाउँपालिका | संखुवासभा |
| ३७ | कमल गाउँपालिका | झापा | ९५ | चैनपुर नगरपालिका | संखुवासभा |
| ३८ | गौरीगंज गाउँपालिका | झापा | ९६ | धर्मदेवी नगरपालिका | संखुवासभा |
| ३९ | झापा गाउँपालिका | झापा | ९७ | भोटखोला गाउँपालिका | संखुवासभा |
| ४० | दमक नगरपालिका | झापा | ९८ | मकालु गाउँपालिका | संखुवासभा |
| ४१ | बाह्रदशी गाउँपालिका | झापा | ९९ | ईटहरी उपमहानगरपालिका | सुनसरी |
| ४२ | बुद्धशान्ति गाउँपालिका | झापा | १०० | कोशी गाउँपालिका | सुनसरी |
| ४३ | भद्रपुर नगरपालिका | झापा | १०१ | गढी गाउँपालिका | सुनसरी |
| ४४ | मेचीनगर नगरपालिका | झापा | १०२ | दुहवी नगरपालिका | सुनसरी |
| ४५ | विर्तामोड नगरपालिका | झापा | १०३ | देवानगञ्ज गाउँपालिका | सुनसरी |
| ४६ | शिवशताक्षी नगरपालिका | झापा | १०४ | धरान उपमहानगरपालिका | सुनसरी |
| ४७ | हल्दिवारी गाउँपालिका | झापा | १०५ | बराहक्षेत्र नगरपालिका | सुनसरी |
| ४८ | आठराई त्रिवेणी गाउँपालिका | ताप्लेजुङ | १०६ | बर्जु गाउँपालिका | सुनसरी |
| ४९ | पाथीभरा याङवरक गाउँपालिका | ताप्लेजुङ | १०७ | भोक्राहा नरसिंह गाउँपालिका | सुनसरी |
| ५० | फक्ताङलुङ गाउँपालिका | ताप्लेजुङ | १०८ | रामधुनी नगरपालिका | सुनसरी |
| ५१ | फुङलिङ नगरपालिका | ताप्लेजुङ | १०९ | हरिनगर गाउँपालिका | सुनसरी |
| ५२ | मैवाखोला गाउँपालिका | ताप्लेजुङ | ११० | खुम्वु पासाङल्हमु गाउँपालिका | सोलुखुम्बु |
| ५३ | सिदिङ्वा गाउँपालिका | ताप्लेजुङ | १११ | थुलुङ दुधकोशी गाउँपालिका | सोलुखुम्बु |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | छथर गाउँपालिका | तेहथुम | ११२ | नेचासल्यान गाउँपालिका | सोलुखुम्बु |
| ५५ | फेदाप गाउँपालिका | तेहथुम | ११३ | माप्य दुधकोशी गाउँपालिका | सोलुखुम्बु |
| ५६ | मेन्छयायेम गाउँपालिका | तेहथुम | ११४ | माहाकुलुङ गाउँपालिका | सोलुखुम्बु |
| ५७ | म्याङलुङ नगरपालिका | तेहथुम | ११५ | सोताङ गाउँपालिका | सोलुखुम्बु |
| ५८ | लालीगुराँस नगरपालिका | तेहथुम | ११६ | सोलुदुधकुण्ड नगरपालिका | सोलुखुम्बु |

अनुसूची ११

# आयोगका क्रियाकलाप झल्कने फोटोहरू



माननीय प्रदेश प्रमुख श्री पर्शुराम खापुङ्गज्यू समक्ष प्रदेश लोक सेवा आयोगको तेश्रो वार्षिक प्रतिवेदन (आ.व. २०७८/७९) पेश गर्नुहुँदै आयोगका मा. अध्यक्ष उत्तम कुमार भट्टराई (मिति २०७९/०५/२९) ।




माननीय प्रदेश प्रमुख श्री पर्शुराम खापुङ्गज्यू प्रदेश लोक सेवा आयोगको तेश्रो वार्षिक प्रतिवेदन (आ.व.२०७८/७९)ग्रहण पश्चात कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै (मिति २०७९/०५/२९) ।



आयोगको तेश्रो वार्षिकोत्सवको अवसरमा आयोगको स्मारीका विमोचन गर्नुहुँदैं माननीय प्रदेश प्रमुख परशुराम खापुङ्गज्यू र माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्कीज्यू साथमा आयोगका माननीय अध्यक्ष उत्तम कुमार भट्टराई (मिति २०७९-१०-०९) ।




आयोगको तेश्रो वार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथि माननीय प्रदेश प्रमुख परशुराम खापुङ्गज्यू, सम्बोधन गर्नुहुँदै (मिति २०७९-१०-०९) ।




आयोगको तेश्रो वार्षिकोत्सव कार्यक्रममा आयोगका माननीय अध्यक्षउत्तम कुमार भट्टराईज्यूसम्बोधन गर्नुहुँदै (मिति २०७९-१०-०९) ।




आयोगको तेश्रो वार्षिकोत्सव कार्यक्रममामाननीय मुख्यमन्त्री हिक्मतकुमार कार्कीज्यू सम्बोधन गर्नुहुँदै (मिति २०७९-१०-०९) ।




आयोगको तेश्रो वार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथि माननीय प्रदेश प्रमुख परशुराम खापुङ्गज्यू, विशिष्ट अतिथि माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्कीज्यू, माननीय मन्त्रीज्यूहरू, माननीय उप-सभामुखज्यू, आयोगका माननीय अध्यक्ष र सदस्यज्यूहरू, प्रदेश सचिवज्यूहरू र आयोगका कर्मचारीहरू (मिति २०७९-१०-०९) ।




धनगढीमा भएको लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनमा सम्बोधन गर्नुहुँदै आयोगका माननीय अध्यक्षउत्तम कुमार भट्टराई (मिति २०७९-११-१९) ।



धनगढीमा भएको लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनमा सहभागिता जनाउँदै आयोगका माननीय अध्यक्ष र माननीय सदस्य (मिति २०७९-११-२०) ।




धनगढीमा भएको लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनमा सहभागिता जनाउँदै आयोगका माननीय अध्यक्ष, माननीय सदस्य र कर्मचारी (मिति २०७९-११-२०) ।




प्रदेश लोक सेवा आयोगको रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठीमा आयोगका माननीय अध्यक्ष उत्तम कुमार भट्टराईज्यू सम्बोधन गर्नुहुँदै (मिति २०७९-१२-१९)



प्रदेश लोक सेवा आयोगको रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठीमा सक्रिय सहभागि हुँदै आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरू, सचिवज्यू लगायत आयोगका कर्मचारीहरू (मिति २०७९-१२-१९) ।